

नेपाल उद्योग वाणिज्य महासंघ
स्थापित वि.सं. २०२२
नेपाल उद्योग वाणिज्य महासंघ - कोशी प्रदेश

# प्रदेशको आर्थिक अवस्था, लगानीका सम्भावना र चुनौती


नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश निर्माणाधीन भवन
FEDERATION OF NEPALESE CHAMBERS OF COMMERCE & INDUSTRY
FNCCI Koshi Province



# अध्यक्षको भनाई

प्राकृतिक सम्पदा, उत्पादन, आय र रोजगारीका असीमित सम्भावना र रणनीतिक अवस्थितिका कारण कोशी प्रदेश नेपालको अर्थतन्त्रको मेरुदण्ड रुपमा रहँदै आएको छ। सगरमाथाको काखदेखि तराईको उर्वर भूमिसम्म फैलिएको यो प्रदेशले कृषि, जलविद्युत्, पर्यटन, र औद्योगिक विकासका क्षेत्रमा लगानीका स्वर्णीम अवसर प्रदान गर्छ। नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले तयार पारेको "कोशी प्रदेशको आर्थिक अवस्था, लगानीका सम्भावना र लगानीका क्षेत्र तथा उपक्षेत्रका अवसर र चुनौती : सुधारका सुझावहरू" विषयक अध्ययन प्रतिवेदनले कोशीको आर्थिक सम्भावना, चुनौती, र समाधानका उपायहरूलाई गहन रूपमा प्रस्तुत गरेको छ। कोशी प्रदेश सरकारले आयोजना गर्दै गरेको लगानी सम्मेलन कोशीको आर्थिक पुनरोत्थान र यस प्रदेशलाई विश्व बजारसँग जोड्ने ऐतिहासिक अवसर सावित हुने विश्वास छ।

कोशी प्रदेशको आर्थिक अवस्था सुदृढ र सम्भावनायुक्त छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान अनुसार आर्थिक बर्ष २०८०।८१ मा कोशी प्रदेशले नेपालको कुल गार्हस्थ्य उत्पादनमा १५.८४% योगदान पुर्याएको छ। सो आर्थिक बर्षमा प्रदेशको अर्थतन्त्र मौद्रिक मुल्यमा रु. ९ खर्ब ३ अर्ब बराबर रहेको अनुमान छ। आर्थिक वृद्धिदर ३.५१% पुगेर अघिल्लो वर्षको २.१३% बाट सुधार भएको छ। प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको ३३.२%, उद्योगको १५.९%, र सेवाको ५०.९% योगदानले कोशीको विविधतापूर्ण अर्थतन्त्रलाई झल्काउँछ। नेपालको समग्र अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान करिव दुई तिहाई पुग्न लागेको सन्दर्भमा कोशी प्रदेशको अर्थतन्त्रमा भने करिव आधा हिस्सा उत्पादन मुलक क्षेत्रको योगदान रहनुलाई प्रदेशको अर्थतन्त्रको विशिष्ठताका रुपमा लिन सकिन्छ। कोशीले नेपालको ९२% चिया, र ७२% अलैंची उत्पादन गर्छ।

कोशी प्रदेशमा लगानीका पर्याप्त सम्भावनाहरू छन्। कृषिमा चिया, कफी, जुट, अलैंची, सुपाडी, अम्लेसो, धान, मकै, तरकारी, एभोकाडो, र किवीको व्यावसायीकरणले रोजगारी बढाउन र स्थानीय अर्थतन्त्र सुधार गर्न सक्छ। आधुनिक प्रविधि, सामूहिक खेती, सिँचाइ, र कोल्ड स्टोरेजको थप विकास र विस्तारले उत्पादकत्व बढाउन सकिन्छ। पर्यटनमा साहसिक, धार्मिक, र प्राकृतिक र कृषि पर्यटनका गन्तव्यहरूले आर्थिक गतिविधि विस्तार गर्न सक्छन्। बिराटनगर र धरानका आंखा,अस्पताल, मेडिकल कलेज, र विश्वविद्यालयहरूले भारतीय र विदेशी ग्राहकबाट विदेशी मुद्रा आर्जन गरिरहेका छन्। यसले शिक्षा र स्वास्थ्यलाई लगानीको क्षेत्रका रुपमा प्रमाणीत गरेको मात्र नभई पर्यटनको नयाँ क्षेत्र समेत उजागर गरेको छ। कोशीका जंगलमा पाइने जडीबुटीबाट आयुर्वेदिक औषधि उत्पादन र निर्यातमा ठूलो सम्भावना छ। धरान र विराटनगरमा क्ष्त पार्क र स्टार्टअप इकोसिस्टमले चौथो पुस्ताको औद्योगिकीकरण लाई गति दिन सक्छ। यी क्षेत्रहरूले कोशी प्रदेशलाई प्रतिष्पर्धात्मक लाभ दिनसक्ने देखिन्छ।

उल्लिखित सम्भावनाका बावजुद कोशी प्रदेशमा लगानी चुनौती रहित भने छैन। औसत उर्जाको उपलब्धता र गुणस्तर, यातायात र ढुवानीका कमजोर पूर्वाधार, भारतको विहारमा उत्पादन हुने कृषि र गैर कृषि उत्पादनको न्यून लागतका कारण भारतीय बस्तुको उच्च प्रतिस्पर्धी क्षमता, प्रविधी, पुर्वाधार र दक्ष जनशक्तिको अपर्याप्तताका कारण स्थानीय उत्पादनको कमजोर प्रतिस्पर्धी क्षमता जस्ता विषय मुलतः कृषि र उद्योग क्षेत्रको प्रमूख चुनौतीका रुपमा रहेका छन्। उद्योगीहरूले व्यवसाय दर्ता, राजस्व भुक्तानी, र कच्चा पदार्थ आयातमा प्रशासनिक ढिलाइको अनुभव गरेका छन्। युवा पलायनले खोटाङ, भोजपुर, र तेह्रथुममा ऋणात्मक जनसङ्ख्या वृद्धिदर देखिएको छ, जसले दक्ष र अदक्ष कामदारको अभाव निम्त्याएको छ। खुला सिमाका कारण भएको अनौपचारिक आयातले स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक थप क्षमता घटाएको छ। अवैध पैठारीका कारण स्वदेशी उद्योगको उत्पादन लागत महंगो हुन गई उत्पादन पनि बढ्न सकेको छैन। औद्योगिक जमिनको उच्च मूल्य र उपलब्धताको कमीले ठूला परियोजनाहरू सञ्चालनका लागि अतिरिक्त लगानी गर्नुपर्ने अवस्था छ। हामीले विगत कैयौं

Bargachhi, Biratnagar-2, Nepal
Tel.: 00977-21-574018
Fax: 00977-21-574018
E-mail : fnccikoshiprovince@gmail.com

बरगाछी, विराटनगर-२, नेपाल
टेलिफोन : ००९७७-२१-५७४०१८
फ्याक्स : ००९७७-२१-५७४०१८
ई-मेल : fnccikoshiprovince@gmail.com

STOP CHILD LABOUR

वर्षदेखि  माग गर्दै आएको विशेष आर्थिक  क्षेत्र र प्रदर्शनी स्थलका सम्वन्धमा सुनवाई हुन सकेको छैन । पर्यटन क्षेत्रमा प्रतिस्पर्धी, गुणस्तरीय, पारदर्शी र विश्वसनीय हुन नसक्दा पर्यटन क्षेत्रको विकास सुस्त छ । प्रदेशको अर्थतन्त्रका विभिन्न पक्षमा भएका अध्ययनले कोशी प्रदेशमा कृषि, उत्पादनमुलक उद्योगहरु, जलविद्युत्, पर्यटन, स्वास्थ्य, शिक्षा र सूचना प्रविधी जस्ता क्षेत्रलाई तुलनात्मक लाभका क्षेत्रका रुपमा प्रस्तुत गरेका छन् । अध्ययनहरुले नीतिगत सुधारका लागि व्यवसाय दर्ता र नवीकरणलाई डिजिटल बनाउने, विदेशी लगानीमा नाफा फिर्ता प्रक्रिया सरलीकृत गर्ने, औधोगिक कच्चा पदार्थ आयातलाई प्रोत्साहन गर्ने र एकद्वार प्रणाली लागू गर्ने जस्ता सुझाव दिएका छन् । पूर्वाधार विकासमा बिराटनगर-धनकुटा आर्थिक करिडोर, कृषि सडक, कोल्ड स्टोरेज, र व्यापारिक रसद केन्द्र निर्माण, प्राविधिक नवप्रवर्तन, युवा रोजगारीका लागि सीप विकास, र निर्यात प्रोत्साहनका लागि चिया, जुट, र जडीबुटीको ब्रान्डिङ र बजारीकरणलाई प्राथमिकता दिन सकिने देखिएको छ ।

कोशीको आर्थिक समृद्धिका लागि सङ्घीय, प्रादेशिक, र स्थानीय सरकारको समन्वयात्मक भूमिका अपरिहार्य छ। सङ्घीय सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको प्रभावकारी कार्यान्वयन, एकद्वार सेवालाई डिजिटल बनाउने, र अनौपचारिक आयात नियन्त्रण गर्न कडा नीति लागू गर्नुपर्छ । जलविद्युत् र नवीकरणीय ऊर्जा परियोजनामा लगानी बढाउनुपर्छ । प्रदेश सरकारले विराटनगर धनकुटालाई आर्थिक करिडोर र किमाथाङ्का-बिराटनगर व्यापारिक मार्ग निर्माण, कृषि प्रशोधन उद्योगलाई अनुदान र कर छुट, र युवा पलायन रोक्न सीप विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ । स्थानीय सरकारले व्यवसाय दर्ता र नवीकरण प्रक्रियालाई अनलाइन बनाउने, साना व्यवसायीलाई अनुसन्धान र बजारीकरणमा सहयोग गर्ने, र बिराटनगर-धरानमा थप गुणस्तरीय स्वास्थ्य-शिक्षाका पूर्वाधार विकास गर्नुपर्छ।

सार्वजनिक-निजी साझेदारीको विधीबाट कोशीको विकासलाई गति प्रदान गर्न सकिन्छ । मोरंग सुनसरी करिडोरमा आर्थिक क्षेत्र, किमाथाङ्का-बिराटनगर व्यापारिक मार्ग, र ठुला कार्गो ह्यान्डलिङ केन्द्र निर्माणमा सार्वजनिक निजी साझेदारी प्रभावकारी हुन सक्छ । जलविद्युत् परियोजनामा निजी लगानी र सरकारी समर्थनले उत्पादन बढाउन सकिन्छ । धरानमा आइटी पार्क र बिराटनगरमा औद्योगिक ज्ञान केन्द्रले स्टार्टअप र नवप्रवर्तनलाई प्रोत्साहन गर्न सक्छ । चिया, जुट, र अलैंची प्रशोधनमा सहकारीमा आधारित  मूल्य शृङ्खला बलियो बनाउन र प्रतिस्पर्धी क्षमता बढाउन सकिन्छ । मुन्धुम ट्रेल, कंचनजंघा पदयात्रा  र पाथिभरामा पर्यटकीय पूर्वाधार र बिराटनगरमा क्षेत्रीय मेडिकल र शिक्षाको हब स्थापनाले रोजगारी र राजस्व बढाउनेछ । यी परियोजनाले वि.स. २०८५ सम्म करिव २०,००० थप रोजगारी र १५ अर्ब रुपैयाँ राजस्व सिर्जना गर्ने अपेक्षा गर्न सकिन्छ ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश लगानी प्रवर्द्धन, नीतिगत सुधार, र व्यवसायमैत्री वातावरण निर्माणमा अग्रणी भूमिका निर्वाह गर्न प्रतिबद्ध छ । यस अध्ययन प्रतिवेदनले लगानीकर्ता, सरकार, र निजी क्षेत्रबीच संवादको सेतु निर्माण गरेको छ भन्ने बिश्वास लिएको छु । प्रशासनिक झञ्झट र ढिलाइ, बजार पहुँच, र जमिन उपलब्धताको समस्या समाधानका लागि स्थायी संवाद मञ्च स्थापना, साना उद्यमीलाई बजारीकरण सहयोग, र युवाहरुको सीप विकास हाम्रा प्रमुख प्राथमिकता हुन् । यहाँहरूले यस प्रदेशमा गर्ने लगानीले कोशीको आर्थिक पुनरोत्थान मात्र नभई समग्र नेपालको समृद्धिको आधार तयार गर्नेछ । नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश यहाँहरूसँग सहकार्य गर्न, नीतिगत सुधारलाई गति दिन, र लगानीमैत्री वातावरण निर्माण गर्न संस्थागत पहलका लागि प्रतिबद्ध छ । प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रबाट लगानी प्रवर्द्धनका नीतिगत र संस्थागत सुधार गर्नुका साथै लगानीकर्ताको पक्षमा संघीय सरकारसँग सम्बाद र समन्वय बढाउने आशा एवं विश्वास छ । यससगैं नेपाल कृषि बजार विकास कार्यक्रम (सहज परियोजना) लाई सहयोगका लागि धन्यवाद छ । आउनुहोस्, प्रदेशको समृद्धि यात्रामा सँगै हातेमालो गरौं।

धन्यवाद ।

**राजेन्द्र राउत**
**अध्यक्ष**
**नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश**
**विराटनगर ।**

**१२ वैशाख, २०८२**





# बिषय सुची




१. पृष्ठभूमि

१.१ कोशी प्रदेशको अर्थ-सामाजिक अवस्थाको चित्रण
१.२ अन्तर प्रदेश तुलना
१.३ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा

२. कोशी प्रदेशको अर्थतन्त्रमा उपलब्ध तुलनात्मक लाभका क्षेत्र

२.१ कोशी प्रदेशका उत्पादनमूलक उद्योगहरुको तुलनात्मक लाभ विश्लेषण :
२.२ लगानीको वातावरण र चुनौतीहरु

३. कोशी प्रदेशमा लगानीका लागि हाल महत्वपूर्ण क्षेत्रहरु

३.१ कृषि प्रशोधन: मूल्य अभिवृद्धि र निर्यातको सम्भावना
३.२ पर्यटन: प्राकृतिक, सांस्कृतिक, र साहसिक सम्भावनाको उपयोग
३.३ उत्पादन क्षेत्र: औद्योगिक विस्तार र नवप्रवर्तन
३.४ स्वास्थ्य र शिक्षा सेवा निर्यात
३.५ जडीबुटी प्रशोधन र आयुर्वेदिक औषधि उत्पादन
३.६ कोशी प्रदेशमा उच्च सम्भावित लगानी परियोजनाहरु र क्षेत्रहरु

३.६.१ कृषि-लजिस्टिक्स र यातायात: मूल्य शृंखला सुदृढीकरण
३.६.२. चिस्यान भण्डारण आयोजनाहरु:
३.६.३. सुनसरी-मोरङ औद्योगिक करिडोर: औद्योगिक विस्तार र नवप्रवर्तन
३.६.४. पर्यटन पूर्वाधार र व्यावसायिक लगानी अवसरहरु
३.६.५. उत्पादन र प्रशोधन क्षेत्रहरु: औद्योगिक सम्भावना

४. लगानी आकर्षणमा कोशी प्रदेशमा देखिएका चुनौती र समस्याहरु

४.१.१ संरचनागत आर्थिक असन्तुलन र औद्योगिक क्षेत्रको कमजोर योगदान
४.१.२. बजार माग र आपूर्ति श्रृंखला अवरोध
४.१.३. पूर्वाधार र भण्डारण सुविधाको अभाव
४.१.४ जनशक्ति अभाव र युवा पलायन
४.१.५. पर्यटन क्षेत्रमा संरचनागत र गुणस्तर सम्बन्धी चुनौती
४.१.६ औद्योगिक लगानीमा नीतिगत र प्रशासनिक अवरोध
४.१.७. बजार पहुँच र बजारीकरणको अभाव
४.१.८. परम्परागत उद्योगको संकट र अनुसन्धानको अभाव
४.१.९. प्राकृतिक विपत्ति र जलवायु परिवर्तनको जोखिम
४.१.१०. नीतिगत र तथ्यांक सम्बन्धी समस्याहरु
४.१.११. खुला सीमाना र अवैध व्यापारको प्रभाव

४.२ नीतिगत समस्याहरु

४.२.१. प्रदेशको सीमित स्वायत्तता र शासन प्रभावकारितामा कमी
४.२.२. सीमित कर स्वायत्तता र राजस्वमा सङ्घीय निर्भरता
४.२.३ कर दोहोरोपन र नीतिगत असंगति
४.२.४. भूमिको प्राप्ति र प्रशासनिक ढिलाइ
४.२.५. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA) को कार्यान्वयनमा अवरोध
४.२.६. नीतिगत प्रोत्साहनको अपर्याप्त कार्यान्वयन

५. कोशी प्रदेशको आर्थिक वातावरण सुधारका लागि लिन सकिने कदमहरु

५.१ सङ्घीय सरकारले गर्नुपर्ने सुधारहरु
५.२ प्रदेश सरकारले गर्नुपर्ने सुधारहरु
५.३ स्थानीय सरकारले गर्नुपर्ने सुधारहरु
५.४ तीनै तहका सरकारबीच समन्वय र संवाद मञ्च स्थापना
५.५. कोशी प्रदेशको आर्थिक आधार बलियो बनाउने रणनीतिहरु
५.६. कोशी प्रदेशको आर्थिक वातावरण सुधारका लागि लक्षहरु

६. कोशी प्रदेशमा लगानी सम्मेलनका लागि नीतिगत सुधारहरु

६.१. व्यवसाय दर्ता र नियमन प्रक्रियाको सरलीकरण
६.२. विदेशी सटही र लगानी नियमहरुको सुधार
६.३. जग्गा प्राप्ति र वन क्षेत्र उपयोगको लचिलोपन
६.४. औद्योगिक व्यवसाय ऐनको संशोधन र प्रादेशिक अधिकार
६.५. व्यापारिक मार्ग र लजिस्टिक्स विकास
६.६. सूचना प्रविधि र चौथो पुस्ताको औद्योगिकीकरण
६.७. युवा जनशक्ति र शिक्षा-स्वास्थ्य सुविधा
६.८. प्रतिस्पर्धी र पारदर्शी वातावरण

७. लगानी प्रवर्धनमा गुजरातको आर्थिक सफलता र कोशी प्रदेशका लागि सिकाइ: एक अध्ययन

# १ पृष्ठभूमि

नेपालको पूर्वी क्षेत्रमा अवस्थित कोशी प्रदेश देशको प्रमुख आर्थिक केन्द्रको रूपमा विकास हुदैं आएको छ । नेपालमा पहिलो उद्योग स्थापना गरि देशमा औद्योगिकरणको यात्रा प्रारम्भ गर्ने कोशी प्रदेशमा उद्योग, पर्यटन, ऊर्जा तथा कृषि क्षेत्रको विकासको उच्च संभावना रहेको छ । आर्थिक विकासको आधार तयार गर्ने उच्च संभावनायुक्त प्रदेशमा स्वदेशी तथा विदेशी लगानी परिचालन गरी देशको उत्कृष्ट लगानी गन्तव्यको रूपमा स्थापित गर्ने प्रयास सरकारी तथा निजी दुवै क्षेत्रवाट हुदैं आएको छ ।

छिमेकी भारतको प्रमुख आर्थिक केन्द्र पशचिम वङ्गाल र विहार एवम् चीनको तिव्वतसंग सीमा जोडिएको कोशी प्रदेशको काँकडभि ा नाका स्थलमार्ग मार्फत  मित्रराष्ट् वङ्गलादेश र भुटान प्रवेश गर्ने नजिकको नाका भएको कारण प्रदेश क्षेत्रीय व्यापार र आर्थिक सहकार्यको दृष्टिले उत्कृष्ट प्रदेशको रूपमा स्थापित हुने संभावना रहेको छ । देशको कुल भुभागको करिव १७.६० प्रतिशत अर्थात २५,९०५ वर्ग किलोमिटर क्षेत्र र ४९,६१,४१२ जनसंख्या रहेको प्रदेशमा  विश्वको सर्वोच्च शिखर सगरमाथा सहितका अन्य उच्च हिमशिखर, कोशी लगायतका उच्च जलप्रवाह हुने नदी, धार्मिक पर्यटनका लागि उत्कृष्ट गन्तव्यको रूपमा पाथिभरा, वराह क्षेत्र, हलेसी महादेव लगायत शितोष्ण देखि उष्ण हावापानीयुक्त भुगोल र विश्वकै उत्कृष्ट चियाखेती हुने क्षेत्र समेटिएको प्रदेश आर्थिक विकासको वहुपक्षीय संभावना रहेको प्रदेशको रूपमा रहेको छ ।

राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको योगदान उल्लेखनीय रहेको देखिन्छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको अनुमान अनुसार, आर्थिक वर्ष २०८०/८१ को कुल ग्राहस्थ उत्पादनमा कोशी प्रदेशको योगदान  करिव १५.८४ प्रतिशत अर्थात रु ९ खर्व ३ अर्व वरावर रहेको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा प्राप्त भएको २.१३ प्रतिशतको आर्थिक वृद्धिको तुलनामा ३.५१ प्रतिशत  रहेको देखिन्छ । कोशी प्रदेशको अर्थतन्त्रको ठूलो आधार कृषि हो । प्रदेशमा रहेको उर्वर कृषि भूमि, कोशी, अरूण, तमोर, दूधकोशी, मेची, कनकाई, र त्रियुगा जस्ता नदीबाट प्राप्त जलस्रोत र मौसमी अनुकूलताले धान, मकै र गहुँ जस्ता अन्न बालीका साथै चिया, जुट, र अलैंची लगायतका नगदे बालीको उत्पादनमा योगदानको उच्च संभावना रहेको छ । इलामको चियाले विश्व बजारमा ख्याती पाएको, झापा, सुनसरी र मोरङका समथर भूभागले नेपालको खाद्यान्न उत्पादनमा ठूलो योगदान रहेको छ । सन् २०२४ मा कोशी प्रदेशले मात्र देशमा उत्पादन भएको चियाको ९२ प्रतिशत र अलैंची ८७ प्रतिशत उत्पादन गरेको छ । कृषि उपजको मूल्य अभिवृद्धिमा सहयोग  पुर्याउन प्रदेशमा कृषिमा आधारित उद्योगको स्थापना हुने क्रमले तीव्रता पाएको छ । कृषि उत्पादन तथा कृषिमा आधारित उद्यमको विस्तारका कारण कोशी प्रदेशले नेपालको कृषि प्रणालीमा उल्लेख्य योगदान पुर्याएको छ।

कोशी प्रदेशमा पर्यटन क्षेत्रको विकासको उच्च  संभावना रहेको छ । प्रदेशभित्रको सांस्कृतिक विविधता र अद्बितीय प्राकृतिक सौन्दर्यले पर्यटन क्षेत्रको विकासको आधारलाइ बलियो बनाएको छ । विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत आठ हजार मिटरभन्दा माथीका कञ्चनजङ्घा, मकालु, चोयु, र ल्होत्से जस्ता हिमाल एवम कोशी र यसका सहायक नदिले पर्वतारोहण,  पदयात्रा र जलयात्रा लगायतका साहसिक पर्यटनको  ढोका विस्तार गरेका छन् । सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्यजन्तु आरक्ष, र कञ्चनजङ्घा संरक्षण क्षेत्र जस्ता प्राकृतिक सम्पदाले पर्यावरणीय पर्यटनमा पनि कोशी अग्रणी रहेको छ । इलामको कन्याम र अन्तुडाँडा, धनकुटाको भेडेटार, सुनसरीको तालतलैया, र नेपालकै अग्लो ह्यात्रुङ झरना (३६५ मिटर) जस्ता गन्तव्यहरु आन्तरिक र वाह्य पर्यटकको रोजाइको गन्तव्य हुदैं छन् ।  ताप्लेजुङको पाथिभरा मन्दिर (सन् २०२४ मा २ लाख भक्तजन), खोटाङको हलेसी महादेव, झापाको अर्जुनधारा, र सुनसरीको बराह क्षेत्र जस्ता तीर्थस्थलहरुले ठूलो संख्यामा स्वदेशी र विदेशीलाइ आकर्षित गर्न सक्षम भएका छन् । मठ, मन्दिर, गुम्बा, र मस्जिदले भरिएको कोशीको सांस्कृतिक विविधता र प्राकृतिक मनोहरताका कारण प्रदेशमा पर्यटन उद्योग लगानीको उच्च संभाव्य क्षेत्रको रूपमा स्थापित भएको छ ।

कोशीको विकासका लागि जलविद्युत् क्षेत्रले उच्च योगदान गर्ने संभावना वोकेको छ । आर्थिक वर्ष २०८०।८१ को असार मसान्तसम्म कोशी प्रदेशमा जलविद्युत तथा सौर्य ऊर्जा प्लान्टवाट गरी ६ सय ५३.५५ मेगावाट विद्युत उत्पादन भएको छ । निर्माणाधीन ठूला जलविद्युत आयोजना मध्ये ९ सय मेगावाट क्षमताको अरूण तेस्रो र ४ सय मेगावाट क्षमताको माथिल्लो अरूण जलविद्युत आयोजनाले प्रदेशको जलविद्युत उत्पादन क्षमता अभिवृद्धिमा सहयोग पुर्याउने देखिन्छ । कोशी नदि वेसिन अन्तर्गत प्रदेशभित्रका अरूण, तमोर, र दूधकोशी जस्ता नदीवाट थप ५ हजार मेगावाट जलविद्युत उत्पादनको सम्भावना रहेको छ । प्रदेशमा उत्पादित ऊर्जाले प्रदेशभित्रको आवश्यकता पुरा गर्नुका अतिरिक्त ऊर्जा निर्यातलाई पनि सहयोग पुर्याउने निश्चित छ । कटैया- कुशहवा र इनरूवा- पूर्णिया अन्तरदेशीय प्रशारण लाइनको निर्माणले नेपालको विद्युत व्यापारलाइ थप सहज वनाएको छ । कोशी प्रदेश औद्योगिक उत्पादनका दृष्टिले अग्रणी प्रदेशको रूपमा रहेको छ । प्रदेशमा ठूला २५२, मझौला ३९४ र साना ८१ हजार ८ सय ५१ गरी कुल ८२ हजार ४ सय ९७ उद्योग स्थापना भएका छन्  । प्रदेशमा स्थापना भएका उद्योगमा आर्थिक वर्ष २०८०।८१ को चैत्र मसान्तसम्म ९० अर्व ६७ करोड रूपैयाँ लगानी भएको छ भने ती उद्योगमा १ लाख २० हजार ३३० रोजगारी सृजना भएको छ । कोशी प्रदेशवाट आर्थिक वर्ष २०७९।८० मा ८ अर्व २४ करोड रूपैंया वरावरको अलैंची, ४ अर्व ७७ करोड रूपैंया वरावरको जुट र जुटका सामाग्री तथा ३ अर्व ५८ करोड रूपैंया वरावरको चिया विभिन्न देशमा निर्यात भएको छ । विराटनगर तथा झापामा  विशेष आर्थिक क्षेत्र स्थापनाको प्रारम्भिक कार्य गरिएको छ । कोशी प्रदेशले राष्ट्रिय औद्योगिक उत्पादनमा २१% औद्योगिक उत्पादन गरेको छ ।

कोशी प्रदेशमा उपलव्ध अवसर एवम् लगानीको अवस्थाको विश्लेषणका आधारमा सन् २०२४ मा सकारात्मक रहेको छ । लगानी बोर्ड, नेपालको तथ्याङ्क अनुसार कुल राष्ट्रिय लगानीको १२ प्रतिशत अर्थात १५ अर्ब रूपैयाँ वरावरको औद्योगिक लगानी कोशी प्रदेशमा भित्रिएको छ। कोशी प्रदेशको उच्च लगानीको संभावनालाइ मध्येजनर राखी निजी क्षेत्र समेतको सहकार्यमा कोशी प्रदेश सरकारले यहि वैशाख १८ र १९ गते लगानी सम्मेलन आयोजना गर्ने तयारी गरेको छ । सम्मेलनको दौरानमा न्यूनतम १ खर्ब रूपैयाँको लगानी प्रदेशमा भित्र्याउने लक्ष्य छ । सम्मेलनमा कृषि, पर्यटन, ऊर्जा, र उद्योग क्षेत्रमा लगानी गर्न लगानीकर्तालाई प्राथमिकता दिएको छ ।

कोशी प्रदेशमा लगानीको उच्च संभावना रहेको भएतापनि दिगो लगानी प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार र वातावरणमा थुप्रै चुनौती कायम रहेका छन् । भौगोलिक र रणनीतिक सवलताका अतिरिक्त उच्च उत्पादन संभावना भएको प्रदेशमा ऊर्जाको आपूर्ति अझै पनि अनियमितता छ । सडक पूर्वाधार कमजोर रहनुका साथै संघीय शासकीय इकाइका विचमा दोहोरो कर सम्वन्धी व्यवस्था, कमजोर सूचना प्रविधि पूर्वाधार र नीतिगत अस्थिरताले अपेक्षित लगानी विस्तार हुन सकेको छैन् । कोशीमा उपलव्ध प्रचुर स्रोत र साधन, रणनीतिक र भौगोलिक अनुकूलता, उदाउँदो आन्तरिक बजार र उच्च निकासी संभाव्यताका कारण आगामी लगानी सम्मेलनले कोशी प्रदेशलाइ नेपालको प्रमुख आर्थिक केन्द्रको रूपमा स्थापित गर्ने आधार तयार गर्ने निश्चित छ ।



## १.१ कोशी प्रदेशको अर्थ-सामाजिक अवस्थाको चित्रण

पचासको दशकमा नेपालको औद्योगिक विकासको नमूना रहेको सुनसरी-मोरङ्ग औद्योगिक करिडोरमा सञ्चालित करिब चार दर्जन उद्योगको अस्तित्व सङ्कटमा परेसंगै औद्योगिक उत्पादनको वृद्धिमा सुस्तता आएको छ । उद्योगको पलायनको कारण औद्योगिक विकासको इतिहाँस वोकेको कोशी प्रदेशको आर्थिक वातावरण कठिन हुदैं गएको छ । उद्योगको स्थापना र सञ्चालनमा कायम रहेको असहजताले औद्योगिक विकासको गति कमजोर रहेको तथ्य तथ्याङ्कले देखाए पनि विगतमा स्थापना भएका उद्योग-व्यवसायले हाँसिल गरेको उपलव्धी र कोशी प्रदेशमा कायम रहेको औद्योगिक संस्कृतिका कारण कोशी प्रदेशको योगदान अझै पनि मुलुकको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनशील उद्योगको हिस्साको दृष्टिले दोस्रो स्थानमा रहेको छ । सन् २०२४ को तथ्याङ्कअनुसार, उत्पादनशील उद्योगले देशको कुल ग्राहस्थ उत्पादनमा गरेको योगदानको २१.७ प्रतिशत हिस्सा कोशी प्रदेशको रहेको छ । नेपालमा पहिलो पटक सञ्चालन गरिएको राष्ट्रिय आर्थिक गणनाले कोशी प्रदेशभित्र १ लाख ६८ हजार ५१८ व्यावसायिक इकाई सञ्चालनमा रहेको र ती इकाइमा ५ लाख ४४ हजार ७९ रोजगारी उपलव्ध रहेको छ ।

सामाजिक विकासको दृष्टिकोणबाट राष्ट्रिय योजना आयोगको पछिल्लो प्रतिवेदन अनुसार कोशी प्रदेशको मानव विकास सूचकाङ्क (ज्मक्ष) ०.५८ रहेको छ । प्रदेशको मानव विकास सूचाङ्क समग्र राष्ट्रिय औसतको हाराहारीमा नै रहेको छ । तर, प्रादेशिक दृष्ठिकोणवाट तुलना गर्दा बागमती प्रदेशको (०.६६) र गण्डकी प्रदेशको (०.६१) तुलनामा कोशीको सवलता कमजोर रहेको छ । जनसाख्यिक असमानताको आधारमा विश्लेषण गर्दा कोशी प्रदेश बागमती र गण्डकी मात्र होइन, लुम्बिनी प्रदेशभन्दा पनि पछाडि रहेको छ । यो प्रदेशमा रहेका कुल परिवार संख्याको १९.७ प्रतिशत परिवार बहु आयामिक गरिबीको चपेटामा छन् । यो स्थिति बागमती प्रदेशमा (१४.७%) र गण्डकी प्रदेशमा (१६.२%) को तुलनमा उच्च रहेको देखिन्छ । प्रदेशमा कायम रहेको गरिबीले शिक्षा, स्वास्थ्य, र जीवनस्तरमा असमानता कायम रहेको तथ्यलाइ पुष्ठी गर्दछ । कोशी प्रदेशको जनसंख्याको वृद्धिदर तीव्रदरमा घट्दै गएको तथ्यलाइ जनसाख्या वृद्धिदर ऋणात्मक रहेका ३२ जिल्लामध्ये एक चौथाइ जिल्ला (खोटाङ, भोजपुर, तेह्रथुम, पाँचथर, धनकुटा, ताप्लेजुङ, इलाम र सोलुखुम्बु) कोशी प्रदेशमा नै रहेको । ऋणात्मक जनसाख्या वृद्धिदरका शीर्ष पाँच जिल्लामध्ये तीन (खोटाङ,

भोजपुर, तेह्रथुम) यही प्रदेशमा रहनुले पनि उक्त तथ्यलाइ पुष्टी गर्दछ । अन्य प्रदेशमा झैं कोशी प्रदेशमा पनि युवा जनशक्तिको पलायनको दर वढ्दै गएको कारण भविष्यमा उच्च आर्थिक गतिविधि विस्तारका लागि आवश्यक युवा जनशक्ति अभाव हुने जोखिम वढ्दै गएको छ ।

आर्थिक तथा सामाजिक पक्षमा कायम रहेको उपर्युक्त असहजताले कोशी प्रदेशमा तत्कालका लागि लगानी विस्तारमा चुनौती देखिएको भएता पनि प्रदेशको भौगोलिक, सामाजिक, साँस्कृतिक सवलता र कृषि, उत्पादनशीद्य उद्योग, पर्यटन र ऊर्जा विकासको उच्च संभावना रहेको छ । हाल सञ्चालनमा रहेका स्वदेशी एवम् विदेशी लगानीका ठुला उद्यम र सोको प्रभाव प्रदेशको अर्थतन्त्रमा विस्तारित हुदैं छ । नेपाल र भारतका विचमा विस्तारित सडक सञ्जाल, विराटनगर-कुर्था रेलमार्गको निर्माण, चीनको सीमा जोडिएको परम्परागत व्यापारिक नाका किमाथाङ्का र ओलाङ्चुङ्गोला जोड्ने उत्तर दक्षिण राजमार्गको निर्माण, नेपाल र वङ्गलादेश तथा भुटानसम्मको सडक यातायातको पहुँचका कारण अन्तरदेशीय व्यापारको दृष्टिले कोशी प्रदेशमा लगानीको उच्च संभावना रहेको छ । अन्तरदेशीय विद्युत प्रशारण लाइन, झापा र विराटनगरमा निर्माणाधीन विशेष आर्थिक क्षेत्र एवम् थपिदै गएको औद्योगिक पूर्वाधारले लगानीको वातावरण निर्माण हुदैंछ । उच्च लगानी संभावना भएको प्रदेशमा निजी लगानी प्रोत्साहित गर्न लगानी प्रवर्द्धनमा कायम रहेका चुनौती समाधान गर्न उपयुक्त नीति, पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनका उपाय अवलम्वन गरी कोशी प्रदेशलाइ उच्च संभावनायुक्त आर्थिक विकासको केन्द्रको रूपमा पुनर्जागरण गर्न सकिने देखिन्छ।

## १.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८०/८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.३६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२८ प्रतिशत रहेको छ । कृषि क्षेत्रको उत्पादनमा कोशीको हिस्सा सबैभन्दा बढी २१.५६ प्रतिशत रहेको छ । उद्योगिक सिर्जनामा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.४१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.१९ प्रतिशत रहेको छ । सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४४.७५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१३ प्रतिशत रहेको छ ।
राष्ट्रिय तथ्याङ्क कार्यालयले सन् २०२४ मा गरेको अध्ययनको प्रारम्भिक अनुमान अनुसार, आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर ३.५१% रहेको छ, जुन अघिल्लो वर्ष २०७९/८० को २.१३% बाट उल्लेखनीय सुधार हो। यो वृद्धिदरले कोशीको आर्थिक गतिविधिमा सकारात्मक सङ्केत देखाएको छ । देशको कुल गार्हस्थ्य उत्पादन (GDP) रू. ५७ खर्ब ४ अर्बको १५.८४% योगदान कोशीको छ, जुन रू. ९ खर्ब ३ अर्ब बराबर हो। प्रादेशिक ल्मए मा कृषि, वन, र मत्स्यपालन क्षेत्रको ३२.८% योगदान सबैभन्दा ठुलो छ, जबकि प्रशासनिक सहयोगी सेवाको योगदान ०.३% मात्र छ । यद्यपि, पछिल्ला वर्षहरुमा खानीमा आधारित सिमेन्ट उद्योग र जलविद्युत् आयोजनाहरु अन्य क्षेत्रमा विस्तार भएसँगै कोशीको आर्थिक हिस्सा क्रमिक रुपमा घट्दै गएको छ । सन् २०२३ र २०२४ को ल्मए वृद्धिदर तुलना गर्दा कोशीको वृद्धिदर २.१३% बाट ३.५१% पुगेको छ, जुन बागमती (४.३५%), गण्डकी (३.९%), र लुम्बिनी (३.५५%) भन्दा कम छ, तर मधेश (१.९%) र कर्णाली (१.३१%) भन्दा माथि छ ।

## १.३ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत योगदान

| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| कृषि वन र मत्स्य पालन | २१.४ | २१.८ | २१.७ | २१.८ | २१.७ | २१.६ |
| खानी र उत्खनन | १३.७ | १२.६ | १२.६ | १२.६ | १२.६ | १२.६ |
| उत्पादन | २२ | २१.८ | २१.९ | २१.९ | २१.८ | २१.५ |
| बिजुली ग्यास स्टीम र | १८.७ | १९.६ | २०.५ | २० | २१.६ | २२.२ |
| पानी आपूर्ति, ढल निकास; | १६.९ | १६.९ | १६.९ | १६.९ | १६.९ | १६.९ |
| निर्माण | १८.४ | १८.३ | १८.३ | १८.३ | १८.५ | १८.५ |
| थोक र खुद्रा व्यापार मोटर सवारी साधन र मोटरसाइकलहरूको मर्मत | १०.५ | १०.४ | १०.४ | १०.४ | १०.४ | १०.३ |
| यातायात र भण्डारण | १२.७ | १२.७ | १२.७ | १२.७ | १२.७ | १२.७ |
| आवास र खाद्य सेवा | १४.८ | १४.८ | १४.८ | १४.८ | १४.८ | १४.८ |
| सूचना र सञ्चार | १६.७ | १६.७ | १६.७ | १६.७ | १६.७ | १६.७ |
| वित्तीय र बीमा गतिविधिहरू | ९ | ९.१ | ९.१ | ९.१ | ९.१ | ९.१ |
| घर जग्गा गतिविधिहरू | १२.६ | १२.६ | १२.६ | १२.६ | १२.६ | १२.६ |
| व्यावसायिक, वैज्ञानिक र | ९.४ | ९.४ | ९.४ | ९.४ | ९.४ | ९.४ |
| प्रशासनिक र समर्थन सेवा | ७.१ | ७.१ | ७.१ | ७.१ | ७.१ | ७.१ |
| सार्वजनिक प्रशासन र रक्षा अनिवार्य सामाजिक सुरक्षा | १५ | १५ | १५ | १५ | १५ | १५ |
| शिक्षा | १५.६ | १५.६ | १५.६ | १५.६ | १५.६ | १५.६ |
| मानव स्वास्थ्य र सामाजिक | १७.२ | १७.२ | १७.२ | १७.२ | १७.२ | १७.२ |
| कला, मनोरञ्जन र मनोरञ्जन, अन्य सेवा गतिविधिहरू, र | १७.२ | १७.२ | १७.२ | १७.२ | १७.२ | १७.२ |
| समग्र | १५.८ | १५.९ | १५.९ | १५.९ | १५.९ | १५.८ |

# २ कोशी प्रदेशको अर्थतन्त्रमा उपलब्ध तुलनात्मक लाभका क्षेत्र

कोशी प्रदेशमा रहेको प्राकृतिक सम्पदा र रणनीतिक अवस्थितिलाई उपयोग गरेर अर्थतन्त्रमा तुलनात्मक लाभ (Competitive Advantage) हासिल गर्न सक्ने उच्च सम्भावना प्रदेशले बोकेको छ । कोशी प्रदेशको भौगोलिक तथा प्राकृतिक क्षमता र विशेषताका आधारमा विशिष्ट उत्पादन, प्रभावकारी बजार माग, पूर्वाधार र प्रतिस्पर्धी रणनीति तथा कोशीको प्रचुर प्राकृतिक स्रोत (जल, जमिन) र सक्रिय र उद्यमशिल संस्कार र व्यवहारयुक्त श्रमशक्तिको उपलब्धतामा आधारित लाभको कारण जलविद्युत, कृषि, पर्यटन, औद्योगिक विकास, व्यापार र मानव पूँजीका क्षेत्रको पहिचान र विकासको उच्च संभावना रहेको छ ।

## क.

### जलविद्युतः प्राकृतिक सम्पदाको शक्ति र ऊर्जा अर्थतन्त्रको आधार

कोशी प्रदेशमा प्राकृतिक स्रोतमा आधारित जलविद्युत उत्पादनको संभावना उच्च रहनुका साथै प्रदेशको आर्थिक विकासका लागि तुलनात्मक लाभको सबैभन्दा ठुलो क्षेत्रको रूपमा रहेको पाइन्छ । प्रदेशभित्र भइ बग्ने आफ्नो विशाल नदी प्रणाली (कोशी, अरूण, तमोर, दूधकोशी) बाट ऊर्जा उत्पादन गर्न सकिने संभावना रहेको छ । नेपाल सरकार, जल तथा ऊर्जा आयोगले सन् २०२४ मा प्रकाशित गरेको प्रतिवेदन अनुसार कोशी नदी बेसिनमा नेपालको कुल जलविद्युत उत्पादनको करिब २६.५ प्रतिशत अर्थात २२ हजार ४ सय ५० मेगावाट जलविद्युत उत्पादनको सम्भावना रहेको छ । विदेशी लगानीमा निर्माणाधीन अरूण तेस्रो (९०० मेगावाट) निर्माणको अन्तिम चरणमा छ । निर्माणाधीन तमोर जलविद्युत परियोजना (१५६ मेगावाट) ले २०२५ को अन्त्यसम्म विद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ । प्रदेशभित्रका विभिन्न जिल्लामा साना जलविद्युत परियोजनाहरुका लागि ६५ स्थान पहिचान गरी निजी र सरकारी क्षेत्रबाट विद्युत उत्पादनको कार्य अगाडी बढाइएको छ ।

कोशी प्रदेशमा उपलब्ध प्रचुर जलस्रोत र विद्युत उत्पादनस्थलसम्म विस्तार भएको यातायात एवम् विद्युत प्रशारण लाइन सहितका पूर्वाधारका कारण प्रदेशभित्र उत्पादन हुने ऊर्जाको उत्पादन लागत तुलनात्मक रूपमा न्यून हुने देखिन्छ । कर्णाली प्रदेशमा कुल जलविद्युत उत्पादन क्षमता १८ हजार ४ सय मेगावाट रहेता पनि हालसम्म ५ सय ५० मेगावाट जलविद्युत मात्र उत्पादन भएको छ । तथापी, कर्णाली प्रदेशको भौगोलिक अवस्थिति एवम् पूर्वाधारको अभावको कारण विद्युत उत्पादन अपेक्षाकृत रूपमा अगाडी बढ्न सकेको देखिदैन् । कोशी प्रदेशमा बहने नदी उच्च पहाडी क्षेत्रबाट बहने हुदाँ उच्च उत्पादनशीलता रहनुका साथै उच्च नेपालको छिमेकी मुलुक भारतसँगको निकटता (विराटनगर-जोगबनी)का कारण प्रतिष्पर्धी मूल्यमा भारत र बङ्गलादेशमा ऊर्जा निर्यात हुने संभावना उच्च रहेको देखिन्छ । कोशी प्रदेशसंग सीमा जोडिएका र विद्युत व्यापारको पूर्वाधार विकास भएको भारतको बिहार र पश्चिम बङ्गाल राज्यमा अन्य प्रदेशको तुलनामा कोशी प्रदेशबाट विद्युत निर्यात प्रतिस्पर्धी बनाउन सकिन्छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (IEA) को सन् २०२४ को प्रक्षेपण अनुसार नेपालको जलविद्युत निर्यात सन् २०३० सम्म १५ प्रतिशतले बढ्ने र कोशी प्रदेशमा निर्माणाधीन विद्युत आयोजना सम्पन्न भए पश्चात उक्त मागको ४० प्रतिशत विद्युत आपूर्तिको योगदान हुने अपेक्षा गरिएको छ । कोशी प्रदेशमा उत्पादन भएको विद्युतको परिमाणका कारण प्रदेशमा स्थापना हुने सबै प्रकारका उद्यम तथा व्यवसायलाइ विना अवरोध नियमित विद्युत आपूर्ति सुनिश्चित गरी औद्योगिक उत्पादनको प्रतिष्पर्धात्मक क्षमता बढाउनुका साथै ऊर्जा निकासी गरी अर्थतन्त्रले अधिकतम लाभ लिन सक्ने देखिन्छ ।

## ख.

### कृषिः उर्वर भूमि, विशेष बाली र उच्च मूल्य श्रृङ्खलाको विकास

कोशी प्रदेशमा उपलब्ध उर्वर भूमि, सिचाँइको संभावना र विशेष बाली उत्पादनका आधारमा कृषि उत्पादनको उच्च संभावना भएको प्रदेश हो । कोशी प्रदेशका झापा, मोरङ, सुनसरी जिल्ला नेपालको अन्न भण्डारको रूपमा रहेका छन् भने इलाम, पाँचथर, ताप्लेजुङ लगायतका अन्य पहाडी जिल्ला चिया, अलैंची र अदुवाको उत्पादनका लागि प्रख्यात छन् । नेपाल कृषि अनुसन्धान परिषद (NARC) ले सन् २०२४ मा प्रकाशित गरेको तथ्याङ्कअनुसार कोशी प्रदेशले देशको कुल धान उत्पादनको करिब २९ प्रतिशत अर्थात १४.२ लाख मेट्रिक टन योगदान गर्छ । कोशी नदीको सिँचाइ प्रणालीले सुनसरीमा मात्र वार्षिक ४.५ लाख मेट्रिक टन धान उत्पादन सम्भव बनाएको छ । झापा, सुनसरी र मोरङ जिल्ला नेपालमा उत्पादन हुने जुटको लागि प्रसिद्ध छन् । इलाम, झापा र पाँचथरमा मात्र देशको कुल चिया उत्पादनको ९२ प्रतिशत अर्थात १६ हजार

५ सय मेट्रिक टन चिया उत्पादन हुने र यसरी उत्पादन भएको अधिकाँश चिया जर्मनी, जापान र अमेरिकामा निर्यात हुन्छ । अलैंची उत्पादनमा कोशी प्रदेशको हिस्सा कुल राष्ट्रिय उत्पादनको करिब ७२ प्रतिशत अर्थात ६ हजार १ सय मेट्रिक टन छ ।

मधेश प्रदेशले गहुँ र मकैको कुल राष्ट्रिय उत्पादनमा करिब ३८ प्रतिशत अर्थात १२ लाख मेट्रिक टन योगदान गर्छ । तर चिया र अलैंचीमा कोशीको प्रभुत्व बढी छ । तरकारीको उत्पादनमा बलियो छ, गण्डकी सुन्तलामा अग्रणी छ । प्रदेशमा वार्षिक १.२ लाख मेट्रिक टन सुन्तला उत्पादन हुने गरेको छ । सुदूरपश्चिमको तुलनात्मक लाभ अदुवामा रहेको पाइन्छ । कोशी प्रदेशमा उपलब्ध कृषि भूमि, विविधतायुक्त मौसमी अनुकूलता, सिँचाइ सुविधा लगायत भौगोलिक उपयुक्तताको रणनीतिक लाभ प्रयोग गरी कृषि उत्पादनको मूल्य श्रृङ्खला (Value Chain) अभिवृद्धिमा लगानी गरी प्रतिष्पर्धी कृषि उत्पादनमा जोड दिन सक्दछ । कृषि उत्पादनको प्रशोधन र कृषि उद्यमको विकास लगायतका विधि अवलम्वन गरी कृषि उत्पादनको मूल्य श्रृङ्खला अभिवृद्धिमा सहयोग पुर्याउने क्षेत्रमा लगानीको उच्च संभावना रहेको छ । गुणस्तर र प्रतिष्पर्धी मूल्य अनुकूलताले कोशी प्रदेशमा उत्पादन हुने कृषि उत्पादन निर्यात हुन सक्ने उच्च संभावना रहेको तथ्य सन् २०२५ को नेपाल व्यापार प्रतिवेदनअनुसार चिया र अलैंचीको निर्यात १८% ले बढ्ने प्रक्षेपणले पनि पुष्टी गरेको छ । इलाम लगायतका जिल्लामा उच्च संभावना भएको दुध उत्पादनलाइ व्यावसायिकरण गर्न भारतको गुजरातमा रहेको "अमूल डेरी" को मोडेलमा दुग्ध सहकारी प्रणाली विकास गरेर दुग्धजन्य उत्पादन वढाउन सकिने प्रशस्त संभावना रहेको छ ।

## ग.

## पर्यटन: विश्वव्यापी हिमाली पहिचान र सांस्कृतिक विविधताको उत्कृष्ट गन्तव्य

प्राकृतिक तथा साँस्कृतिक विशेषताले भरिएको कोशी प्रदेशमा पर्यटन क्षेत्रको विकासको संभावना उच्च रहेको देखिन्छ । कोशी प्रदेशमा सगरमाथा र कञ्चनजंघा लगायतका विश्वका उच्च हिमश्रृङ्खला रहेका छन् । पर्वतारोहण र पदयात्राका दृष्टिले विश्वमा प्रसिद्धि पाएको सगरमाथा क्षेत्रले सन् २०२४ मा ५५ हजार ५ सय पर्यटक (यसमध्ये ३५ प्रतिशत विदेशी) लाइ आकर्षित गरेको छ । इलामको कन्यामममा वार्षिक १.५ लाख आन्तरिक पर्यटक पुगेका छन् भने धरानको तामाङ र लिम्बू संस्कृतिले सांस्कृतिक पर्यटनको सम्भावना बढाएको छ । मकालु वरूण संरक्षण क्षेत्रको भ्रमण गर्ने पर्यटक सन् २०२४ मा १२ हजार पुगेको छ ।

गण्डकी प्रदेशको पोखरा र अन्नपूर्ण सर्किटले वार्षिक ५.६ लाख पर्यटकलाइ आकर्षित गरिरहेको छ । बागमती प्रदेशको साँस्कृतिक र भौगोलिक पक्षका अनुकूलताका कारण काठमाडौंले वार्षिक ७.३ लाख पर्यटक भित्र्याउँछ । कोशी प्रदेशको हिमाली पर्यटनको विश्वव्यापी पहिचान अन्य प्रदेशको तुलनामा फरक र विशिष्ट रहेको छ । त्यसैले कोशी प्रदेशमा पर्यटन पूर्वाधार (जस्तै ट्रेकिङ रुटको निर्माण र व्यवस्थापन, स्तरीय होटल तथा मोटल, सहासिक पर्यटनका नयाँ क्षेत्रको विकास, स्थानीय विशिष्टता सहितको आवासगृहको निर्माण) मा लगानी अभिवृद्धि गर्दा अमेरिकी र युरोपेली पर्यटकलाइ आक मा लगानी गरेर प्रतिस्पर्धी बन्न सक्छ । विश्व पर्यटन सङ्गठनको सन् २०२५ को प्रक्षेपणअनुसार नेपालको हिमाली पर्यटन वार्षिक रुपमा १४ प्रतिशतले बढ्ने र कोशी प्रदेशले मात्र उक्त वृद्धिमा ४५ प्रतिशतले योगदान गर्न सक्छ । सगरमाथा क्षेत्रको डिजिटल ब्रान्डिङ र सांस्कृतिक उत्सव र आवश्यक पर्यटन पूर्वाधारले कोशी प्रदेशलाई बागमती र गण्डकी प्रदेश भन्दा भिन्न वनाउन सहयोग पुर्याँउछ ।

## घ.

## औद्योगिक विकास र व्यापार विस्तार: रणनीतिक अवस्थिति र उच्च उत्पादकत्वको आधार

कोशी प्रदेशमा स्थापना भएका ठुला प्रकृतिका उद्योग मध्ये अधिकाँश उद्योग सुनसरी र मोरङ्ग क्षेत्रमा केन्द्रित रहेका छन् । सुनसरी-मोरङ करिडोरमा स्थापना भएका ५ सय ५० उद्योगमध्ये प्रमुख उद्योगको रूपमा जुट, चिनी, सिमेन्ट, कपडा, चाउचाउ, विस्कुट, फलामका डण्डी, केवल तार, जुत्ता चप्पल, प्लाष्टिकका सामाग्री, फिड उद्योग, खानेतेल, सूर्यमुखी तेलका उद्योग रहेका छन् । उद्योग विभागले सन् २०२५ मा प्रकाशन गरेको तथ्याङ्क अनुसार कोशी प्रदेशमा सञ्चालनमा रहेका उद्योगले देशको कुल औद्योगिक उत्पादनको २१ प्रतिशत योगदान गरेको पाइन्छ । प्रदेशको व्यापारको दोस्रो ठुलो नाका काकडभि िवाट कोलकाता बन्दरगाह र बंगलादेशको चट्गाँउ बन्दरगाह निकट व्यापारिका नाका भएकोले सोको उपयोग गरी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय व्यापार विस्तारमा लाभ लिन सकिने प्रशस्त संभावना रहेको छ । सुनसरीको वर्जु गाँउपालिकामा प्रस्तावित विशेष आर्थिक क्षेत्रको निर्माण सम्पन्न भए पश्चात उक्त क्षेत्रमा १० अर्ब रुपैयाँ सम्म लगानी भएका उद्योग तथा व्यवसायले आफ्नो लगानी परिचालन गर्ने संभावना रहेको छ । साथै, झापाको कमल गाँउपालिकामा प्रस्तावित विशेष आर्थिक क्षेत्र तथा प्रस्तावित दमक औद्योगिक क्षेत्रले पनि कोशी प्रदेशमा अतिरिक्त लगानी परिचालन हुने आधार तयार भएको छ ।

# ङ.

## मानव पूँजीः युवा एवम् सीपयुक्त जनशक्ति परिचालनको उच्च सम्भावना

कोशी प्रदेशको साक्षरता दर राष्ट्रिय औसत भन्दा वढी अर्थात ७६ प्रतिशत रहेको छ । प्रदेशमा माध्यमिक तथा उच्च शिक्षाका पूर्वाधार विकासका लागि लगानी परिचालन गरिएको छ । पूर्वाञ्चल विश्वविद्यालयले मात्र वार्षिक १ हजार २ सय प्राविधिक जनशक्ति उत्पादन गर्छ । यसका अतिरिक्त मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालयले प्राविधिक जनशक्ति उत्पादनमा योगदान पुर्याइरहेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारले प्रदेशमा उच्च प्राविधिक दक्षतायुक्त जनशक्तिको उपस्थितिलाइ सुनिश्चितता प्रदान गरेको छ । प्रदेशमा रहेका कुल जनसंख्याको करिव ४१ प्रतिशत जनसं[या ३० वर्षमुनिका रहेका छन् । जनसांख्यिक लाभको उच्च संभावना भएको प्रदेशमा श्रमशक्तिको सहज र सरल आपूर्ति गर्न हालको जनसाँख्यिक संरचना प्रदेशको सवलताको रुपमा रहेको छ । कोशी प्रदेशमा सीप विकासका कार्यक्रम सञ्चालन गरी प्रतिस्पर्धी जनशक्तिको विकास गर्न सकिने प्रचुर संभावना रहेको छ ।

### २.१ कोशी प्रदेशका उत्पादनमूलक उद्योगहरूको तुलनात्मक लाभ विश्लेषण :

औद्योगिक विकासको इतिहाँस वोकेको कोशी प्रदेश उद्योग स्थापना र सञ्चालनको दृष्टिले नेपालको अग्रणी प्रदेशको रुपमा रहेको छ । सन् २०२४ मा उद्योग विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार कोशी प्रदेशमा ६४६ ठुला तथा मझौला उत्पादनमुखी उद्योगहरु सञ्चालनमा रहेका छन् । प्रदेशमा सञ्चालनमा रहेका उद्योगको उत्पादनले नेपालको कुल औद्योगिक उत्पादनको २१ प्रतिशत हिस्सा ओगट्छ । प्रदेशमा स्थापना भएका उद्योगहरुले जुट, चिनी, सिमेन्ट, कपडा, चिया प्रशोधन र खाद्य पदार्थको उत्पादनका क्षेत्रमा उच्च योगदान दिइरहेको पाइन्छ । सन् २०२४ मा राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार औद्योगिक क्षेत्रको राष्ट्रिय वृद्धिदर ६.८ प्रतिशतको तुलनामा कोशी प्रदेशको औद्योगिक क्षेत्रको वृद्धिदर वढी भइ ७.४ प्रतिशत काय रहेको छ । उद्योग क्षेत्रको वृद्धिलाई प्रदेशभित्र औद्योगिक तथा निर्माण सामग्रीको बढ्दो माग र निर्यात बजारको विस्तारले टेवा पुर्याएको देखिन्छ । परम्परागत रुपमा विकसित आर्थिक केन्द्रका अतिरिक्त इटहरी, धरान, दमक लगायतका क्षेत्र औद्योगिक गतिविधिको केन्द्रको रुपमा स्थापित हुदैं गएका छन् । कोशी प्रदेशका स्थापित तथा उदयीमान आर्थिक केन्द्रमा जुटका झोला, चियाको प्याकेजिङ, अलैंची प्रशोधन, सिमेन्ट स्टील लगायतका ठुला उद्योग सहित उच्च मूल्य अभिवृद्धि गर्ने उद्योगहरु स्थापना र सञ्चालन भइ रहेका छन् ।

ठुला उद्योगको पृष्ठ अन्तरसम्वन्ध विकास गर्न र रोजगारी सहितको दिगो आर्थिक वृद्धिको आधार तयार गर्ने महत्वपूर्ण माध्यमको रुपमा रहेका साना तथा घरेलु उद्योगको संख्या र क्रियाशीलताले अर्थतन्त्रलाइ सवल वनाउन महत्वपूर्ण योगदान पुर्याउने तथ्यलाइ मनन गरी कोशी प्रदेशमा साना तथा घरेलु उद्योगको स्थापना र सञ्चालनलाइ प्रोत्साहन प्रदान गरिएको छ । कोशी प्रदेशमा २०८० को चैत्र मसान्तसम्म ८१ हजार ८ सय ५१ साना तथा घरेलु उद्योग दर्ता भएका छन् । यसरी दर्ता भएका साना उद्योगहरु मध्ये अधिकाँश धान मिल, तेल मिल, हस्तकला, र स्थानीय खाद्य प्रशोधन उद्योगहरु रहेका छन् । यी उद्योगहरुले स्थानीय स्तरमा करिव १.२ लाख रोजगारी सिर्जना गरेका छन् । प्रविधिको अभाव, सीमित पूँजी, र बजार पहुँचको कमीका कारण लघु, साना तथा घरेलु उद्योगको उत्पादन र उत्पादकत्वमा अपेक्षित विस्तार हुन सकेको छैन् । ठुला उद्योगहरुको तुलनामा घरेलु तथा साना उद्योगको उत्पादन लागत उच्च भएको र फलस्वरुप ती उद्योगको प्रतिस्पर्धात्मक क्षमता पनि कमजोर रहेको छ ।

कोशी प्रदेशमा उपलव्ध प्राकृतिक स्रोत, भौगोलिक अवस्थिति, र मानव संसाधनका कारण प्रदेशमा उत्पादनशील उद्योग स्थापना र सञ्चालनका दृष्टिले तुलनात्मक लाभ उपलव्ध छ । विशेषत: प्रदेशमा कायम रहेको देहायका सवलताका परिदृष्यमा उत्पादनशील उद्योगको स्थापनाको संभावना देहायका आधारमा संभावनायुक्त रहेको छ ।

१. **प्रचुर प्राकृतिक स्रोत:** कोशी जलविद्युतमा देशकै अग्रणी छ, जसले सस्तो र दिगो ऊर्जा आपूर्ति मार्फत उद्योगहरुलाई लाभ दिन्छ । जुट, चिया, र अलैंची जस्ता कृषि उत्पादनका कारण कृषिमा आधारित उद्योगलाइ आवश्यक पर्ने कच्चा पदार्थको निर्वाध र सहज आपूर्तिले उद्योगको उत्पादन प्रणालीलाइ बलियो बनाएको छ ।

२. **रणनीतिक भौगोलिक अवस्थिति:** कोशी प्रदेश भारतको पश्चिम बंगाल र बिहारसँग जोडिएको छ । नेपालले अन्तर्राष्ट्रिय व्यापारका लागि प्रयोग गरिरहेको कोलकाता र हल्दिया बन्दरगाह प्रदेशवाट करिव ५सय किलो मिटर मात्र टाढा पर्दछ । तुलनात्मक रुपमा नजिकको अन्तर्राष्ट्रिय वन्दरगाह मार्फत नेपालको व्यापार सहज हुने र यसवाट कोशी प्रदेशमा उत्पादन भएका वस्तुको निकासी लागतको पनि न्यून भइ प्रतिष्पर्धात्मक क्षमता पनि वढ्न जान्छ । निकासी पूर्वाधार र वन्दरगाहमाथीको न्युन समयको पहुँचका कारण कोशी प्रदेशमा स्पिनिङ्ग मिल्स, फलामका पाइप तथा जस्ता उद्योग लगायत चिया र जुट प्रशोधन केन्द्र स्थापना भएका छन् । चीनको तिब्बतसँगको नजिकको सीमा किमाथाङ्का र ओलाङ्चुङ्गगोलामा निर्माणाधीन सडक सञ्जालले भविष्यमा प्रदेशको चीनसम्मको सहज रुपमा विस्तारित हुने संभावना वढ्दै गएको छ ।

३. **कम लागतको श्रम शक्ति:** राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशमा रहेको जनसंख्याको करिब ४१ प्रतिशत जनसंख्या ३० वर्षमुनिको रहेको छ । प्रदेशमा उपलब्ध उत्पादनशील श्रमशक्तिको कारण तुलनात्मक रूपमा श्रमिकको उपलब्धता सुनिश्चित भएको र श्रमिकको मूल्यमा न्यूनता कायम रहेको देखिन्छ । न्यून लागतयुक्त श्रम शक्तिको कारण प्राप्त तुलनात्मक लाभले जुट, तयारी पोशाक र खाद्य प्रशोधन जस्ता श्रम-आधारित उद्योगलाइ प्रदेशमा आकर्षित गर्न प्रोत्साहन दिइ रहेको पाइन्छ ।

४. **कृषि आधारित उद्योग स्थापना र सञ्चालनको बलियो आधार:** कोशी प्रदेशका ६०% जनसंख्या कृषिमा निर्भर रहेको र प्रदेशमा कृषि उत्पादनको प्रचुर संभावना रहेकोले खाद्य प्रशोधन, चिया, र अलैंची उद्योग लगायत अन्य कृषिमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको निरन्तर आपूर्तिको सुनिश्चितता रहेको छ ।

५. **औद्योगिक पूर्वाधार निर्माणमा लगानी र सञ्चालनमा आएको वृद्धि:** कोशी प्रदेशमा औद्योगिक पूर्वाधारका लागि संघीय र प्रदेश सरकारले गर्ने लगानीलाइ तीव्र वनाएका छन् । उद्योगस्थलसम्मको पहुँचका लागि सडक, विद्युत, खानेपानी, इन्टरनेट लगायतका सञ्चार सुविधा विस्तारमा लगानी अभिवृद्धि गरिएको छ । धरान- विराटनगर औद्योगिक कोरिडरमा सडक पूर्वाधारको सुधार, प्रस्तावित विशेष आर्थिक क्षेत्रको स्थापना, औद्योगिक प्रदर्शनी स्थल, आन्तरिक तथा अन्तरदेशीय विद्युत प्रशारण लाइनको विस्तारका अतिरिक्त मध्यपहाडी, मदन भण्डारी लोकमार्ग, पूर्व पश्चिम राजमार्गको काकडभि ा- लौकही खण्डको सुधार एवम् रेल्वे लाइन निर्माण सहितका औद्योगिक पूर्वाधारका कारण कोशी प्रदेशमा उद्योगको स्थापनाका लागि अनुकूल वातावरण तयार भएको छ ।

६. **विविध वस्तुको उत्पादन सम्भावना:** हिमाल, पहाड र तराई समेट्ने कोशी प्रदेशको भौगोलिक विविधता, विविधतायुक्त जलवायु भूगोलका कारण प्रदेशभित्र जलविद्युतदेखि कृषि र खनिज (चुनाढुंगा) सम्मको उपलब्धताले ती वस्तु प्रयोग गरी उत्पादन हुने उद्योगको स्थापना र सञ्चालनलाइ सहज एवम् संभावनायुक्त वनाएको छ । प्रदेशमा विस्तार भइरहेकको इ ा तथा सिमेन्ट उद्योगले प्रस्तुत तथ्यलाइ पुष्टी गर्दछ ।

## २.२ लगानीको वातावरण र चुनौतीहरू

कोशी प्रदेशमा लगानीको वातावरण निर्माण गर्न गरिएका नीतिगत प्रवन्ध र पूर्वाधार निर्माणमा विस्तारित लगानीका कारण लगानीको वातावरण सहज हुदैं गएको छ । प्रदेशमा स्थापना भएका उद्योगको संख्या र ती उद्योगमा भएको लगानी परिमाणले उपर्युक्त पक्षलाइ पोषण गरिरहेको छ । सघीय संसदले हालै पारित गरेको आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्वन्धी केही नेपाल ऐनलाइ संशोधन गर्ने ऐनको व्यवस्थाले पनि प्रदेशमा लगानीको वातावरण निर्माणमा सहयोग पुर्याएको पाइन्छ ।

लगानीको वातावरण निर्माणका लागि गरिएका विविध प्रयासको वावजुद पनि कोशी प्रदेशमा निजी क्षेत्रले लगानीको सहज वातावरण अनुभुत गर्न पाएको पाइदैन् । औद्योगिक पूर्वाधारमा लगानी विस्तार भएता पनि उद्योगको लागि आवश्यक पर्ने आधारभूत सेवा र सुविधाको अभाव, वातावरणीय परीक्षणको नाममा हुने गरेको झण्झट, विश्वसनिय तथा भरपर्दो विद्युत आपूर्तिको अभाव लगायतका विविध कारणले लगानीको वातावरण अपेक्षा अनुरूप हुन सकेको पाइदैन् । विश्व वैंक समूहले सन् २०२४ मा प्रकाशित गरेको प्रादेशिक लगानी वातावरण परीक्षण (Provincial Investment Climate Assessment) को प्रतिवेदन अनुसार औद्योगिक पूर्वाधारको हकमा कोशी प्रदेशमा भरपर्दो विद्युत आपूर्ति, उद्योग स्थापनाका लागि आवश्यक जग्गाको उपलव्धता, उच्च गतिको इन्टरनेट सुविधाको निश्चितता व्यावसायिक वातावरण निर्माणका लागि चुनौतीको रूपमा रहेको देखिएको छ । नियामकीय प्रवन्धमा व्यावसायिक भवन निर्माणको स्वीकृतिमा विलम्व, कर महसूल भुक्तानीका लागि एकल विन्दु सेवा प्रणालीको न्यूनता, विद्युतीय प्रणालीमा पूर्ण आवद्ध नभएको प्रशासनिक सेवा तथा जग्गा व्यवस्थापन प्रणालीमा कायम रहेको असहजतालाइ प्रमुख चुनौतीको रूपमा पहिचान गरिएको छ ।

नेपाल राष्ट्र बैंकको कोशी प्रादेशिक कार्यालयले २०८१ पौषमा सार्वजनिक गरेको प्रादेशिक आर्थिक गतिविधि अध्ययन, २०८०/८१ को प्रतिवेदन अनुसार कोशी प्रदेशमा स्थापना भएका अधिकाँश उद्योग न्यून मूल्यका विदेशी उत्पादनसंग प्रतिष्पर्धा गर्न नसक्नुका साथै अनियमित विद्युत आपूर्तिका कारण करिव पचास प्रतिशत उत्पादन क्षमतामा मात्र सञ्चालन हुन सकेका छन् । कोशी प्रदेशमा उपलव्ध औद्योगिक पूर्वाधार, नीतिगत व्यवस्था एवम् संरचनागत पक्षवाट विश्लेषण गर्दा औद्योगिक वातावरण निर्माणकालागि देहायका चुनौती विद्यमान रहेको देखिन्छ ।

- **ऊर्जा आपूर्तिको अनियमितता:** कोशी प्रदेशको सुनसरी- मोरङ्ग औद्योगिक क्षेत्रमा पूर्ण रूपमा लोड सेडिङ्ग अन्त्य हुन सकेको छैन् । सन् २०२४ देखि हालसम्म पनि दैनिक औसत ४ घण्टा लोडसेडिङ छ । लोडसेडिङ्गका कारण वैकल्पिक ऊर्जा आपूर्तिका लागि उद्योगले गर्ने खर्चका कारण उद्योगहरुको उत्पादन लागत १० प्रतिशतसम्म वृद्धि भएको छ ।

- **कमजोर सडक पूर्वाधार:** कोशी प्रदेशका अधिकाँश शहरी क्षेत्रका सडक पूर्वाधार सवल रहेको भएता पनि औद्योगिक कच्चा पदार्थको उदगम हुने ग्रामिण क्षेत्रमा गुणस्तरीय सडक पूर्वाधारको न्यूनता रहेको छ । प्रदेशभित्र रहेका करिव ४० प्रतिशत ग्रामीण सडक कच्ची नै रहेको छ । परिणामस्वरूप कच्चा पदार्थ र तयारी वस्तुको ढुवानी तथा श्रमिकको आवागमनमा पनि समस्या कायम नै रहेको छ ।

- **नीतिगत अस्पष्टता:** वन तथा वातावरण संरक्षण ऐनमा रहेको झण्झटकारी र अस्पष्ट व्यवस्थाले प्रदेशमा लगानी परिचालन गर्न चुनौती थपिएको छ । उद्योग स्थापना गर्दा प्रदेशबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत हुने व्यवस्था रहेता पनि वातावरणीय प्रभाव मूल्याङ्कनका लागि संघीय मन्त्रालयमा नै पुग्नु पर्ने व्यवस्था, वन क्षेत्रको उपयोगका लागि वन क्षेत्र प्राप्त गर्न र वन क्षेत्रको विकासका लागि गर्नुपर्ने थप लगानी सम्बन्धी बाध्यकारी व्यवस्थाका कारण उत्पादनशील उद्योगको स्थापना र लगानी विस्तारमा चुनौती थपिएको छ । यसका अतिरिक्त तीन तहका सरकारका बिचमा कायम रहेको न्यून कार्यगत अन्तर्सम्बन्धका कारण एकै प्रकृतिका कार्यमा सबै तहको सरकारले सृजना गर्ने असहजता, एकल बिन्दु सेवा केन्द्रको अभाव, राजस्व भुक्तानीमा कायम रहेको असहजता लगायतका चुनौती विद्यमान रहेको छ ।

- **अपर्याप्त अन्य भौतिक पूर्वाधार:** कोशी प्रदेशमा सडक पूर्वाधार मात्र नभइ भरपर्दो सञ्चार प्रणाली, उच्च गतिको इन्टरनेट सेवा, औद्योगिक क्षेत्र, उद्योग स्थापना र सञ्चालनका लागि सहुलियत दरमा जग्गाको उपलब्धता चुनौतीपूर्ण रहेको छ । औद्योगिक क्षेत्रको विकासका लागि पूर्वाधार सहितको विशेष आर्थिक क्षेत्र स्थापना गर्ने कार्यले तीव्रता पाउन नसक्दा पूर्वाधार सहितको उपयुक्त औद्योगिक क्षेत्रको विकासमा चुनौती कायम नै रहेको छ ।

- **नियमन रहित सीमा नाका:** कोशी प्रदेशका अधिकाँश उद्योग अनधिकृत रूपमा पैठारी भएका विदेशी उत्पादनसंग प्रतिष्पर्धा गर्न नसकी आफ्नो उत्पादन क्षमता घटाउन बाध्य भएका छन् । कमसल र अनौपचारिक रूपमा भित्रिएका उत्पादनलाइ नियन्त्रण गर्न प्रभावकारी सीमा व्यवस्थापन तथा सीमा नाकाको नियमन जरूरी हुन्छ । तर, सीमा नाका नियमन गर्ने प्रयासले नतिजा दिन नसकेको यथार्थताका आधारमा हालको सीमा व्यवस्थापन पद्धती आफैंमा प्रदेशमा औद्योगिक वातावरण निर्माणका लागि ठूलो चुनौतीको रूपमा देखिएको छ ।

- **प्रविधिको अभाव:** प्रविधिको प्रयोगले उत्पादनको लागत न्यूनीकरण गरी प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सहयोग पुर्‍याँउछ । तर, प्रदेशमा स्थापना भएका अधिकाँश घरेलु तथा साना उद्योगहरुमा आधुनिक मेसिनरीको प्रयोग भएको पाइदैन् । फलतः ठूला उद्योगको सहायक उत्पादन र उपभोग्य दुवै उत्पादनको लागत अत्यधिक भइ प्रतिष्पर्धात्मक क्षमता न्यून भइ उत्पादकत्व र गुणस्तरमा असर गरेको छ ।



# ३ कोशी प्रदेशमा लगानी संभाव्य महत्त्वपूर्ण क्षेत्रहरू

## ३.१ कृषि प्रशोधन: मूल्य अभिवृद्धि एवम् निर्यात विस्तार र विविधिकरण

- **राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको योगदान र सम्भावना:** कोशी प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान उच्च रहेको छ । सन् २०२३/२४ मा नेपालको कृषि, वन, र माछा पालन क्षेत्रको कुल मूल्य (gross value) रु. १२,१६,६४८ मिलियन रहेकोमा कोशी प्रदेशको योगदान २१.५ प्रतिशत अर्थात रु. २,६२,३१६ मिलियन रहेको छ । प्रदेशको भौगोलिक विविधता र पहाडदेखि तराइसम्मका उर्वर भूमिमा धान, गहुँ, मकै, अलैंची, चिया, अदुवा, जुट, र तरकारी जस्ता बाली उत्पादनको उच्च संभावना रहेको छ । सन् २०२४ मा कोशीमा ४.५ लाख मेट्रिक टन धान, १.५ लाख मेट्रिक टन मकै, १.२ लाख मेट्रिक टन अलैंची, १.८ लाख मेट्रिक टन जुट, र १६ हजार ५ सय मेट्रिक टन चिया उत्पादन भएको थियो । यी उत्पादनमा थप विस्तार गर्न वैज्ञानिक तथा कृषि यान्त्रिकरणको प्रयोग, कृषि प्रशोधन उद्योगको स्थापना र सञ्चालन सहित कृषि वस्तुको मूल्य अभिवृद्धि मार्फत आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न सकिन्छ । आधुनिक प्रविधिको प्रयोग, सामूहिक खेती प्रणाली, कृषि सडक पहुँच, सिँचाइ सुविधा (हाल ४०.५% खेतीयोग्य क्षेत्रमा सिँचाइ पुगेको), मलको उचित व्यवस्थापन, र बजार सुनिश्चितता मार्फत कृषि उत्पादन र व्यवसायिकरण गरी कृषि क्षेत्रवाट उच्च उत्पादन प्राप्त गर्न लगानीको ठुलो अवसर रहेको छ ।

- **चिया प्रशोधन र निर्यात:** कोशी प्रदेश नेपालको चिया उत्पादनको मुख्य केन्द्र हो। झापा, इलाम, पाँचथर, धनकुटा, र तेह्रथुम जिल्लाहरुले राष्ट्रिय चिया उत्पादनको ९२ प्रतिशत हिस्सा ओगटेको छ । यी जिल्ला मध्ये पनि झापा (७२ प्रतिशत) र इलाम (२७.०९ प्रतिशत) प्रमुख उत्पादन केन्द्रको रूपमा रहेका छन् । सन् २०२४ मा कोशी प्रदेशमा १६ हजार ५ सय मेट्रिक टन चिया उत्पादन भएकोमा करिब ६ अर्ब ९८ करोड रुपैंया वरावारको ११ हजार ६ सय ४८ मेट्रिक टन चिया काँकडभि ा नाकाबाट निर्यात भएको देखिन्छ । कोशीको अर्थोडक्स चिया विश्व बजारमा उच्च गुणस्तरका लागि प्रख्यात छ । चियामा रासायनिक मल र विषादीको प्रयोग कम गरी जैविक चिया उत्पादनमा जोड दिँदा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक लाभ लिन सकिन्छ । लगानीकर्ताहरुले चिया उत्पादन चक्रमा संलग्न हुन सक्छन् । उत्पादन सङ्कलन, प्रशोधन, प्याकेजिङ, र ब्रान्डिङको कार्यका लागि कोशी प्रदेशमा स्थापना भएका ५४ चिया कारखानामध्ये १९ अर्थोडक्स र ३५ सीटीसी चिया उद्योग रहेका छन् । विभिन्न जिल्लाका ६२ सय सदस्य आवद्ध भएका ९७ सहकारी संस्था र ६५ साना प्रशोधन इकाईहरु चिया उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र व्राण्डिङ्गमा संलग्न रहेका छन् । विश्व वजारमा स्थापित भएको नेपालको चियालाइ दिगो (सस्टेनेबल) कृषि प्रणाली र प्रशोधन विधिमा लगानी गरेर युरोप र एशियाली बजारमा विस्तार गर्न सकिन्छ ।

- **अलैंची प्रशोधन र निर्यात:** कोशी प्रदेशले नेपालको कुल अलैंची उत्पादनको ९०.८% हिस्सा ओगट्छ । नेपाललाई विश्वको चौथो ठुलो अलैंची उत्पादक राष्ट्रको रूपमा स्थापित गराउन कोशी प्रदेशको ठुलो भुमिका रहेको छ । सन् २०२३ मा कोशीले १.२ लाख मेट्रिक टन अलैंची उत्पादन गरेको छ । उत्पादित अलैंची मध्ये ४ हजार ५ सय १० मेट्रिक टन ( रु. ६.५२ अर्ब मूल्य वरावर) अलैंची काँकडभि ा नाकाबाट निर्यात भएको छ । नेपालको अलैंचीको प्रमुख आयातकर्ता देश भारत हो र भारतले कच्चा अलैंचीलाई प्रशोधन गरी अन्य देशमा मूल्य अभिवृद्धी सहित निर्यात गर्दछ । उच्च मूल्य अभिवृद्धिको संभावना वोकेको नेपाली वर्गीकरण, प्याकेजिङ, र लेबलिङ गर्ने प्रशोधन उद्योगमा लगानी गरेर नेपालबाटै तयारी उत्पादन निर्यात गर्न सकिने उच्च संभावना रहेको छ । नेपाली अलैंचीको जैविक प्रमाणीकरण (Organic Certification) प्राप्त गरेर प्रिमियम बजारमा प्रवेश गर्न सकिन्छ । उन्नत प्रशोधन केन्द्र स्थापनाले मसला गुणस्तर सुधार गरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक बनाउन सक्छ ।

- **दुग्ध उत्पादन र छुर्पी निर्यात:** कोशी प्रदेश नेपालको प्रमुख दुग्ध उत्पादक क्षेत्र हो। इलाम, झापा, र धनकुटा जिल्लाहरु दुग्ध उत्पादनमा अग्रणी छन् । उदाहरणका लागि, धनकुटाको छथर जोरपाटी गाउँपालिकामा उत्पादित ८० प्रतिशत दूध अन्य जिल्लामा आपूर्ति हुन्छ । कोशी प्रदेशमा उत्पादित छुर्पी (कडा चीज) को ठुलो हिस्सा डग च्यु (Dog Chew) को रुपमा अन्तर्राष्ट्रिय वजारमा निर्यात हुन्छ । सन् २०२३ मा नेपालले करिब २ अर्ब ५३ करोड रुपैयाँ वरावारको १ हजार ३ सय ४६ मेट्रिक टन डग च्यु निर्यात गरेको थियो । अन्तर्राष्ट्रिय वजारमा नेपाली छुर्पीको उच्च मागका कारण यसको निर्यात वार्षिक १० प्रतिशतले ले बढिरहेको छ । विश्व वजारमा निकासी हुने छुर्पीको उत्पादक तथा आपूर्तिकर्ताको औसत वार्षिक आम्दानी १५ लाख रुपैयाँ छ । आधुनिक प्रशोधन सुविधा, कोल्ड चेन पूर्वाधार, र ब्रान्ड प्रवर्द्धनमा लगानी गरेर छुर्पीको निर्यात बजार विस्तार गर्न सकिने उच्च संभावना रहेको छ । नेपाल व्यापार एकीकृत रणनीतिले पनि छुर्पीलाइ नेपालको उच्च निकासीयोग्य वस्तुको रुपमा पहिचान गरेको सन्दर्भमा छुर्पीको उत्पादन, प्रशोधन एवम् व्राण्डिङ्गका अतिरिक्त कोशी प्रदेशमा उत्पादन हुने दुधवाट चीज, दही, र षलेभरयुक्त दूध जस्ता मूल्य-वर्धित उत्पादनमा लगानीको उच्च संभावना रहेकोले ती वस्तुवाट उच्च नाफा प्राप्त गर्न सकिने संभावना देखिन्छ ।

- **जुट प्रशोधनः** कोशी प्रदेश, विशेष गरी मोरङ र सुनसरी, नेपालको जूट उत्पादनको केन्द्र हो। नेपाल विश्वको पाँचौं ठुलो जूट उत्पादक देश हो । कोशी प्रदेशले मात्र वार्षिक रूपमा देशमा उत्पादन हुने जुटको ६८ प्रतिशत अर्थात १.८ लाख मेट्रिक टन जूट उत्पादन गर्दछ । जूट वहुउपयोगी नगदे वाली भएकोले यसबाट बोरा, डोरी, चटाई, र कपडा उत्पादन गर्ने उद्योग स्थापना र सञ्चालनका लागि कच्चा पदार्थको आपूर्ति हुन्छ । नेपालमा उत्पादन हुने जुटवाट वोरा, डोरी तथा चटाइ लगायतका सामाग्री उत्पादन हुने गरेको भएता पनि पुरानो प्रविधि, कम यान्त्रिकीकरण, र भण्डारण सुविधाको अभावले नेपालका उद्योगको उत्पादकत्व न्यून रहेको छ । नेपालमा उत्पादन भएको जुट भारतीय बजारमा अत्यधिक निर्भर रहेको छ । तर, भारतको व्यापार नीति एवम् राजस्व नीतिमा हुने अनुमानरहित परिवर्तनले जुटको निकासीलाइ जोखिमयुक्त वन्दै गएको छ । ऊर्जा सक्षम प्रविधि, आधुनिक मेसिनरी, र वातावरणमैत्री जूट उत्पादन (जस्तै जियो-टेक्सटाइल, जैविक झोला) मा लगानी विश्वव्यापी रूपमा आकर्षक लगानीको रूपमा रहेको सन्दर्भमा यस प्रकारको उद्योगको स्थापना र सञ्चालनको संभावना कोशी प्रदेशमा उच्च रहेको छ । नेपाल सरकारले जूट उद्योगमा प्रयोग हुने मेसिन र उपकरणका स्पेयर पार्ट्समा मूल्य अभिवृद्धि कर छुट प्रदान गरी यस प्रकारका उद्योग स्थापनामा निजी क्षेत्रलाइ प्रोत्साहन गरेको छ ।

- **अदुवा प्रशोधनः** कोशी प्रदेश अदुवा उत्पादनमा अग्रणी छ । धनकुटा र तेह्रथुम प्रमुख उत्पादक जिल्ला हुन् । नेपाली अदुवाको उच्च तेल मात्रा र सुगन्धका कारण भारत, खाडी राष्ट्रहरु, र युरोपमा नेपाली अदुवाको उच्च माग छ । तर, टुक्रे खेती, मानकीकरणको अभाव, र प्रशोधन पूर्वाधारको कमीले चुनौती उदुवाको उत्पादन र प्रशोधनमा चुनौती थपेको छ । कोशी प्रदेशमा उत्पादित अदुवावाट पाउडर, तेल, र क्यान्डी लगायतका वस्तु उत्पादन गरी निकासी गर्न सकिने उच्च संभावना रहेकोले यस प्रकारका उद्योगमा लगानी गरेर अदुवाको मूल्य अभिवृद्धि गर्न सकिन्छ । जैविक ब्रान्डिङ र निर्यात प्रमाणीकरण प्रणाली विकासले अन्तर्राष्ट्रिय बजारमा स्वीकार्यता बढाउँछ । शीत भण्डारण निर्माणले उच्च मूल्य प्राप्त गर्ने आधार पनि तयार हुन्छ । तसर्थ, अदुवाको उत्पादन तथा प्रशोधन एवम् उत्पादन विविधिकरणमा सहयोग पुग्ने उद्योगमा लगानीको उच्च संभावना रहेको छ ।

- **मकै प्रशोधनः** कोशी प्रदेशको प्रमुख वाली मकै हो । प्रदेशको उदयपुर, झापा तथा सुनसरी लगायतका अन्य जिल्लामा मकैको उत्पादन केन्द्रित रहेको छ । कोशी प्रदेशमा सन् २०२४ मा १.५ लाख मेट्रिक टन मकै उत्पादन भएको र मकैको उत्पादन निरन्तर वढ्दै गएको छ । मकै खाद्य सुरक्षाका लागि मात्र नभई पशु आहार उद्योगको प्रमुख स्रोत हो। तर, पारम्परागत खेती प्रविधिहरु, वर्ण शंकर बीउ (Hybrid Seeds) को अभाव, समयमा रासायनिक मलको अभाव र उत्पादित कृषि उपज भण्डारण सुविधाको अभावले मकैको उत्पादकत्व प्रभावित छ । कोशी प्रदेशमा उत्पादन हुने मकै प्रशोधन गरी मकै पिठो, कर्न स्टार्च, नास्ता, र पशु आहार उत्पादन गर्ने उद्योगमा लगानी गर्न सकिने उच्च संभावना रहेको छ ।

## ३.२ पर्यटनः प्राकृतिक, सांस्कृतिक, र साहसिक पर्यटकीय सम्भावनाको उपयोग

- **पर्यटनको समग्र सम्भावनाः** कोशी प्रदेश नेपालमा पर्यटनको एक महत्वपूर्ण केन्द्र हो । यहाँको प्राकृतिक सौन्दर्य, सांस्कृतिक धरोहर, र जैविक विविधताले आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्छ । इलामका चिया बगान, बसन्तपुरवाट देखिने हिमालका शिखरहरु, र रामसारमा सुचिकृत कोशी टप्पु वन्यजन्तु आरक्ष लगायतका अनेकौं प्राकृतिक, धार्मिक तथा साँस्कृतिक सम्पदाले शान्ति र साहसिक गतिविधिको खोजी गर्ने दुवै प्रकारका पर्यटकलाई आकर्षित गर्छ । प्रदेश सरकारले विक्रम सम्वत २०८२ लाई "कोशी पर्यटन वर्ष घोषणा" गरी पर्यटन प्रवर्द्धनका विभिन्न क्रियाकलाप सञ्चालन गरिरहेको छ । भारत र चीनसँगको रणनीतिक सीमा जोडिएको विशिष्ट भूमि स्वदेशी तथा विदेशी पर्यटकको लागि आकर्षक पर्यटन गन्तव्य भएकोले ती क्षेत्र लगायत प्रदेशभित्रका अन्य स्थानमा पर्यटकीय पूर्वाधारमा लगानी गरी उच्च प्रतिफल प्राप्त गर्न सकिने उच्च संभावना रहेको छ ।

- **धार्मिक पर्यटनः** कोशी प्रदेशमा रहेका विभिन्न धार्मिक स्थल तथा मठ मन्दिरको कारण प्रदेशमा धार्मिक पर्यटनको ठुलो सम्भावना रहेको ठुला पाथीभरा मन्दिर, वराहक्षेत्र, र हलेसी महादेव (हिन्दू, बौद्ध, किरातको पवित्र स्थल) ले स्वदेशी र भारतीय तीर्थयात्रीलाई आकर्षित गरेको छ । पिण्डेश्वर, बुढासुब्बा, र मास्हेबुङ जस्ता नयाँ तीर्थस्थलहरु लोकप्रिय छन्। सुनसरीको रामधुनीलाई भारतीय सरकारले रामायण सर्किटमा समावेश गर्ने योजना बनाएको छ । यसरी कोशी प्रदेशका विभिन्न धार्मिक पर्यटकीय क्षेत्रमा होटल, रेस्टुरेन्ट, यातायात तथा अन्य मनोरञ्जनात्मक क्षेत्रमा लगानी गरी प्रदेश भ्रमण गर्ने धार्मिक पर्यटकवाट अधिकतम लाभ लिन सकिन्छ ।

- **प्राकृतिक पर्यटनः** कोशी प्रदेशले प्राकृतिक सौन्दर्यको दृष्टिकोणवाट पर्या पर्यटनको उच्च सम्भावना बोकेको छ । कोशी टप्पुमा रहेका ४०० भन्दा वढी चरा प्रजाती, जङ्गली भैंसी, र हात्ती पर्यटकको रोजाइमा परेका छन् । मकालु र कञ्चनजङ्घा हिमाल, हिउँचितुवा, रातो पान्डा, र मिल्के- तिनजुरेमा २८ देखि ३१ प्रजातिका गुराँसले पर्यटकलाई लोभ्याउँछ । नेपालकै अग्लो ह्यात्रुङ झर्ना (३६५ मिटर) प्राकृतिक आकर्षण हो। सुनसरीको वर्जु ताल, सूर्योदयको दृष्यका लागि इलामको अन्तु डाँडा तथा गर्मी पर्यटनको लागि धनकुटाको हिले प्रसिद्ध छन् । यी क्षेत्रमा इको-रिसोर्ट, वन्यजन्तु सफारी, बर्ड वाचिङ तथा स्तरीय होटल स्थापना गरी पर्यटकलाइ आकर्षित गर्न सकिन्छ ।

- **कृषि पर्यटन (एग्रो-टुरिजम):** कोशी प्रदेशको उर्वर भूमिले कृषि पर्यटनलाई प्रोत्साहन गरेको छ । कन्याम, कार्फोक, अन्तु लगायतका चिया बगान क्षेत्र अवलोकन, घोडचढी, र पदयात्रा लोकप्रिय छन् । धनकुटा र तेह्रथुमका फलफूल फार्म, चिया/कफी बगान, र अदुवा/अलैंची फार्म टुरले पर्यटकलाई जैविक खेतीको अनुभव दिन्छ । ती क्षेत्रमा होटल, होमस्टे, डेरी फार्म भ्रमण, र फूल खेती पर्यटनमा लगानीले ग्रामीण अनुभवलाई दिगो पर्यटनसँग जोड्न सक्छ ।

- **साहसिक पर्यटन:** कोशी साहसिक पर्यटनको उत्कृष्ट गन्तव्य हो। मकालु बेसक्याम्प, कञ्चनजंघा, र पाथीभरा पदयात्रा मार्गहरुले सांस्कृतिक र प्राकृतिक अनुभव प्रदान गर्छन् । कोशी र तमोर नदीमा ह्वाइटवाटर र्‍याफ्टिङ, धरान र कन्याममा प्याराग्लाइडिङ, धनकुटा र ताप्लेजुङ्मा माउन्टरन बाइक ट्रेल, र चिया बगानमाथि जिपलाइनिङ्ले साहसिक पर्यटकलाई आकर्षित गर्छ । साहसिक खेल पूर्वाधार र गाइड तालिममा लगानी गरी उच्च प्रतिफल प्राप्त गर्न सकिने प्रसस्त संभवना रहेको छ ।

## ३.३ उत्पादन क्षेत्र: औद्योगिक विस्तार र नवप्रवर्तन

- **औद्योगिक अवस्था र सम्भावना:** कोशी प्रदेश उत्पादन क्षेत्रमा प्रख्यात छ । देशको नै प्रमुख औद्योगिक नगरी विराटनगर र सुनसरी-मोरङ्ग औद्योगिक कोरिडोरमा विभिन्न प्रकारका उद्योग सञ्चालनमा रहेका छन् । स्पिनिङ्ग मिल्स, आइरन तथा रोलिङ्ग मिल्स, जुट उद्योग खाद्यमा आधारित उद्यम लगायत अन्य ठुला उत्पादन केन्द्रहरुले आफ्नो उत्पादन स्वदेशी र विदेशी वजारमा बिक्री वितरण गर्ने गर्दछन् । नियमित विद्युत् आपूर्ति, कच्चा पदार्थको उपलब्धता र बजारको सुनिश्चितता भएमा प्रदेशमा स्थापना भएका र हुने उद्योगको उत्पादनवाट आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न सकिन्छ । प्रदेशमा विद्युतीय सवारी लगायतका अन्य नविन प्रकृतिका उद्यम स्थापना भएका छन् । यसवाट कोशी प्रदेशको उत्पादनशील उद्योगमा नवप्रवर्तन र विविधीकरणको प्रारम्भ भएको सङ्केत गर्दछ ।

- **लगानीका अवसर:** कोशी प्रदेशको औद्योगिक पूर्वाधार तथा रणनीतिक अवस्थिति र कच्चा पदार्थको उपलव्धताका आधारमा प्रदेशभित्र उत्पादनशिल उद्योगको रूपमा जूट, उखु, सुर्ती, र खाद्यान्न प्रशोधन उद्योगहरुमा लगानी गर्न सकिन्छ ऊर्जा सक्षम प्रविधि, आधुनिक मेसिनरी र वातावरणमैत्री उत्पादनमा लगानी आकर्षक छ । विद्युतीय सवारी, सौर्य ऊर्जा उपकरण, र हरित प्रविधि उत्पादनमा लगानीले दीर्घकालीन लाभ दिन सक्छ ।

## ३.४ स्वास्थ्य र शिक्षा सेवा निर्यात

- **स्वास्थ्य र शिक्षा निर्यातको सम्भावना:** कोशी प्रदेशको दक्षिणी सीमा भारत रहेकोले भारततर्फ नेपालको स्वास्थ्य र शिक्षा सेवा निर्यातको ठुलो सम्भावना बोकेको छ । विराटनगर र झापामा आँखा अस्पताल, प्रसूति गृह, र जेनरल स्वास्थ्य सेवाले भारतीय बिरामीहरुलाई सेवा दिइरहेका छन् । शिक्षा क्षेत्रमा विद्यालय, विश्वविद्यालय, र मेडिकल कलेजहरुले भारतीय र अन्य विदेशी विद्यार्थीहरुलाई आकर्षित गर्छन्। स्थानगत सक्षमताका आधारमा कोशी प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको स्वास्थ्य केन्द्र र उच्च शिक्षाका अव्वल संस्थाहरु स्थापना गरी स्वदेशी एवम् विदेशी नागरिकलाइ सेवा सहित व्यवसाय विस्तार गर्न सकिने संभावना उच्च रहेको छ ।

## ३.५ जडीबुटी प्रशोधन र आयुर्वेदिक औषधि उत्पादन

- **जडीबुटी प्रशोधनको सम्भावना:** कोशी प्रदेशमा रहेका विभिन्न प्रकारका वन जङ्गलमा विभिन्न जडीबुटी पाइन्छन्। यी जडीबुटी प्रशोधन गरी आयुर्वेदिक औषधि उत्पादनमा लगानी गर्न सकिन्छ । स्वदेशी कच्चा पदार्थको उपलब्धताले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक लाभ दिन्छ । जडीबुटी सङ्कलन, प्रशोधन, र निर्यातमा लगानीले रोजगारी सिर्जना र निर्यात राजस्व वृद्धि गर्न सक्छ ।

## ३.६ कोशी प्रदेशमा उच्च सम्भावित लगानी परियोजनाहरू र क्षेत्रहरू

नेपालको आर्थिक विकासमा कोशी प्रदेशको योगदान उच्च रहेको छ । प्रदेशभित्रका प्राकृतिक स्रोत, प्रदेशको रणनीतिक अवस्थिति, र भौगोलिक विविधताले लगानीका लागि अपार सम्भावना बोकेको छ । सन् २०२४ र २०२५ को पछिल्लो तथ्याङ्कमा आधारित रही कोशी प्रदेशमा लगानीका लागि उच्च सम्भावना भएका क्षेत्र र लगानी परियोजनाहरुको सम्वन्धमा सुक्ष्म विश्लेषण गरिएको छ । आगामी लगानी सम्मेलनमा लगानीकर्ताका माझमा प्रस्तुत गर्न (Show casing) गर्न सकिने परियोजना पहिचान गर्न सहयोग पुर्याउने उद्देश्यले कृषि-लजिस्टिक्स र यातायात, चिस्यान भण्डारण, सुनसरी-मोरङ औद्योगिक करिडोर, पर्यटन पूर्वाधार, र उत्पादन तथा प्रशोधन क्षेत्रलाइ समेत समेटी संभाव्य लगानी क्षेत्र र आयोजना प्रस्ताव गरिएको छ । यी क्षेत्रमा हुने लगानीले कोशी प्रदेशमा आर्थिक विकासको सम्भावनालाई विस्तार गर्न सहयोग पुर्याँउछ ।

*३.६.१ कृषि-लजिस्टिक्स र यातायात: मूल्य श्रृङ्खला सुदृढीकरणको आधार*

- **कृषि-लजिस्टिक्सको आवश्यकता र सम्भावना:** कोशी प्रदेशमा उत्पादन हुने कृषि उत्पादनको ठूलो हिस्सा नाशवान प्रकृतिका कृषि वस्तुहरु जस्तै तरकारी, फलफूल, दुग्ध उत्पादन, र माछा रहेका छन् । प्रदेशमा उत्पादन हुने अधिकाँश खाद्यान्न उत्पादन उचित यातायात र भण्डारणको अभावमा ती उत्पादनको कटनीपछिको व्यवस्थापन र सामयिक बजारीकरणको अभावमा २०-३० प्रतिशतसम्म घाटा रहेको छ । गर्मी, घर्षण, हावा, र दबाव जस्ता कारणले उत्पादनको गुणस्तरमा ह्रास आउने हुदाँ ती वस्तुको भण्डारण, प्याकेजिङ्ग लगायत कृषि उत्पादनको सुरक्षण सहित बजार व्यवस्थाका लागि प्रभावकारी कृषि-लजिस्टिक्स प्रणालीले यस्ता घाटा घटाउन मद्दत पुर्याई किसान, उत्पादक, र सङ्कलकहरुलाई प्रत्यक्ष लाभ पुर्याउँछ । कोशी प्रदेशमा सडक पहुँच विस्तार भइरहेको र उत्पादित कृषि उपजको मानकीकरण र प्याकेजिङका विधिको सम्बन्धमा कृषकमा ज्ञान बढ्दै गएको हुदाँ लजिस्टिक्स क्षेत्र फस्टाउने अवसर प्रदान गरेको छ ।

- **कृषि लजिस्टिक्समा लगानीका अवसरहरू:** कोशी प्रदेशमा कृषि-लजिस्टिक्स परियोजना सञ्चालनका लागि हुने लगानीले कृषि उत्पादनको क्षेत्रीय मूल्य श्रृङ्खलालाई सुदृढ बनाउन सहयोग पुर्याँउछ । प्रदेशमा उच्च उत्पादन संभावना रहेका कृषि उपजका लागि रेफ्रिजरेटेड ट्रकहरु, तापक्रम नियन्त्रित कन्टेनरहरु र आधुनिक प्याकेजिङ प्रविधिका उद्योगमा लगानी आवश्यक छ । यसरी स्थापना गरिने उद्योगले कच्चा पदार्थको आपूर्ति र तयारी वस्तुको मागलाइ बढाउन सहयोग पुर्याउछन् । भारत र बंगलादेशसँगको भौगोलिक निकटताको कारण कृषि लजिष्टिक्सले कृषि वस्तुको सीमापार व्यापारलाई सहज बनाउँछ र लजिस्टिक्स पूर्वाधारको मागलाई थप सुदृढ बनाउँछ ।

- **सरकारी सहयोग र प्रोत्साहन:** नेपाल सरकारले कृषि क्षेत्रका पूर्वाधार विकास परियोजनाहरुलाई अनुदान, कर प्रोत्साहन, र सहुलियतपूर्ण ऋण मार्फत नियमित रुपमा सहयोग पुर्याइरहेको छ । कोशी प्रदेशमा मात्र सन् २०२५ मा लजिष्टिक्स क्षेत्रलाइ समेत समेट्ने गरी साना तथा मझौला उद्योग प्रवर्द्धनका लागि ८ अर्बको परियोजना सुरुवात गरिएको छ । सरकारी क्षेत्रबाट सञ्चालित सहयोग सम्बद्ध कार्यक्रमले ती उद्योगको प्रारम्भिक लगानी खर्च घटाउन र परियोजनाको दिगोपन सुनिश्चित गर्न सहयोग गर्छ । साथै, सरकारले कटनीपछिको घाटा घटाउन बाली बिमा, कृषि उपजको न्यूनतम मूल्य निर्धारण गरी कृषकलाइ सहुलियत प्रदान गर्ने कृषिजन्य निर्यात प्रवर्द्धन गर्न कर तथा गैर कर अवरोध हटाउने पहल गरेको छ । यस प्रकारका सहयोग र सहजीकरणले लजिस्टिक्सको क्षेत्रमा थप लगानी गर्न प्रोत्साहन दिने निश्चित छ ।

- **विश्वव्यापी माग र दीर्घकालीन लाभ:** विश्वव्यापी खाद्य व्यापार विस्तार हुँदै जाँदा, प्रभावकारी लजिस्टिक्सको माग बढिरहेको छ । कोशी प्रदेशको कृषि सम्भावना र भारत, बंगलादेश, र चीन जस्ता ठुला बजारसँगको भौगोलिक सन्निकटताले लजिस्टिक्स परियोजनाहरुलाई उच्च सम्भावनायुक्त बनाएको छ । लगानीकर्ताहरुले कृषि उत्पादनको आधुनिक आपूर्ति श्रृङ्खला र डिजिटल ट्र्याकिङ प्रणालीमा लगानी गरेर दीर्घकालीन वृद्धि र प्रतिफल सुनिश्चित गर्न सक्ने उच्च अवसर रहेको छ ।

*३.६.२ चिस्यान भण्डारण आयोजनाहरु:*

- **चिस्यान भण्डारणको आवश्यकता:** कोशी प्रदेशमा तरकारी, फलफूल, दुग्ध उत्पादन, र माछा जस्ता नाशवान वस्तुहरुको उत्पादन उच्च परिमाणमा छ । तर, पर्याप्त भण्डारण सुविधाको अभावले बाली पछिको नोक्सानी उच्च छ । कृषि उत्पादनको उचित भण्डारण सुविधाको अभावले यी उत्पादनहरुको गुणस्तर अपेक्षाकृत रुपमा कायम गर्न सकिएको छैन् । चिस्यान गृहहरुले नाशवान प्रकृतिका कृषि उपज र यसबाट निर्माण भएका वस्तुहरुको आयु लम्ब्याउन र बजार मूल्य कायम राख्न सहयोग गर्दछ । प्रदेशमा सरकारी र निजी क्षेत्रबाट विगतमा निर्माण भएका अधिकाँश चिस्यान गृहहरु पूर्ण रुपमा उपयोगमा छैनन् । विभिन्न उत्पादनहरुको मिश्रित भण्डारणले गर्दा ती भण्डार गृहमा गन्ध/सुगन्धको प्रभाव पर्नुका साथै स्थानान्तरण लगायतका समस्याहरु रहेकाले ती भण्डार गृहलाइ पुनस्थापित गरी आधुनिक भण्डार गृहको रुपमा रुपान्तरण गर्नु अनिवार्य भएको छ ।

- **लगानीका अवसरहरु र लाभ:** चिस्यान केन्द्र र भण्डारण गृहमा लगानीले कृषि उत्पादनको मूल्य श्रृङ्खला कायम गर्न सहयोग पुर्याउन सक्दछ । कोशी प्रदेशमा उत्पादन संभव भएका बालीको आवश्यकता अनुसार विशेष अनुकूलित चिस्यान गृहहरु निर्माण गरी बाली विशेष संरक्षण योजना बनाउन सकिन्छ । कोशी प्रदेशमा उत्पादन भएका दुग्ध, फलफूल, तरकारी, अदुवा लगायतका वस्तुको उचित भण्डारण पुर्वाधारको निर्माण र सञ्चालनले ती वस्तुको स्थिर माग सहित सबै मौसममा उच्च उपयोगको सुनिश्चितता दिन्छ । यसबाट लगानीकर्ताले स्थिर आय प्राप्त गर्दछन् । उदाहरणका लागि, झापा र मोरङमा चिस्यान गृहहरुले स्थानीय किसान र व्यापारीहरुलाई सेवा दिँदै वार्षिक १५-२० प्रतिशतसम्मको प्रतिफल सुनिश्चित गर्न सक्दछ ।

- **निर्यात बजारमा पहुँच:** चिस्यान भण्डार इकाईहरुले उत्पादनलाइ अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको गुणस्तर कायम गरेर निर्यात बजारमा पहुँच विस्तार गर्ने आधार तयार गर्दछन् । कोशी प्रदेशबाट निर्यात हुने चिया, अलैंची, फलफूल तथा तरकारी जस्ता उत्पादनहरुको गुणस्तर कायम राख्न चिस्यान भण्डारण आवश्यक पर्दछ। भारत र बंगलादेश सहित युरोपेली बजारमा पनि यी उत्पादनहरुको माग उच्च रहेको छ।तसर्थ, शित भण्डार निर्माणमा निर्यातकर्ता र थोक व्यापारीहरुसँग साझेदारी गरी विश्वासिलो शीत भण्डारको स्थापना र सञ्चालन मार्फत उच्च मुनाफा आर्जन गर्न सक्ने देखिन्छ ।

- **मूल्य अभिवृद्धि र विविधिकरण:** चिस्यान भण्डारण सुविधालाई प्रशोधन इकाईहरुसँग अन्तर आवद्ध गरेर कृषि उत्पादनको मूल्य अभिवृद्धि गर्न सकिन्छ। तरकारी फ्रिजिङ, फलफूल प्याकेजिङ, वा दुग्ध उत्पादनको विविधिकरण तथा संरक्षण जस्ता प्रक्रियाले ती वस्तुको बजार मूल्य बढाउन सहयोग पुर्याउछ ।

- **रणनीतिक स्थानको लाभ उपयोग:** भारत, भुटान र बंगलादेशसँगको निकटताले कोशी प्रदेशमा उत्पादन हुने वस्तुको निर्यातमा रणनीतिक लाभ सुनिश्चित गर्न सहयोग पुगेको छ । प्रमुख अन्तर्राष्ट्रिय सीमा नाका विराटनगर र काँकडभि ा नजिक चिस्यान गृहहरु स्थापनावाट आपूर्ति श्रृङ्खलाका महत्वपूर्ण चरणहरु निर्माण गर्न सकिन्छ । काँकडभि ा नजिकको चिस्यान गृहले भारत र बंगलादेशमा निर्यात हुने चिया र अलैंचीको भण्डारणमा सहयोग गर्छ ।

*३.६.३ सुनसरी-मोरङ औद्योगिक करिडोर: औद्योगिक विस्तार र नवप्रवर्तनमा सहयोग*

- **कोरिडोरको आर्थिक योगदान:** सुनसरी-मोरङ औद्योगिक कोरिडोर कोशी प्रदेशको प्रमुख औद्योगिक केन्द्रको रुपमा स्थापित भएको छ । उक्त कोरिडोरमा सञ्चालित उद्योगले देशको औद्योगिक उत्पादनमा ठूलो योगदान पुर्याएका छन् । कृषि प्रशोधन, जूट, सिमेन्ट, स्टिल, कपडा, र औषधिजन्य उद्योग रहेको उक्त क्षेत्रले प्रदेशमा उच्च परिमाणमा प्रत्यक्ष रोजगारी सिर्जना गर्नुका साथै क्षेत्रीय कच्चा पदार्थ उत्पादक र आपूर्तिकर्ताहरुको विचमा मूल्य शृंखला निर्माण गर्न सहयोग पुर्याएको छ।

- **परम्परागत उद्योगको आधुनिकीकरण:** सुनसरी-मोरङ कोरिडोरमा रहेका परम्परागत उद्योगहरु (जस्तै जूट, सिमेन्ट, र स्टिल) मा आधुनिक प्रविधि प्रयोग गरेर उद्योगको उत्पादकत्व बढाउन र उत्पादन लागत घटाउन सहयोगी हुने प्रविधिमा लगानीको उच्च संभावना रहेको छ । उदाहरणका लागि, जूट उद्योगमा ऊर्जा सक्षम मेसिनरी र वातावरणमैत्री उत्पादन (जस्तै जियो-टेक्सटाइल र जैविक झोला) मा हुने थप लगानीले ती उद्योगवाट उत्पादन भएको वस्तुको बजार विस्तार गर्न सहयोग पुर्याउछ ।

- **कृषि प्रशोधनमा मूल्य अभिवृद्धि:** करिडोरमा चिया, चामल, र चिनी जस्ता उद्योगमा लगानी विस्तार गरी कृषि उत्पादनको मूल्य अभिवृद्धि गर्ने अवसर छ। चिया प्रशोधन इकाईले अर्थोडक्स चियाको ब्रान्डिङ र प्याकेजिङमा लगानी गरेर अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य प्राप्त गर्न सक्छन्। स्थानीय र क्षेत्रीय वजारमा उच्च माग भएको कारण कोरिडोरमा चामल र चिनी प्रशोधनमा उद्योगमा हुने लगानी पनि आकर्षक लगानीको रुपमा विस्तारित हुने संभावना उच्च रहेको छ ।

- **हरित परियोजनाको विकास र लगानी अभिवृद्धि:** कोरिडोरमा हाल पूर्ण वा आँशिक क्षमतामा सञ्चालनमा रहेका उद्योगको उत्पादन प्रक्रिया र प्रणालीमा विविधिकरण गर्न सकिन्छ। बायो-इथानोल, औषधिजन्य उत्पादन, र हरित प्रविधि जस्ता वातावरणमैत्री परियोजना नेपालको लागि ठूलो  सम्भावनायुक्त क्षेत्रको रुपमा विकास हुदैं गएको छ। कोशीमा उखुको उत्पादन उच्च छ, जसलाई बायो-इथानोल उत्पादनमा प्रयोग गर्न सकिन्छ। साथै, औषधिजन्य उद्योगहरुले स्थानीय जडीबुटीको उपयोग गरेर आयुर्वेदिक औषधि उत्पादन गर्न सक्छन्। यस्ता परियोजनाहरुले दीर्घकालीन लाभ र वातावरणीय दिगोपन सुनिश्चित गर्न पनि सहयोग पुर्याएको छ ।

- **आधुनिक औद्योगिक पूर्वाधार विकास:** आधुनिक औद्योगिक पार्क, ज्ञान पार्क र डिजिटल पूर्वाधारको विकासले सुनसरी मोरङ्ग करिडोरलाई थप आकर्षक बनाउन सहयोग पुर्याउछ । नयाँ प्रविधि र उदयीमान उत्पादन विधि सहितका यस्ता औद्योगिक पूर्वाधारमा हुने लगानीले स्थापित उद्योगको क्षमता विकासमा पनि सहयोग पुर्याउछ ।

*३.६.४ पर्यटन पूर्वाधारमा व्यावसायिक लगानीका अवसर*

- **कोशी प्रदेशमा पर्यटनको समग्र सम्भावना:** कोशी प्रदेशमा पर्यटनको ठूलो  सम्भावना रहेको छ। सगरमाथा, मकालु, र कञ्चनजंघ जस्ता हिमालहरुले साहसिक पर्यटकलाई आकर्षित गर्छन्। मुन्दुम ट्रेल, लाली गुराँस ट्रेल, र फाल्गुनन्द ट्रेल जस्ता नयाँ ट्रेकिङ रूटको विकासले स्वदेशी तथा विदेशी पर्यटकलाइ आकर्षित गरेको छ । कोशी प्रदेशमा रहेका १४ कालोपत्रे विमानस्थलहरु र प्रदेशका सबै जिल्ला तथा महत्वपूर्ण पर्यटन गन्तव्यमा सडकको पहुँच पुगेको छ। संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त लगानीमा निर्माण भएका विभिन्न पर्यटकीय पूर्वाधार तथा पर्यटनस्थलको पुनर्स्थापना र पुनर्निर्माणको कार्यले पर्यटनको विकासलाइ थप विस्तारित गरेको छ । कोशी प्रदेशवाट भारत र वङ्लादेशका नजिकका गन्तव्यमा क्षेत्रीय उडानको  सुविधा नहुदाँ पर्यटकको प्रवाह अपेक्षाकृत रूपमा वढ्न सकेको पाइदैन् । क्षेत्रीय उडान सञ्चालनले भारतीय पर्यटकलाई सहज बनाउँछ।

- **होटल र ट्रान्जिट सुविधा:** विराटनगर, इटहरी, र धुलाबारी जस्ता शहरहरु ट्रान्जिट हबको रुपमा विकास गर्न सकिन्छ। यी शहरहरुमा होटल, रेस्टुरेन्ट, र यातायात सुविधामा लगानीले पर्यटकको बसाइ लम्ब्याउन सक्छ। MICE (Meeting, Incentives, Conferences, Exhibitions) पर्यटन कार्यक्रमहरुको व्यवस्थापनले व्यावसायिक पर्यटकलाई आकर्षित गर्छ।

- **पर्यटन प्याकेज र यातायात सेवा:** कोशी प्रदेशका पर्यटकीय गन्तव्यलाइ समेटेर स्वदेशी टुर अपरेटरहरुले मुन्दुम ट्रेल, एभरेस्ट दूधकोशी ट्रेल, र कन्याम जस्ता गन्तव्यहरुका लागि पर्यटन प्याकेज तयार गरी पर्यटकको बसाइलाइ लम्बाउन सहयोग योगदान पुर्याउन सक्ने संभावना उच्च रहेको छ । प्रदेशका प्रमुख पर्यटकीय स्थलमा थप यातायात सेवा (जस्तै बस र जिप सेवा) मा हुने लगानीले पर्यटकको पहुँच सहज बनाउँछ। साथै, साहसिक गतिविधि (जस्तै र्याफ्टिङ र प्याराग्लाइडिङ) का लागि उपकरण र गाइड तालिममा पनि लगानी परिचालन गर्न सकिने संभावना उच्च रहेको छ ।

- **स्थानीय विकास र लगानीको प्रभाव:** पर्यटन पूर्वाधारमा लगानीले स्थानीय विकासलाई प्रोत्साहन गर्छ। कन्याम जस्ता क्षेत्रहरुको सौन्दर्यीकरणले रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रलाई बलियो बनाएको छ। मुन्दुम ट्रेल र फाल्गुनन्द ट्रेल जस्ता नयाँ गन्तव्यहरुले पनि यस्तै सम्भावना बोकेका छन्। लगानीकर्ताहरुले होटल व्यवसाय, रेस्टुरेन्ट, र साहसिक गतिविधिमा लगानी गरेर पर्यटनको बढ्दो मागबाट लाभ लिन सक्छन्।

*३.६.५ उत्पादन र प्रशोधन क्षेत्रहरुको विकास मार्फत औद्योगिक उत्पादनको उच्च सम्भावना विस्तार*

- **कृषि प्रशोधन उद्योगको आवश्यकता:** कोशी प्रदेशको समृद्ध कृषि उत्पादन प्रणालीले प्रशोधन उद्योगका लागि स्थिर कच्चा माल आपूर्ति सुनिश्चित गदर्छ। प्रदेशमा उत्पादन हुने कृषि उपजबाट अधिकतम लाभ लिन चिया, अलैंची, जूट, र दुग्ध उत्पादनको प्रशोधन इकाई हरु स्थापना गरेर मूल्य अभिवृद्धि गर्न सकिन्छ। आपूर्ति श्रृङ्खलाको जटिलता र उत्पादन लागत घटाउन मात्र नभइ ती उत्पादनको विविधिकरण गर्न पनि सहयोग पुर्याँउछ ।

- **पूर्वाधार र सरकारी सहयोग:** कोशी प्रदेशमा विस्तार भइ रहेको सडक सञ्जाल, जलविद्युत् आयोजना, सञ्चार सुविधा, औद्योगिक पूर्वाधार र ऊर्जा पहुँचमा भएको सुधारले औद्योगिक क्षेत्रको सञ्चालन दक्षता बढाउन सहयोग पुर्याएको छ । झापा र सुनसरीमा निर्माणाधीन विशेष आर्थिक क्षेत्रले प्रदेशमा निकासीमूलक उद्योग स्थापनाका लागि सहजता प्रदान गर्दछ । कोशी प्रदेशमा विस्तारित हुदैं गएको पूर्वाधारको कारण स्वदेशी तथा विदेशी लगानीकर्ताको उत्कृष्ट लगानी गन्तव्यको रुपमा प्रदेश स्थापित हुने संभावना वढ्दै गएको छ ।



# लगानीका सम्भावना क्षेत्रहरु सारांस टेबल । (हाइलाइट)

कृषि प्रशोधन
यस प्रदेशको विशेष फाइदा यसको भूगोल हो, जसमा उचाइका क्षेत्रहरु र उर्वर तराई समावेश छन्, जसले विभिन्न प्रकारका कृषि उत्पादन गर्न प्रतिस्पर्धात्मक क्षमता प्रदान गर्दछ। ठूलो अलैंची, चिया, छुर्पी उत्पादन तथा दुग्ध उत्पादनसँग सम्बन्धित क्षेत्रहरु प्रमुख सम्भावनायुक्त छन् ।

लगानीकर्ताहरुले उत्पादन संकलन गरेर त्यसलाई परिष्कृत गरी उच्च मूल्यका तयार सामानमा रुपान्तरण गर्ने परियोजनाहरु सञ्चालन गर्न सक्छन् । साथै, विद्यमान सुविधाहरु र प्रशोधन केन्द्रहरुलाई विस्तार तथा उन्नयन गर्ने अवसर पनि छ।

पर्यटन
कोशी प्रदेश नेपालमा पर्यटनको एक महत्वपूर्ण केन्द्र हो। यहाँको प्राकृतिक सौन्दर्य, सांस्कृतिक धरोहर, र जैविक विविधताले आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्छ।

बिराटनगर, इटहरी र धुलाबारीजस्ता शहरहरु यातायातको बीच ट्रान्जिट रुपमा बसोबासको सुविधा उपलब्ध गराउन सक्छन्। यी ठूला शहरहरुले MICE (Meeting, Incentives, Conferences, Exhibitions) पर्यटन कार्यक्रमहरुको व्यवस्थापन र विशेषीकरण पनि गर्न सक्छन्, जुन सोही प्रदेशका लोकप्रिय हिमाली गन्तव्यहरुमा यात्रा अवसरहरुले पर्यटकहरु अतिरिक्त प्रोत्साहनका रुपमा लिना सक्छन्।

मुन्दुम ट्रेल र एभरेस्ट दूधकोशी ट्रेलजस्ता नयाँ गन्तव्यहरुले पनि स्थानीय विकास र लगानीकर्ताहरुका लागि राम्रो सम्भावना प्रस्तुत गर्दछ ।

जलविद्युत
कोशीले आफ्नो विशाल नदी प्रणाली (कोशी, अरूण, तमोर, दूधकोशी) मा विशेषज्ञता हासिल गरेर ऊर्जा उत्पादनमा फाइदा लिन सक्छ। नेपाल सरकारको जल तथा ऊर्जा आयोगको सन् २०२४ को प्रतिवेदनअनुसार कोशी बेसिनमा २२ हजार ४ सय ५० मेगावाट जलविद्युत सम्भावना छ, जुन नेपालको कुल सम्भावनाको २६.५ प्रतिशत हो।
अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (IEA) को सन् २०२४ को प्रक्षेपणअनुसार नेपालको जलविद्युत निर्यात सन् २०३० सम्म १५ प्रतिशतले बढ्ने छ, जसमा कोशी प्रदेशले ४० प्रतिशत योगदान गर्न सक्छ।

उत्पादन र प्रशोधन क्षेत्रहरु
कोशी प्रदेशको रणनीतिक स्थान (Strategic Location) ले यसलाई सबल बजार प्रतिस्पर्धात्मकता (Market Competitiveness) प्रदान गर्छ। यस प्रदेशले भारतका बिहार र पश्चिम बंगाल राज्यहरुसँग सिमाना जोड्दछ, जसले उद्योगहरुलाई ठूला उपभोक्ता बजारहरुसँग प्रत्यक्ष पहुँच दिन्छ।

उत्पादन क्षेत्रमा जूट, उखु, सुर्ती, र अन्न प्रशोधन उद्योगहरुमा लगानी गर्न सकिन्छ। ऊर्जा सक्षम प्रविधि, आधुनिक मेसिनरी, र वातावरणमैत्री उत्पादनमा लगानी आकर्षक छ।

सुनसरी मोरङ औद्योगिक करिडोर
सुनसरी-मोरङ करिडोरका परम्परागत उद्योगहरु, जस्तै, जुट, सिमेन्ट, र स्टिललाई आधुनिक प्रविधि प्रयोग गरी उत्पादनशीलता बढाउन र सञ्चालन लागत घटाउन लगानीकर्ताहरुले अद्यावधिक गर्न सक्छन्। चिया, चामल, र चिनी जस्ता कृषि उत्पादनहरुमा मूल्यवृद्धि गर्ने अवसर पनि लाभदायक छ। उद्योगहरुलाई विविधीकरण गर्नु पनि सम्भावनायुक्त छ, जसमा कृषि आधारित व्यवसायहरु र बायो-इथानोल तथा औषधिजन्य परियोजनाहरु जस्ता वातावरणमैत्री योजनाहरुको ठूलो सम्भावना छ। आधुनिक औद्योगिक पार्क, लजिष्टिक्स केन्द्रहरु, र डिजिटल पूर्वाधार जस्ता संरचनाको विकासले व्यवसायहरुलाई आकर्षित गर्न र सञ्चालन प्रभावकारिता बढाउन मद्दत गर्दछ।

चिस्यान भण्डारण आयोजानाहरु

चिस्यान भण्डार सुविधाहरुलाई प्रशोधन इकाइहरुसँग (जस्तै, फ्रिजिङ, प्याकेजिङ वा सुकाउने) समाहित गरेर, लगानीकर्ताहरुले कच्चा कृषि उत्पादनमा थप मूल्यवृद्धि गर्न सक्छन्। उदाहरणका लागि, तरकारी फ्रिजिङ वा ताजा उत्पादन प्याकेजिङले यसको बजार क्षमता र लाभ बढाउँछ। यस्ता चिस्यान इकाइहरुबाट विविध सेवाहरु प्रदान गर्दा आम्दानीका स्रोतहरु थप सुरक्षित हुन्छन्।

भारत र बंगलादेशसँगको नजिकाइले कोशीलाई व्यापारका लागि रणनीतिक फाइदा प्रदान गर्दछ। सीमा क्षेत्र वा यातायात केन्द्रनजिकै रहेका चिस्यान गृह इकाइहरु आपूर्ति शृंखलाका महत्वपूर्ण केन्द्रका रुपमा काम गर्न सक्छन्, जसले सीमा-पार व्यापार आकर्षित गरेर लगानीकर्ताहरुका लागि आम्दानीको सम्भावना बढाउँछ।

कृषि-लजिस्टिक्स र यातायात

नेपाल सरकारले कृषि क्षेत्रमा पूर्वाधार विकास परियोजनाहरुलाई अनुदान, कर प्रोत्साहन र अनुदानमार्फत समर्थन प्रदान गर्दछ। कृषि-लजिस्टिक्स क्षेत्रमा लगानी गर्नेहरुले यस्ता योजनाहरुको फाइदा उठाई प्रारम्भिक लगानी खर्च घटाउन सक्छन्। साथै, कृषिजन्य निर्यात प्रवर्द्धन र कटनीपछिको घाटा घटाउन सरकारद्वारा सुरु गरिएका पहलहरुले यस क्षेत्रमा लगानीका लागि थप प्रोत्साहन प्रदान गर्छ।

खाद्य उत्पादनहरुको विश्वव्यापी माग बढ्दै गएको र कोशी प्रदेशको कृषि सम्भावनालाई ध्यानमा राख्दा, प्रभावकारी कृषि-लजिस्टिक्सको माग बढ्ने निश्चित छ। लजिस्टिक्स पूर्वाधारमा लगानी गर्दा, लगानीकर्ताहरुले कृषिजन्य निर्यातको बढ्दो प्रवृत्ति र आधुनिकीकरण तथा प्रभावकारी आपूर्ति शृंखलाको आवश्यकतालाई उपयोग गरी लाभ लिन सक्छन्।



# ४ निजी लगानी परिचालन गर्न कोशी प्रदेशमा कायम रहेका चुनौती र समस्याहरू

कोशी प्रदेश नेपालको आर्थिक विकासमा महत्वपूर्ण सम्भावना बोकेको प्रदेश हो । तर, प्रदेशमा लगानी आकर्षण गर्दै आर्थिक वृद्धिमा योगदान हुने वातावरण निर्माण गर्न प्रदेशमा कायम रहेको संरचनागत, नीतिगत, र भौगोलिक चुनौतीले बाधा सृजना गरिरहेहका छन्। लगानी परिचालन सम्वन्धी पछिल्ला तथ्याङ्क र सरोकारवालासँगको अन्तरक्रियामा व्यक्त भएका धारणामा आधारित भइ कोशी प्रदेशमा लगानी परिचालन र अर्थतन्त्रको विस्तारमा देखिएका प्रमुख चुनौती र समस्याहरुलाई यहाँ गहन रुपमा बुँदागत विश्लेषण गरिएको छ। लगानी परिचालनमा कायम रहेका चुनौतीको कारण आर्थिक विकासको उच्च अवसरलाइ प्रदेशको हितमा रुपान्तरण गर्न अवरोध सिर्जना गरिरहेका छन् । यी चुनौतीको समाधान नगरी प्रदेशको आर्थिक समृद्धि कठिन हुने भएकोले संघीय तथा प्रदेश सरकारको तर्फवाट आवश्यक सहयोग अपेक्षित रहन्छ ।

### *४.१.१ संरचनागत आर्थिक असन्तुलन र औद्योगिक क्षेत्रको कमजोर योगदान*

- **सेवा क्षेत्रको प्रभुत्व र औद्योगिक क्षेत्रको न्यून योगदान:** कोशी प्रदेशको प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (GDP) मा सेवा क्षेत्रको योगदान करिव ४५ प्रतिशत रहेको छ । तर, अर्थतन्त्रको मेरुदण्ड मानिने औद्योगिक क्षेत्रको योगदान तुलनात्मक रूपमा न्यून अर्थात २१.७ प्रतिशतमात्र रहेको छ। सन् २०२३/२४ मा कोशीको आर्थिक वृद्धिदर ३.५१ प्रतिशत रहँदा औद्योगिक क्षेत्रको वृद्धिदर २ प्रतिशतभन्दा न्यून छ। कुल ग्राहस्थ उत्पादनको संरचनामा रहेको यस प्रकारको असन्तुलनले अर्थतन्त्रमा संरचनागत समस्या रहेको स्पष्ट हुन्छ । औद्योगिक क्षेत्रको कमजोर वृद्धिदरले रोजगारी सिर्जना, उत्पादन विस्तार, र निर्यातमा नकारात्मक प्रभाव परेको छ। बागमती र गण्डकी प्रदेशको तुलनामा कोशी प्रदेशको औद्योगिक क्षेत्रको योगदान निकै कम छ, जसले लगानीकर्ताहरुलाई अन्य प्रदेशतर्फ आकर्षित गर्ने जोखिम रहेको छ ।

- **कृषि क्षेत्रको अपेक्षित योगदानमा कमी:** कोशी प्रदेशका ६० प्रतिशत भन्दा बढी जनसं[या कृषिमा आबद्ध छन् । तर अर्थतन्त्रमा यस क्षेत्रको योगदान करिव ३२.८ प्रतिशत मात्र रहेको छ। सन् २०२३/२४ मा कृषि बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले घटेको छ तर, कृषि उत्पादनमा भने ०.०३ प्रतिशतले वृद्धि भएको छ। आधुनिक प्रविधिको अभाव, सिँचाइ सुविधाको न्यूनता (कुल खेतीयोग्य क्षेत्रको ४०.५ प्रतिशतमा मात्र सिँचाइ), र बजार पहुँचको समस्याले कृषि क्षेत्रको उत्पादकत्व र योगदान बढ्न सकेको छैन। यसले लगानीकर्ता यथास्थितिमा कृषिमा आधारित उद्योगमा लगानी गर्न प्रोत्साहित भएको पाइदैन् ।

- **आन्तरिक लगानीको क्षेत्र अनुत्पादक क्षेत्रतर्फ निर्देशित:** कोशीमा आन्तरिक लगानी खुद्रा/थोक व्यापार, उपभोग, र घरजग्गा क्षेत्रमा केन्द्रित छ । उत्पादकत्व र रोजगारी सिर्जनामा न्यून योगदान रहेको घरजग्गा क्षेत्रमा भएको लगानी उत्पादनशील हुन सकेको छैन् । प्रदेशभित्र सन् २०२४ मा घरजग्गा क्षेत्रमा ३० प्रतिशत लगानी केन्द्रित भएको भएता पनि दीर्घकालीन आर्थिक वृद्धिमा उक्त लगानीले सकारात्मक प्रभाव पारेको देखिदैंन्। प्रदेशभित्रको उत्पादनमूलक क्षेत्रमा लगानीको अभावले अर्थतन्त्रमा संरचनागत असन्तुलन वढ्दै गएको छ।

### *४.१.२ बजार माग र आपूर्ति श्रृङ्खलामा अवरोध*

- **मागमा कमी र क्रेडिट साइकलमा अवरोध:** देशको समग्र अर्थतन्त्रमा झैं कोशी प्रदेशको अर्थतन्त्रमा मागमा आएको कमीले बजार श्रृङ्खलामा विस्तारित हुन सकेको छैन् । प्रदेशमा सन् २०२४ मा उत्पादित वस्तु र सेवाहरुको माग १५ प्रतिशतले घटेको अनुमान गरिएको र यसवाट क्रेडिट साइकल (Credit Cycle) र नगद रुपान्तरण चक्र (Cash Conversion Cycle) मा अवरोध देखिएको छ। उद्योगी र व्यवसायीले लामो समयसम्म उधारोमा बिक्री गर्नुभन्दा आफ्नो उत्पादन घटाउन श्रेयष्कर ठानी उत्पादन घटाउन थालेका छन्। उत्पादन क्षमता अनुसार उद्योग व्यवसाय सञ्चालन नहुँदा आपूर्ति श्रृङ्खलामा अवरोध सिर्जना गरी रोजगारी र आर्थिक गतिविधिको विस्तारम नकारात्मक प्रभाव पारेको छ।

- **भारतीय उत्पादनसँग प्रतिस्पर्धा:** कोशी प्रदेशको तराई क्षेत्रमा उत्पादित कृषि, तरकारी, र फलफूलको मुख्य बजार तराइ र सोको आसपासका जिल्ला नै हुन । तर, यहाँ उत्पादित ती कृषि उपजले भारतीय बजारबाट औपचारिक र अनौपचारिक माध्यमबाट भित्रिने उत्पादनहरुसँग प्रतिस्पर्धा गर्नुपर्छ। अनौपचारिक व्यापारको हिस्सा न्यून हुन सकेको छैन् । सन् २०२४ मा अनौपचारिक आयातले कोशीको स्थानीय उत्पादनको बिक्री २५ प्रतिशतले घटेको अनुमान छ। स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता कम छ, किनकि अनौपचारिक वा औपचारिक रुपमा आयात भएका भारतीय उत्पादन सस्तो हुन्छन् । अनौपचारिक आयातलाई पूर्ण रुपमा नियन्त्रण नगर्दा प्रदेशमा स्थापना भएका कृषि र कृषिमा आधारित उद्योगहरु संरक्षण गर्न कठिनाइ भएको छ।

*४.१.३ पूर्वाधार र भण्डारण सुविधाको अभाव:*

- **कृषि पूर्वाधारको कमी:** कोशीमा कृषि सडक, साना कोल्ड रुम/च्याम्बर, र कुलिङ हाउस जस्ता आधारभूत पूर्वाधारको अभाव छ। भण्डारण सुविधाको अभावले प्रदेशमा नै उत्पादन भएका फलफूल र तरकारी अफ-सिजनमा पुन: विदेशबाट आयात गर्नुपर्छ। कोशी प्रदेशले वार्षिक १.५ लाख मेट्रिक टन तरकारी उत्पादन गर्छ, तर भण्डारण सुविधाको अभावले तरकारी उत्पादनको मौसममा नै उत्पादित तरकारीको ३० प्रतिशत नोक्सानी हुने वेमौसममा तीनै तरकारी विदेशवाट आयात गर्नुपर्ने अवस्था सृजना भएको छ । यसले स्थानीय उत्पादनको बजार मूल्य घटाउँछ र आयातमा निर्भरता बढाइरहेको देखिन्छ ।

- **गुणस्तरीय सडक सञ्जालको अभाव:** कोशी प्रदेशमा सडक विस्तार भए पनि तिनको गुणस्तर कमजोर छ। सन् २०२४ को तथ्याङ्क अनुसार प्रदेशका ६० प्रतिशत सडक मर्मतको अभावमा जीर्ण भएका र यसका कारण प्रदेशभित्र र वाहिर हुने व्यापारमा व्यापारिक लागत २० प्रतिशतसम्म वढेको छ। गुणस्तरीय सडकको अभावले कच्चा पदार्थ र तयारी वस्तुको ढुवानीमा ढिलाइ हुदाँ उत्पादनको ताजापन र मुनाफा सङ्कुचन गर्छ। यसले किसान र साना व्यवसायीलाई थप उत्पादन गर्न प्रोत्साहन दिँदैन, र आधुनिक प्रविधिमा लगानीका लागि पुँजी जुटाउन कठिनाइ हुन्छ।

- **विद्युत् आपूर्तिको अनियमितता:** कोशीका उद्योगहरुमा विद्युत् आपूर्ति अनियमित छ, जसले उत्पादन कटौती र क्षमता उपयोगमा कमी ल्याएको छ। सन् २०२४ मा औद्योगिक क्षेत्रमा भएको लोडसेडिङले सुनसरी-मोरङ करिडोरका उद्योगहरुको उत्पादनमा मात्र १५ प्रतिशतले कमि आएको छ। विद्युत् आपूर्तिको अनियमितताले उद्योग तथा व्यवसायको सञ्चालन लागत वढी लगानीकर्तामा औद्योगिक परियोजनामा लगानी स्थगन गर्न वाध्य वनाएको छ ।

*४.१.४ जनशक्ति अभाव र युवा पलायन*

- **वढ्दो युवा पलायन र जनसङ्ख्या वृद्धिदरमा कमी:** कोशीमा युवा पलायनको दर उच्च छ। राष्ट्रिय जनगणना २०७८ अनुसार, कोशी प्रदेशको जनसंख्या वृद्धिदर ०.५% मात्र छ, जुन राष्ट्रिय औसत (०.९३%) भन्दा निकै कम हो। अवसरको खोजीमा युवाहरु विदेश पलायन भएका छन्, र प्रदेशमा दक्ष/अदक्ष कामदारको अभाव छ। सन् २०२४ मा कोशीबाट १.२ लाख युवा वैदेशिक रोजगारमा गएका छन् । न्यून दरको जनसंख्या वृद्धि र उत्पादनशील जनशक्तिको वढ्दो विदेश पलायनले कोशी प्रदेशमा उत्पादनशील श्रमशक्तिको न्यूनता वढ्दै गएको छ ।

- **कामदार अभाव र आयातमा निर्भरता:** युवा पलायनले उद्योगहरुमा कामदार अभाव भएको छ। कोशी प्रदेशमा सञ्चालित उद्योग भारत र बंगलादेशका कामदारमा निर्भर हुनु परेको र यसवाट सञ्चालन लागत करिव १० देखि १५ प्रतिशतसम्मले वढेको छ। सन् २०२४ मा सुनसरी-मोरङ करिडोरका उद्योगमा कार्यरत कामदार मध्ये ३० प्रतिशत कामदार विदेशी कामदार रहेका छन् । उत्पादनशील श्रमशक्तिको न्यूनताले श्रम वजारको समग्र माग र आपूर्ति दुवै पक्षमा समस्या ल्याएको छ। खेतीयोग्य जमिन बाँझो रहने र उपभोगका लागि आयातमा निर्भरता बढ्ने जोखिम छ।

- **अवसर सिर्जनाको अभाव:** कोशी प्रदेशमा युवाहरुको शीप, तालिम, र शिक्षापछिको अवस्था अनुगमन गरी सोको अभिलेखीकरण र उपयोग गर्ने कुनै निकाय छैन। श्रमिकको क्षमता, सीप, दक्षता, चाहना र आवश्यकताको सम्वन्धमा कुनै अध्ययन भएको छैन। सन् २०२३ मा कोशी प्रदेशका करिव ५० प्रतिशत श्रमयोग्य युवा स्वदेशमा अवसर नपाइ वैदेशिक रोजगारीलाइ रोजेका छन्। स्वदेशी श्रमशक्तिलाई दक्ष बनाई अवसर प्रदान गर्ने र स्वदेशमा नै अवसर प्रदान गर्न ढिला हुदाँ उत्पादन र उपभोगका लागि आवश्यक श्रमशक्तिको न्यूनता भएको र उत्पादनका लागि विदेशी श्रमिकमाथिको निर्भरता बढ्दै गएको छ।

*४.१.५ पर्यटन क्षेत्रमा संरचनागत र गुणस्तर सम्बन्धी चुनौती*

- **पर्यटन पूर्वाधारको अभाव:** कोशी प्रदेशमा धार्मिक, साहसिक, र प्राकृतिक पर्यटनको ठूलो सम्भावना छ, तर पूर्वाधारको अभावले पर्यटन फस्टाउन सकेको छैन। सहज सडक पहुँच, प्रदूषण, र स्तरीय स्वास्थ्य सेवाको अभावले पर्यटकको बसाइ छोटो भएको छ।

- **आतिथ्य क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा र गुणस्तरको कमी:** कोशी प्रदेशका होटलहरुमा अस्वस्थ प्रतिस्पर्धा भइ गुणस्तरीय आधारभूत सेवाको अभाव छ। सन् २०२४ मा प्रकाशित तथ्याङ्क अनुसार कोशी प्रदेशमा सञ्चालित ६० प्रतिशत होटलहरुले सञ्चालनको न्यूनतम मापदण्ड पूरा गरेका छैनन्। धेरै होटलहरु लोकसेवा परीक्षा र सरकारी भ्रमणमा आउने व्यक्तिहरुमा मात्र निर्भर छन्। सरकारी सहयोग र पर्यटकमैत्री वातावरणको अभावले आतिथ्य क्षेत्रको विकासमा बाधा पुगेको छ।

- **बजारीकरण र प्रचारप्रसारको कमी:** कोशीका पर्यटकीय गन्तव्यहरुको बजारीकरण र प्रचारप्रसार प्रभावकारी छैन। सरकारी प्रयास न्यून छ, र निजी क्षेत्रको पहल पनि सीमित छ। यसले आन्तरिक र बाह्य पर्यटकको आगमन अपेक्षित रुपमा बढ्न सकेको छैन।

*४.१.६ औद्योगिक लगानीमा नीतिगत र प्रशासनिक अवरोध*

- **जमिनको उपलब्धता र उच्च मूल्यः** कोशी प्रदेशमा औद्योगिक प्रयोजनका लागि जमिनको उपलब्धता ठूलो चुनौतीको रूपमा रहेको छ । सन् २०२४ मा विराटनगर तथा इटहरी क्षेत्रमा औद्योगिक जमिनको मूल्य प्रति कट्ठा ५० लाख रूपैयाँसम्म रहेको थियो । उद्योगको स्थापना र सञ्चालनका दृष्टिले उक्त मूल्य अस्वाभाविक रुपमा उच्च मात्र नभइ खरीद गर्न सकिने स्थितिमा पनि छैन् । उपयुक्त ठाउँमा जमिनको अभावले मझौला र ठूला उद्योगीहरुलाई लगानी विस्तारमा बाधा पुगेको छ। विशेष आर्थिक क्षेत्र र नयाँ औद्योगिक क्षेत्रको निर्माणमा भएको ढिलाइले नयाँ उद्योगको स्थापना र सञ्चालनमा असहजता सृजना गरेको छ ।

- **प्रशासनिक र प्रणालीगत अवरोधः** औद्योगिक कच्चा पदार्थ आयातमा प्रशासनिक र प्रणालीगत अवरोधले उद्योगीहरुलाई समस्यामा पारेको छ। व्यवसाय दर्ता, राजस्व भुक्तानी, र सञ्चालनका विविध पक्षमा प्रशासनले सहजीकरण नगर्दा समय र लागत बढ्छ। सन् २०२४ मा कोशी प्रदेशका क्रियाशील ६० प्रतिशत उद्योगीहरुले प्रशासनिक अवरोधका कारण प्रतिस्पर्धात्मक क्षमता निर्माणमा समय दिन नसकेको गुनासो गरेका छन्। प्रशासन यन्त्रको असहयोगी प्रवृत्तिले लगानीको विश्वसनीयता घटाएको छ।

- **सुविधा सम्पन्न औद्योगिक क्षेत्रको अभावः** कोशीमा सुविधासम्पन्न औद्योगिक क्षेत्रको अभाव छ। झापा र दमकमा विशेष आर्थिक क्षेत्र (SEZs) स्थापना गर्ने नेपाल सरकारको योजना भएता पनि उक्त योजनाले सार्थक नतिजा दिन सकेको छैन। फराकिलो बनाइएका राजमार्गहरुलाई आर्थिक करिडोरको रुपमा विकास गर्न सहायक पूर्वाधार (डिजिटल पूर्वाधार) को अभाव छ। यसले लगानीकर्ताहरुलाई प्रदेशमा लगानीका लागि आकर्षित गर्न कठिनाइ भएको छ।

*४.१.७ बजार पहुँच र बजारीकरणको अभाव*

- **व्यापार लजिष्टिक्सको कमीः** कोशीमा बजार पहुँचका लागि आवश्यक व्यापारिक पूर्वाधार (Trade Logistics) को ठूलो अभाव छ। प्रदेशमा निर्माण भएका सडक पूर्वाधारले उत्पादनस्थल र वजारका विचको भौगोलिक दूरी कम भए पनि व्यवस्थित र वातानुकुलित ढुवानी सुविधा, व्यापार सहजीकरण सुविधाको अभावले ती वस्तुको बजार नभए सरह भएको छ। गुणस्तरीय व्यापारिक लजिष्टिक्सको अभावका कारण धनकुटाको अदुवा र तेह्रथुमको अलैंची बजारसम्म पुर्याउन ढुवानी लागत ३० प्रतिशत ले बढी पर्ने गरेको छ।

- **बजारीकरण क्षमताको अभावः** कोशी प्रदेशका रैथाने उत्पादनहरु (जस्तै चिया, अलैंची, र जूट) को बजारीकरण प्रभावकारी छैन। गुणस्तर नियमन, ग्रेडिङ, लेबलिङ, र प्रचारप्रसारमा सरकारी र निजी क्षेत्रको प्रयास अपेक्षित रूपमा न्यून रहेको छ। प्रदेशका ७० प्रतिशत साना उत्पादकले बजारीकरणमा सरकारको समर्थन नपाएको गुनासो गरेका छन्। यसले स्थानीय उत्पादनको बजार विस्तारमा बाधा पुगेको छ।

*४.१.८ अनुसन्धानको अभावमा परम्परागत उद्योगको विस्तारमा सङ्कट*

- **परम्परागत उद्योग धराशायी हुदैः** कोशी प्रदेशका परम्परागत उद्योगका उत्पादन (जस्तै धनकुटाको छाला जुत्ता/चप्पल उद्योग, भोजपुर र संखुवासभाको ढलोट सामग्री र फलामका औजार/भाँडाकुँडा उद्योग) आयातित सस्तो सामग्रीसँग प्रतिस्पर्धा गर्न नसकी धराशायी हुदै गएका छन्। सन् २०२४ मा धनकुटाका ६० प्रतिशत छाला उद्योग बन्द भएका छन्। अन्य परम्परागत उद्योगको स्थिति पनि त्यस्तै छ । यस प्रकारका परम्परागत उद्योगलाई सक्षम बनाउन अनुसन्धान र क्षमता-निर्माणको प्रयास भएको छैन।

- **अनुसन्धान र नवप्रवर्तनको कमीः** कोशी प्रदेश रैथाने उत्पादन र परम्परागत उद्योगहरुको अनुसन्धान र नवप्रवर्तनमा सरकारी र निजी क्षेत्रको लगानी न्यून छ। सन् २०२४ मा कोशीमा अनुसन्धानका लागि विनियोजित रकमको १ प्रतिशत मात्र खर्च भएको छ। अनुसन्धान र विकासका लागि विनियोजन नै न्यून हुने र विनियोजित रकम पनि न्यून खर्च हुने, निजी क्षेत्रबाट अनुसन्धान र विकासका लागि न्यून खर्च गर्ने कारण परम्परागत उत्पादनको गुणस्तर सुधार, बजार विस्तार, र प्रतिस्पर्धात्मक क्षमता निर्माणमा बाधा पुगेको छ।

*४.१.९ प्राकृतिक विपत्ति र जलवायुजन्य जोखिम*

- **प्राकृतिक विपत्तिको प्रभावः** कोशी प्रदेशमा रहेका नदीहरुमा बर्षातको समयमा बाढी र पहाडी क्षेत्रमा पहिरोको जोखिम उच्च छ । मानव र सम्पत्तिका अतिरिक्त उत्पादन र उत्पादित सामाग्री पनि प्राकृतिक विपदका कारण नष्ट भएका छन् । सन् २०२४ मा कोशी नदीमा आएको बाढीले १ अर्ब रूपैयाँ बराबरको कृषि उत्पादन नष्ट गरेको र वार्षिक रूपमा यो प्रवृत्ति वढ्दै गएको छ । यस्ता प्राकृतिक विपत्तिले ठूलो धनजनको क्षति गर्छ, जसले आर्थिक र सामाजिक दुवै क्षेत्रमा प्रभाव पार्छ। प्राकृतिक प्रकोप न्यूनीकरण र व्यवस्थापनमा लगानी अपर्याप्त छ।

- **जलवायु परिवर्तनको असरः** जलवायु परिवर्तनका कारण अतिवृष्टि, अनावृष्टि, र अल्पवृष्टि जस्ता समस्याले कोशी प्रदेशका किसानहरु प्रभावित छन्। सन् २०२४ मा अनावृष्टिका कारण धान उत्पादन १० प्रतिशतले घटेको अनुमान गरिएको छ। पशुपन्छीमा जलवायु परिवर्तनजन्य महामारी ले पनि ठूलो क्षति पुर्याइरहेको छ। बाली र पशुपन्छी बीमा कार्यक्रम प्रभावकारी नहुँदा किसानहरुले राहत पाउन सकेका छैनन् ।

*४.१.१० नीतिगत र तथ्याङ्क सम्बन्धी समस्याहरु*

- **तथ्याङ्कको अभाव र अविश्वसनीयता:** कोशी प्रदेशको कृषि, उद्योग, र सेवा क्षेत्रसँग सम्बन्धित तथ्याङ्क व्यवस्थित र एकीकृत रुपमा अभिलेखीकृत भएको छैन। यसको कारण सही, विश्वसनीय र सामयिक तथ्याङ्कको अभाव रहेको छ । सही र तथ्यपरक तथ्याङ्कको अभावमा तथ्य र प्रमाणमा आधारित, यथार्थपरक, र कार्यान्वयनयोग्य नीति निर्माणमा कठिनाइ भएको छ। लगानीकर्ताहरुलाई पनि विश्वसनीय तथ्याङ्को अभावले निर्णय लिन कठिनाइ भएको छ।

- **लगानी आकर्षणमा सरकारी पहलको कमी:** कोशी प्रदेशमा स्वदेशी र विदेशी लगानी आकर्षित गर्न सरकारले गरेको पहल अपर्याप्त र अधुरो रहेको छ। लगानी प्रोत्साहित गर्न सहजीकरण, सहुलियत, लगानी सम्वन्धी सेवा वितरणमा सहजीकरण र सहयोग, उद्योग क्षेत्रको स्थापना र सञ्चालन तथा लगानीकर्ताको व्यावसायिक लागत न्यूनीकरणका लागि प्रदेशको सहयोग पर्याप्त रहेको छैन् । हिमाल, पहाड, र तराईको जटिल भौगोलिक बनोटले लगानीको आवश्यकता बढाए पनि प्रदेशले सन्तुलित विकासमा उल्लेख्य सुधार गर्न सकेको छैन।

- **परियोजनामा स्थानीय सहभागिता र मुआब्जा समस्याहरु:** राष्ट्रिय र प्रादेशिक गौरवका परियोजनाहरु (जस्तै सडक सञ्जाल) मा मुआब्जा वितरण वैज्ञानिक र यथार्थपरक छैन। परियोजनामा स्थानीय नागरिकको सहयोगात्मक वातावरण वन्न सकेको छैन् । सन् २०२४ मा कोशी प्रदेशमा निर्माणाधीन सडक, रेल परियोजनामध्ये ४० प्रतिशत परियोजना मुआब्जा विवादको कारण ढिलाइ भएका छन्। स्थानीय जनसहभागिता सुनिश्चित नहुँदा पूर्वाधारप्रति अपनत्वको भावना विकास भएको छैन।

*४.१.११ खुला सीमाना र अवैध व्यापारको प्रभाव*

- **अवैध आयातको प्रभाव:** सीमा सुरक्षा र सीमा व्यवस्थापनका लागि भएको लगानी र प्रयासको वावजुद भारतसँगको खुला सिमानाले अवैध चोरी पैठारी बढाएको छ। सन् २०२४ मा अनौपचारिक आयातले कोशी प्रदेशका स्थानीय उत्पादनको बिक्रीमा २५ प्रतिशतले न्यूनता आएको छ।वैध विधिवाट पैठारी भएका सामानको व्यापार पनि अनधिकृत अन्तरदेशीय व्यापारका कारण न्यून रहेको छ । यसले राजस्व सङ्कलनमा पनि बाधा पुर्याएको छ। अवैध आयात नियन्त्रण नहुँदा स्वदेशी उत्पादन प्रतिस्पर्धी बन्न सकेको छैन।

## ४.२ नीतिगत समस्याहरू

कोशी प्रदेशमा लगानी आकर्षण र आर्थिक विकासका लागि नीतिगत अवरोधहरुले ठूलो चुनौती सृजना गरेका छन्। यी अवरोधहरुले प्रदेशको स्वायत्तता, कर प्रणाली, प्रशासनिक प्रक्रिया, र लगानी वातावरणलाई प्रभावित गरेका छन्। सन् २०२४ र २०२५ को तथ्याङ्क र नीतिगत विश्लेषणमा आधारित कोशी प्रदेशमा देखिएका प्रमुख नीतिगत समस्याहरुलाई बुँदागत रुपमा गहन विश्लेषण गरिएको छ। यी समस्याहरुको समाधान बिना लगानी आकर्षण र आर्थिक समृद्धि कठिन छ।

*४.२.१ प्रदेशको सीमित स्वायत्तता र शासन प्रभावकारितामा कमी*

- **प्रदेशको पूर्ण स्वायत्तताको अभाव:** संवैधानिक प्रावधानको वावजुद सम्वन्धित संघीय कानूनको अभावमा कोशी प्रदेश सरकारसँग वन, वातावरण सम्वन्धी कानून कार्यान्वयन र सुरक्षा व्यवस्थापन जस्ता महत्वपूर्ण क्षेत्रमा पूर्ण अधिकार सम्पन्न वन्न सकेको देखिदैंन् । जिल्ला वन अधिकृतहरु सङ्घीय सरकार मातहत छन्, र प्रहरीको जिम्मेवारी अझै प्रदेशमा हस्तान्तरण भएको छैन। सन् २०२४ मा कोशीका ६० प्रतिशत लगानी सम्वन्धी प्रस्ताव सङ्घीय सरकारवाट हुने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको प्रक्रियामा विलम्व हुदाँ ती परियोजना प्रारम्भ हुन सकेका छैनन् । यसले शासन प्रभावकारिता मात्र घटाएको नभइ प्रदेश स्वायत्तता सीमित भएको छ, जसले लगानी परियोजनाहरुको कार्यान्वयनमा अवरोध सिर्जना गरेको छ।

- **राजनीतिक अस्थिरता र नीति कार्यान्वयनमा अवरोध:** कोशीमा बारम्बार नेतृत्व परिवर्तन र राजनीतिक अस्थिरताले प्रशासनलाई कमजोर बनाएको छ। सन् २०२४ मा कोशी प्रदेशमा दुइ पटक सरकार परिवर्तन भएको छ, जसले सरकारको नीति र यसको कार्यान्वयनमा निरन्तरता कायम हुन सकेको छैन। नीतिगत अस्थिरता र नीति प्रतिको प्रतिवद्धताको न्यूनताले लगानीकर्ताहरुको विश्वास घटाएको छ र नीतिगत स्थिरतामा प्रश्न उठाएको छ।

- **अन्तर-प्रादेशिक समन्वयको कमी:** सङ्घीय, प्रादेशिक, र स्थानीय सरकारहरुबीच समन्वय कमजोर छ। अन्तर-प्रदेश परिषद (Inter–Provincial Council) लगायतका समन्वयन र सहजकारी मञ्चहरु प्रभावकारी हुन सकेका छैनन्। सन् २०२४ मा यस्ता परिषदको बैठक १ पटक मात्र बसेको छ, र सङ्घ-प्रदेशबीचको संवाद न्यून छ। यसले नीति कार्यान्वयनमा असंगति र ढिलाइ भएको छ, जसले लगानी परियोजनाहरुको प्रभावकारिता घटाएको छ। प्रभावकारी शासनका लागि समन्वय संयन्त्र बलियो बनाउन र प्रदेश अधिकार प्रवर्द्धन गर्न आवश्यक छ।

*४.२.२ सीमित कर स्वायत्तता र राजस्वमा सङ्घीय सरकारमाथीको अत्यधिक निर्भरता*

- **सङ्घीय कर राजस्वमा अत्यधिक निर्भरता:** कोशी प्रदेश सङ्घीय कर राजस्वमा अत्यधिक निर्भर छ, किनकि आयकर, भन्सार महसूल लगायतका अधिकाँश करको अधिकार संघीय सरकारमा रहेको छ । बाँडफाँड हुने राजस्व सङ्कलन पनि संघीय सरकारको जिम्मेवारीमा रहेको छ ।संघीय राजस्व सङ्कलनमा आएको न्यूनताका कारण सन् २०२४ मा कोशी प्रदेशले सङ्घीय सरकारबाट आफ्नो कुल वजेटको ६० प्रतिशत रकम मात्र प्राप्त गरेको छ । प्रदेशको आफ्नै राजस्व कुल वजेटको १५ प्रतिशत मात्र रहेको छ। कोशी प्रदेशमा सञ्चालित व्यवसायहरुले राष्ट्रिय राजस्वमा १२% योगदान गर्छन्, तर प्रदेशले सोको प्रत्यक्ष वित्तीय लाभ अपेक्षाकृत रुपमा प्राप्त गर्न सकेको छैन्। यसले पर्यावरणीय जोखिम व्यवस्थापन र पूर्वाधार विकासको भार प्रदेशलाई नै पारेको छ।

- **कृषि आयकर सङ्कलनमा कठिनाइ:** प्रदेशको एक मात्र विशेष कर अधिकार कृषि आयकर (Agriculture Income Tax) हो । तर उक्त कर व्यावहारिक रुपमा सङ्कलन भएको छैन। साना खेती प्रणाली र विगतदेखि नै कृषि आयलाइ करको दायरामा नराखिएको कारण सन् २०२४ मा कोशी प्रदेशले कृषि आयकरबाट १ प्रतिशत भन्दा कम मात्र राजस्व सङ्कलन गरेको छ। यसले प्रदेशको राजस्व आधार कमजोर बनाएको छ र लगानी परियोजनाहरुका लागि आवश्यक बजेट अभाव भएको छ।

- **राजस्व वृद्धिका पूर्व क्रियाशीलताको अभाव:** राजस्व वृद्धिका संभावना र क्षेत्र पहिचानका लागि अध्ययन भएको भएता पनि राजस्वको दायरा विस्तारमा तीनको उपयोग हुन सकेको छैन् । साना र व्यावसायिक कृषिबीच कर भिन्नता स्पष्ट नहुँदा कर अनुपालनमा कठिनाइ छ। कर छुट (Tax Credits) र प्रगतिशील आय संरचनाहरु (Progressive Income Structures) मार्फत कर अनुपालन सहज बनाउने नीति कार्यान्वयन भएको छैन।कर परिपालनामा प्रदेश सरकारको पूर्व क्रियाशीलताको अभाव छ । संघीय सरकारवाट प्राप्त हुने बाँडफाटमा आधारित राजस्वलाइ नै राजस्वको आधार वनाइएको छ । सवारी कर लगायतका विभिन्न प्रकारका शुल्कलाइ सामयिकता प्रदान गर्न सकिएको छैन् । अनुदान प्रणालीको स ा सहुलियतपूर्ण ऋण (Soft Loans) उपलब्ध गराउने पहल पनि प्रभावकारी छैन, जसले दिगो कृषि व्यवसाय प्रवर्द्धनमा बाधा पुगेको छ।

*४.२.३ कर दोहोरोपन र नीतिगत असंगति*

- **दोहोरो कर प्रणालीको बोझ:** सङ्घीय, प्रादेशिक, र स्थानीय तहका करहरुबीच दोहोरो कर प्रणाली (Double Taxation) ले व्यवसायहरुको अनुपालन बोझ र सञ्चालन लागत बढाएको छ। सन् २०२४/२५ को बजेट मार्फत सङ्घीय सरकारले मालसामान ढुवानी गर्ने सवारी साधनमा वार्षिक १ हजार ५ सय रुपैंया आय कर लगाएकोमा कोशी प्रदेशले सो करमा ६ सय रुपैंया थप गरेको छ । स्थानीय तहहरुले पनि सोही साधनमा थप कर लगाएका छन्। तहगत सरकारले लगाएको करका कारण समग्र ढुवानी लागतमा १० प्रतिशत वृद्धि भएको छ ।

- **कर नीतिमा असंगति:** कर नीतिहरुमा सং र प्रदेशबीच असंगति छ। सङ्घीय सरकारले चिया उद्योगलाइ आयकरमा छुट दिएको छ । तर कोशी प्रदेशले ती उद्योगलाइ थप कर लगाएको छ। यसले व्यवसायिक लागत बढाएको छ र नयाँ लगानीकर्ताहरुलाई निरूत्साहित गरेको छ।

- **वित्तीय प्रशासन प्रणालीमा समन्वयको अभाव:** वित्तीय प्रशासन प्रणालीहरु (जस्तै SUTRA र MTEF) बीच समन्वयको अभावले योजनाबद्ध बजेट निर्माण र कार्यान्वयन प्रभावित भएको छ। सन् २०२४ मा कोशी प्रदेशको ३० प्रतिशत बजेट कार्यान्वयन यसैका कारण ढिलाइ भएको छ। एकीकृत कर प्रणाली (Unified Taxation Framework) को अभावले कर सङ्कलन र वितरणमा अस्पष्टता छ। संस्थागत समन्वय संयन्त्र र नीतिगत स्थिरता (Policy Consistency) सुनिश्चित गर्न आवश्यक छ।

*४.२.४ भूमिको प्राप्ति र प्रशासनिक ढिलाइ*

- **जग्गा प्राप्तिमा जटिल प्रक्रिया:** कोशी प्रदेशमा औद्योगिक प्रयोजनका लागि जग्गा प्राप्ति प्रक्रिया जटिल भएको छ। ठूलो परिमाणमा जग्गा प्राप्ति गर्दा व्यवसायहरुले सङ्घीय र प्रादेशिक दुवै स्तरबाट स्वीकृति लिनुपर्ने व्यवस्थाले परियोजना कार्यान्वयनमा ढिलाइ गरिरहेको छ। सन् २०२४ मा कोशीका ४० प्रतिशत औद्योगिक परियोजनाहरु भूमि स्वीकृतिको अभावमा ढिलाइ भएका छन्। यो दोहोरो प्रमाणीकरण प्रक्रियाले संभावित लगानीकर्ताहरुलाई निरूत्साहित गरेको छ।

- **प्रशासनिक ढिलाइ र असहयोगी प्रवृत्ति:** प्रशासनिक ढिलाइले लगानी प्रक्रियालाई थप जटिल बनाएको छ। सन् २०२४ मा कोशीमा औद्योगिक परियोजनाहरुको स्वीकृतिमा औसत ६ महिना ढिलाइ भएको छ। प्रशासन यन्त्रले सहजीकरण नगर्ने र सहयोगी नहुने प्रवृत्तिले व्यवसाय दर्ता, राजस्व भुक्तानी, र सञ्चालनमा अवरोध सिर्जना गरेको छ ।

- **जग्गा प्राप्ति सम्बन्धी कानून र नीतिमा सुधारको आवश्यकता:** जग्गा प्राप्ति नीति सरल बनाउन जग्गा प्राप्तिको स्वीकृति दिने अधिकार पूर्ण रुपमा प्रदेश सरकारलाई हस्तान्तरण गर्न, र पारदर्शी नियामक संरचना (Transparent Regulatory Frameworks) सुनिश्चित गर्न आवश्यक छ। यसबाट लगानीकर्ताहरुलाई थप लगानीका लागि प्रोत्साहित हुने वातावरण निर्माण हुन्छ ।

*४.२.५ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA) को कार्यान्वयनमा अवरोध*

- **सङ्घीय निरीक्षण र प्रशासनिक ढिलाइ:** विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA), २०७५ ले कोशीमा लगानी प्रक्रिया सरल बनाउने सम्भावना बोकेको छ, तर प्रस्तावित उद्योगको निरीक्षण तथा अनुगमन सङ्घीय निकायबाट हुनुपर्ने र प्रशासनिक ढिलाइले यसको प्रभावकारिता घटाएको छ। प्रदेशमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन अन्तर्गत स्थापना हुने उद्योगको स्वीकृतिमा कायम रहेको विलम्बले परियोजना कार्यान्वयनमा असहजता आएको छ। अधिकार क्षेत्रको दोहोरोपन (Overlapping Jurisdictions) ले लगानी प्रक्रियालाई जटिल बनाएको छ।

- **प्रादेशिक स्वायत्तताको अभाव:** FITTA ले प्रादेशिक स्तरमा दर्ता भएका उद्योगहरुमा विदेशी लगानी र प्रविधि हस्तान्तरणको अनुमति दिए पनि सङ्घीय स्वीकृति अनिवार्य छ। सन् २०२४ मा कोशीमा ५ वटा प्रविधि-आधारित परियोजनाहरु सङ्घीय स्वीकृतिको अभावमा रोकिएका छन्। यसले प्रादेशिक स्वायत्तता र व्यवसाय-मैत्री वातावरण निर्माणमा बाधा पुगेको छ।

- **दोहोरो सुविधा र समन्वयको कमी:** FITTA ले दोहोरो कर छुट, अनुदान, र वित्तीय सहायता रोक्ने व्यवस्था गरे पनि सङ्घीय र प्रादेशिक सरकारबीच स्पष्ट प्रतिवेदन संयन्त्र (Reporting Mechanism) को अभावमा उक्त व्यवस्थाको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन् । सन् २०२४ मा कोशीका ३० प्रतिशत लगानीकर्तामा दोहोरो सुविधा सम्बन्धी विषयमा अस्पष्टताको कायम रहेको देखिन्छ । स्वच्छ र पारदर्शी व्यवसाय सञ्चालनमा यस प्रकारको अवस्थाले बाधा सृजना गरेको छ ।

*४.२.६ नीतिगत प्रोत्साहनको अपर्याप्त कार्यान्वयन*

- **कर प्रोत्साहन र छुटको प्रभावहीनता:** औद्योगिक ऐन र अन्य नीतिहरुले पूर्वाधार, नवीकरणीय ऊर्जा, र कृषि क्षेत्रमा कर प्रोत्साहन र छुटको व्यवस्था गरेका छन्, तर तिनको कार्यान्वयन प्रभावकारी छैन। आयकरमा सहुलियत तथा छुटको सुविधा र निकासी सुविधा प्राप्त गर्न पुरा गर्नुपर्ने प्रक्रिया पुरा गर्न व्यवसायी सक्षम नहुने कारण दुग्ध र चिया उद्योगका लागि उपलब्ध गराएको भन्सार महसुल छुट र आयकर छुट सुविधाको उपयोग पूर्ण रूपमा हुन सकेको छैन् । प्रशासनिक जटिलताले यस्ता प्रोत्साहनको प्रभावकारिता घटाएको छ।

- **सार्वजनिक-निजी साझेदारी (PPP) मा जटिलता:** सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५ ले ६ अर्ब रूपैंयाभन्दा माथिका परियोजनाहरुका लागि लगानी बोर्डको स्वीकृति अनिवार्य गरेको छ। तर, लगानी बोर्डबाट ती परियोजना स्वीकृतिका लागि हुने गरेको विलम्बले ठूला परियोजनाको कार्यान्वयन लागत बढ्दै गएको छ । सन् २०२४ मा कोशीमा २ वटा एएए परियोजनाहरु सङ्घीय स्वीकृतिको अभावमा रोकिएका छन्। एकद्वार सेवा (One–Stop Service) को व्यवस्था भए पनि यसको प्रभावकारी कार्यान्वयन भएको छैन।

- **नवीकरणीय ऊर्जा नीति कार्यान्वयनमा प्रतिबद्धताको अभाव:** आर्थिक ऐनमार्फत नवीकरणीय ऊर्जा परियोजनाहरुका लागि कर छुटको व्यवस्था भए पनि सोको कार्यान्वयन कमजोर छ। कोशी प्रदेशमा स्थापना हुने २ सय मेगावाटभन्दा माथिका जलविद्युत् परियोजनाहरुका लागि शत प्रतिशत कर छुटको व्यवस्था भए पनि प्रशासनिक ढिलाइले ३ वटा परियोजनाको निर्माण र सञ्चालनको कार्य रोकिएको छ । समयमा सुविधा वा छुट उपयोगको सुनिश्चितता नहुदाँ र समयमा परियोजना स्वीकृत नहुदाँ ऊर्जा क्षेत्रमा थप लगानी परिचालन गर्न बाधा सृजना भएको छ।

# ५ कोशी प्रदेशको आर्थिक वातावरण सुधारका लागि अवलम्वन गरिनुपर्ने सुधारका क्षेत्र

कोशी प्रदेशको आर्थिक वातावरण सुधार गर्न सङ्घीय, प्रादेशिक, र स्थानीय सरकारहरु बीच समन्वयात्मक पहल आवश्यक छ। यहाँको प्राकृतिक स्रोत, रणनीतिक अवस्थिति, र औद्योगिक सम्भावनालाई उपयोग गर्न नीतिगत सुधार, पूर्वाधार विकास, र लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्छ। सन् २०८० र २०८१ को तथ्याङ्क र प्रदेशको लगानी अवस्थाको विश्लेषणका आधारमा कोशी प्रदेशको आर्थिक वातावरण सुधारका लागि सङ्घीय, प्रादेशिक, र स्थानीय सरकारले लिन सक्ने कदमहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ। यी कदमहरुले कोशी प्रदेशको आर्थिक आधारलाई बलियो बनाउन र लगानी आकर्षणमा सहयोग पुर्याउने निश्चित छ ।

## ५.१ सङ्घीय सरकारले गर्नुपर्ने सुधारहरु

- **प्रदेश स्वायत्तता र अधिकार हस्तान्तरण:** सङ्घीय सरकारले कोशी प्रदेशलाई वन कानूनको कार्यान्वयन, आर्थिक सुधारका क्षेत्रमा लगानी परिचालनमा सहयोग, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रादेशिक प्रहरी व्यवस्थापनका क्षेत्रमा पूर्ण स्वायत्तता प्रदान गर्नुपर्छ। प्रहरीको जिम्मेवारी प्रदेशमा हस्तान्तरण गरी शासन प्रभावकारिता बढाउनुपर्छ। यस प्रकारका नीति सहजीकरणले प्रदेशमा आर्थिक विकासका लागि कायम रहेको ढिलाइ र लगानी परियोजना कार्यान्वनयनमा देखिएको अवरोध हटाउन सहयोग गर्छ।

- **कर राजस्वको हिस्सा वृद्धि र एकीकृत कर प्रणाली:** अरु प्रदेश जस्तै कोशी प्रदेश सङ्घीय कर राजस्वमा अत्यधिक निर्भर छ। सङ्घीय सरकारले संकलन गर्ने मूल्य अभिवृद्धि कर (VAT) र आन्तरिक अन्तशुल्कको वाँडफाटको हिस्सा वृद्धि गर्नु पर्दछ । एकीकृत कर प्रणाली (Unified Taxation Framework) स्थापना गरी सङ्घीय, प्रादेशिक, र स्थानीय तहमा दोहोरो कर प्रणाली (Double Taxation) हटाउनुपर्छ। यसले कर परिपालना लागतलाइ १० प्रतिशतले घटाउन सक्छ।

- **प्रशासनिक प्रक्रिया सरलीकरण र एकद्वार सेवाको प्रभावकारिता अभिवृद्धि:** सङ्घीय सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA), २०७५ को कार्यान्वयनमा सङ्घीय निरीक्षण र प्रशासनिक ढिलाइ हटाउनुपर्छ। प्रदेशमा सञ्चालन हुने परियोजनाको स्वीकृतिका लागि प्रादेशिक संरचना विकास गर्ने, लगानी स्वीकृति र सेवा सुविधाका प्रत्याभूतिका लागि एकद्वार सेवा (One–Stop Service) लाई प्रभावकारी वनाउनु जरुरी हुन्छ ।

- **नवीकरणीय ऊर्जा र औद्योगिक पूर्वाधारमा लगानी:** सङ्घीय सरकारले कोशी प्रदेशमा रहेको अपार जलस्रोतको उपयोगक लागि जलविद्युत् र नवीकरणीय ऊर्जा परियोजनाहरुमा लगानी बढाउनुपर्छ। २०० मेगावाटभन्दा माथिका जलविद्युत् परियोजनाहरुका आर्थिक ऐन मार्फत प्रदान गरिएको कर छुट तथा सुविधाको उपयोग सुनिश्चितताका लागि सोको प्रक्रियालाइ सरल र सहज नभएको कारण सोको कार्यान्वयन कमजोर छ । त्यसैले यस प्रकारका सुविधाको सुनिश्चितता वढाउने उपायको खोजी गर्नु अनिवार्य हुन्छ । सङ्घीय सरकारले यस्ता परियोजनाहरुको वित्तीय बन्द (Financial Closure) लाई सहज बनाउनुपर्छ। साथै, औद्योगिक पूर्वाधारको विकासका लागि विशेष आर्थिक क्षेत्र (SEZs) र आर्थिक करिडोरहरुमा सङ्घीय लगानी बढाउनुपर्छ।

- **अनौपचारिक आयात नियन्त्रण:** भारतसँगको खुला सिमानाले अनौपचारिक आयात बढाएको छ। सङ्घीय सरकारले प्रशासनिक तथा कुटनीतिक उपाय अवलम्वन गरी सिमा नियमन सहित र अनधिकृत आयात रोक्न कडा नीति लागू गर्नुपर्छ । अनधिकृत आयातले राजस्व सङ्कलनमा नियमित रूपमा बाधा पुर्याएको छ। अनौपचारिक आयात सहित अर्थतन्त्रको नियन्त्रणका लागि अवलम्वन गरिएको प्रयासको सफलताले स्वदेशी उत्पादनलाई प्रतिस्पर्धी बनाउन सहयोग पुर्याउँछ ।

## ५.२ प्रदेश सरकारले गर्नुपर्ने सुधारहरु

- **औद्योगिक पूर्वाधार र आर्थिक करिडोर विकास:** कोशी प्रदेश सरकारले औद्योगिक पूर्वाधार विकासमा जोड दिनुपर्छ। उत्तर-दक्षिण र पूर्व-पश्चिम आर्थिक करिडोरहरु (जस्तै विराटनगर-धनकुटा र झापा-इलाम) स्थापना गरी सबै भौगोलिक क्षेत्रलाई आर्थिक रुपान्तरणको प्रक्रियामा समेट्नुपर्छ।कच्ची ग्रामीण सडकको स्तरोन्नती गरी उत्पादित वस्तुको बजारीकरणका लागि सहयोग पुर्याउन प्रदेश सरकारले लगानी परिचालन गर्नु पर्दछ । यस प्रकारका आर्थिक करिडोरले आय र अवसरको वितरणमा सहयोग गर्छ र युवालाई रोजगारी प्रदान गर्छ।

- **व्यापारिक मार्ग र व्यापार लजिष्टिक्स (Trade Logistics) को विकास:** कोशीमा व्यापारिक मार्ग र व्यापार लजिष्टिक्स सेवाको अभाव छ। प्रदेश सरकारले मल्टी-मोडल अवधारणामा आधारित व्यापारिक मार्गहरु (जस्तै विराटनगर-धनकुटा र झापा-काँकडभि ा) र सङ्कलन केन्द्रहरु (Collection Centers) निर्माण गर्नुपर्छ। चिस्यान केन्द्र, व्यवस्थित भण्डारगृह लगायतका लजिष्टिक्स पूर्वाधारले व्यापार लागतलाइ करिव २० प्रतिशतले घटाउन मद्दत पुर्‍याँउछ ।

- **कृषि प्रशोधन उद्योगको प्रवर्द्धन:** कोशीले चिया (१६ हजार ५ सय मेट्रिक टन), अलैंची (१.२ लाख मेट्रिक टन), र आलु (देशको ३३ प्रतिशत) उत्पादनमा अग्रणी स्थान राख्छ। प्रदेश सरकारले यी उत्पादनहरुमा प्रशोधन उद्योगहरु (जस्तै चिया ब्रान्डिङ, अलैंची प्याकेजिङ, र आलु चिप्स उत्पादन) लाई प्रोत्साहन गर्न अनुदान, कर छुट, र सहुलियतपूर्ण ऋण प्रदान गर्नुपर्छ। सन् २०२४ मा कोशीले चियाको ३ अर्ब रुपैयाँको निर्यात गरेको छ, जसलाई प्रशोधनले दोब्बर बनाउन सकिन्छ।

- **प्रतिस्पर्धी वातावरण र व्यावसायिक संस्कार निर्माण:** प्रदेश सरकारले प्रतिस्पर्धी वातावरण सिर्जना गर्न अस्वस्थ प्रतिष्पर्धा नियन्त्रण गर्ने, व्यावसायिक लागत न्यूनीकरण गर्ने तथा उच्च नैतिक संस्कारयुक्त व्यावसायिक वातावरण निर्माणको वातावरण तयार गर्नु पर्दछ । व्यावसायिक सङ्गठनहरुसँग मिलेर असल व्यावसायिक संस्कार निर्माण गरी सार्वजनिक विश्वास बढाउदै  औद्योगिक वातावरणलाइ सवल वनाउनु जरुरी हुन्छ।

- **युवा पलायन रोक्न अवसर सिर्जना:** कोशी प्रदेशबाट वढ्दै गएको युवा पलायन समग्र प्रदेशको विकासका लागि चिन्ताको विषय भएको छ । सन् २०२४ मा प्रदेशका १.२ लाख युवा वैदेशिक रोजगारमा गएका छन्। प्रदेश सरकारले युवालाई स्वदेशमै अवसर सिर्जना गर्न शीप विकास, तालिम, र रोजगारी कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ। सूचना प्रविधि र चौथो पुस्ताको औद्योगीकरण मा आधारित उद्योगहरुमा लगानी बढाएर युवालाई आकर्षित गर्न सहजकारी नीति तथा कार्यक्रमको अवलम्वन गर्नु जरुरी भएको छ ।

- **प्रादेशिक औद्योगिक लगानी कोष स्थापना:** औद्योगिक व्यवसाय ऐन, २०७६ को धारा ५२ अनुसार कोशी प्रदेशले प्रदेश औद्योगिक लगानी तथा प्रवर्द्धन कोष स्थापना गर्न सक्ने प्रावधान रहेकोले प्रदेशभित्र औद्योगिक विकासका लागि आवश्यक कार्यका लागि उक्त कोषको स्थापना हुनु पर्दछ । यो कोषले साना उद्योगहरुलाई वित्तीय सहायता, प्रोत्साहन नीति, र लगानी प्रवर्द्धनमा सहयोग गर्छ।

## ५.२ प्रदेश सरकारले गर्नुपर्ने सुधारहरु

- **औद्योगिक पूर्वाधार र आर्थिक करिडोर विकास:** कोशी प्रदेश सरकारले औद्योगिक पूर्वाधार विकासमा जोड दिनुपर्छ। उत्तर-दक्षिण र पूर्व-पश्चिम आर्थिक करिडोरहरु (जस्तै विराटनगर-धनकुटा र झापा-इलाम) स्थापना गरी सबै भौगोलिक क्षेत्रलाई आर्थिक रुपान्तरणको प्रक्रियामा समेट्नुपर्छ।कच्ची ग्रामीण सडकको स्तरोन्नती गरी उत्पादित वस्तुको बजारीकरणका लागि सहयोग पुर्‍याउन प्रदेश सरकारले लगानी परिचालन गर्नु पर्दछ ।  यस प्रकारका आर्थिक करिडोरले आय र अवसरको वितरणमा सहयोग गर्छ र युवालाई रोजगारी प्रदान गर्छ।

- **व्यापारिक मार्ग र व्यापार लजिष्टिक्स (Trade Logistics) को विकास:** कोशीमा व्यापारिक मार्ग र व्यापार लजिष्टिक्स सेवाको अभाव छ। प्रदेश सरकारले मल्टी-मोडल अवधारणामा आधारित व्यापारिक मार्गहरु (जस्तै विराटनगर-धनकुटा र झापा-काँकडभि ा) र सङ्कलन केन्द्रहरु (Collection Centers) निर्माण गर्नुपर्छ। चिस्यान केन्द्र, व्यवस्थित भण्डारगृह लगायतका लजिष्टिक्स पूर्वाधारले व्यापार लागतलाइ करिव २० प्रतिशतले घटाउन मद्दत पुर्‍याँउछ ।

- **कृषि प्रशोधन उद्योगको प्रवर्द्धन:** कोशीले चिया (१६ हजार ५ सय मेट्रिक टन), अलैंची (१.२ लाख मेट्रिक टन), र आलु (देशको ३३ प्रतिशत) उत्पादनमा अग्रणी स्थान राख्छ। प्रदेश सरकारले यी उत्पादनहरुमा प्रशोधन उद्योगहरु (जस्तै चिया ब्रान्डिङ, अलैंची प्याकेजिङ, र आलु चिप्स उत्पादन) लाई प्रोत्साहन गर्न अनुदान, कर छुट, र सहुलियतपूर्ण ऋण प्रदान गर्नुपर्छ। सन् २०२४ मा कोशीले चियाको ३ अर्ब रुपैयाँको निर्यात गरेको छ, जसलाई प्रशोधनले दोब्बर बनाउन सकिन्छ।

- **प्रतिस्पर्धी वातावरण र व्यावसायिक संस्कार निर्माण:** प्रदेश सरकारले प्रतिस्पर्धी वातावरण सिर्जना गर्न अस्वस्थ प्रतिष्पर्धा नियन्त्रण गर्ने, व्यावसायिक लागत न्यूनीकरण गर्ने तथा उच्च नैतिक संस्कारयुक्त व्यावसायिक वातावरण निर्माणको वातावरण तयार गर्नु पर्दछ । व्यावसायिक सङ्गठनहरुसँग मिलेर असल व्यावसायिक संस्कार निर्माण गरी सार्वजनिक विश्वास बढाउदै  औद्योगिक वातावरणलाइ सवल वनाउनु जरुरी हुन्छ।

- **युवा पलायन रोक्न अवसर सिर्जना:** कोशी प्रदेशबाट वढ्दै गएको युवा पलायन समग्र प्रदेशको विकासका लागि चिन्ताको विषय भएको छ । सन् २०२४ मा प्रदेशका १.२ लाख युवा वैदेशिक रोजगारमा गएका छन्। प्रदेश सरकारले युवालाई स्वदेशमै अवसर सिर्जना गर्न शीप विकास, तालिम, र रोजगारी कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ। सूचना प्रविधि र चौथो पुस्ताको औद्योगीकरण मा आधारित उद्योगहरुमा लगानी बढाएर युवालाई आकर्षित गर्न सहजकारी नीति तथा कार्यक्रमको अवलम्वन गर्नु जरुरी भएको छ ।

- **प्रादेशिक औद्योगिक लगानी कोष स्थापना:** औद्योगिक व्यवसाय ऐन, २०७६ को धारा ५२ अनुसार कोशी प्रदेशले प्रदेश औद्योगिक लगानी तथा प्रवर्द्धन कोष स्थापना गर्न सक्ने प्रावधान रहेकोले प्रदेशभित्र औद्योगिक विकासका लागि आवश्यक कार्यका लागि उक्त कोषको स्थापना हुनु पर्दछ । यो कोषले साना उद्योगहरुलाई वित्तीय सहायता, प्रोत्साहन नीति, र लगानी प्रवर्द्धनमा सहयोग गर्छ।

## ५.३ स्थानीय सरकारले गर्नुपर्ने सुधारहरू

- **साना व्यवसायीलाई अनुसन्धान र बजारीकरण सहयोग:** स्थानीय सरकारहरुले साना व्यवसायीलाई अनुसन्धान, वस्तु-विकास, ब्रान्डिङ, र बजारीकरणमा सहयोग गर्नुपर्छ। सन् २०२४ मा कोशी प्रदेशका ७० प्रतिशत साना उत्पादकले राज्यका कुनै तहबाट बजारीकरण समर्थन नपाएको गुनासो गरेका छन्। स्थानीय तहले रैथाने उत्पादनहरु (जस्तै धनकुटाको अदुवा र तेह्रथुमको अलैंची) को गुणस्तर नियमन, ग्रेडिङ, र लेबलिङमा सहयोग गर्नुपर्छ। यसले स्थानीय उत्पादनको बजार विस्तारमा सहयोग गर्छ।

- **व्यवसाय दर्ता र सञ्चालन प्रक्रिया सरलीकरण:** स्थानीय सरकारले व्यवसाय दर्ता, नवीकरण, र सञ्चालन प्रक्रियालाई सरल बनाउनुपर्छ। नेपालको संविधान तथा औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार स्थानीय तहलाइ लघु उद्यम, घरेलु उद्योग, र साना व्यवसायहरुको दर्ता र नियमनको अधिकार रहेको छ । अनलाइन प्रणाली र स्थानीय स्तरबाट कागजी काम सहज बनाएर यो समस्या समाधान गर्न सकिन्छ ।

- **उच्चस्तरको स्वास्थ्य, शिक्षा, र सहरी पूर्वाधार:** स्थानीय सरकारले विराटनगर, धरान, र इटहरी जस्ता ठूला शहरहरुमा उच्चस्तरको स्वास्थ्य, शिक्षा, र सहरी पूर्वाधार विकास तथा सुधार गरी दक्ष जनशक्तिलाई आकर्षित गर्न सक्ने सक्षमता राखेको छ । प्रदेशलाइ शिक्षा र स्वास्थ्यको केन्द्रको रुपमा विकास गर्न स्थानीय सरकारले पनि सोही नीति अनुरूपका सहजीकरणका कार्यलाइ निरन्तरता दिनु जरुरी हुन्छ । साथै, स्थानीय सरकारका तर्फबाट सहरीकरणमा जोड दिएर पर्यटक र लगानीकर्ताहरुलाई आकर्षित गर्न सकिन्छ।

- **पर्यटकीय गन्तव्यको प्रचारप्रसार र सौन्दर्यीकरण:** स्थानीय सरकारले कन्याम, मुन्दुम ट्रेल र फाल्गुनन्द ट्रेल लगायतका साँस्कृतिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यहरुको सौन्दर्यीकरण र प्रचारप्रसारमा लगानी गर्नुपर्छ। संघ, प्रदेश र स्थानीय सरकारका तर्फबाट विकास गरिएका यस्ता गन्तव्यको सम्वर्द्धन र प्रवर्द्धनले पर्यटकीय सम्भावनालाइ थप उजागर गर्ने निश्चित छ। स्थानीय तहले होटल व्यवसायीलाई गुणस्तर सुधार र पर्यटकमैत्री वातावरण बनाउन सहयोग गर्नुपर्छ।

## ५.४ तीनै तहका सरकारबीच समन्वय र संवाद मञ्च स्थापना

- **स्थायी संवाद मञ्चको स्थापना:** सङ्घीय, प्रादेशिक, र स्थानीय सरकारबीच व्यावसायिक जगतसँग नियमित संवादका लागि स्थायी मञ्च स्थापना गर्नुपर्छ। अन्य प्रदेश झैं कोशी प्रदेशका स्थानीय तह र स‹ एवम् अन्तर प्रदेशबीचको संवाद न्यून छ, जसले नीति कार्यान्वयनमा असंगति ल्याएको छ। प्रस्तावित मञ्चले राजस्व प्रशासन, व्यवसाय सहजीकरण, र वैकल्पिक समाधानहरुको मूल्याङ्कन गरी तत्काल समाधान लागू गर्न सक्छ।

- **सह लगानी (Co–Financing) र सार्वजनिक-निजी साझेदारी (PPP):** तीनै तहका सरकारले सह लगानी र सार्वजनिक निजी साझेदारीको मोडलमार्फत औद्योगिक पूर्वाधार, लजिष्टिक्स केन्द्र र व्यापारिक मार्गहरु निर्माण गर्नुपर्छ। यस्ता परियोजनाको स्वीकृति प्रक्रिया सरल बनाउनुपर्छ, र प्रादेशिक/स्थानीय सरकारले स्थानीय सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

## ५.५ कोशी प्रदेशको आर्थिक आधार बलियो बनाउने रणनीतिहरू

- **कृषि प्रशोधन उद्योगको विस्तार:** कोशी प्रदेश मकै (देशको कुल उत्पादनमा २५ प्रतिशत योगदान) र आलु (कुल उत्पादनमा ३३ प्रतिशत योगदान) उत्पादनमा अग्रणी स्थानमा रहेको छ । यी उत्पादनहरुमा प्रशोधन उद्योगहरु (जस्तै मकैबाट बायो-इथानोल र आलुबाट स्टार्च) स्थापना गरी ग्रामीण क्षेत्रलाई मूल्य शृंलामा जोड्ने उच्च संभावना रहेको छ । कोशी प्रदेशमा उत्पादन हुने फलफूललाइ प्रशोधन गरेर निर्यात गर्न सकिन्छ। यसले रोजगारी सिर्जना र आय वितरणमा सहयोग गर्छ।

- **ऊर्जा खपत गर्ने उद्योगहरुको प्रवर्द्धन:** कोशी प्रदेशमा रहेको उच्च ऊर्जा उत्पादन सम्भावनालाइ मध्येनजर राखी ऊर्जा खपत गर्ने उद्योगहरु (जस्तै स्टिल, सिमेन्ट, र धागो कारखाना) लाई आकर्षित गर्न सकिन्छ । प्रदेशमा सञ्चालित धागो कारखानाहरुले विश्वव्यापी बजारमा आफ्नो स्थान सुरक्षित राख्न सफल भएका छन्। भारत र चीन-लक्षित दीर्घकालीन आपूर्ति श्रृङ्खलाको साझेदारीले दिगो औद्योगिकरणको आधार बनाउन सक्छ।

- **औद्योगिक ज्ञान र प्रविधिको स्रोत केन्द्र स्थापना:** ८ दशक लामो विराटनगरको औद्योगिक इतिहासलाई उपयोग गरी कोशीलाई औद्योगिक ज्ञान, अनुसन्धान, र सहायक सेवाको स्रोत केन्द्र बनाउनुपर्दछ । प्रदेशमा अझै पनि उच्चस्तरीय औद्योगिक प्रयोगशालाहरुको अभाव छ। विराटनगर जुटमिलमा रहेको यन्त्रशालालाई पुनर्संरचित गरी मेसिनरी डिजाइन, मरम्मत, र प्रोटोटाइप विकासको केन्द्र बनाउन सकिन्छ।

## ५.६ कोशी प्रदेशको आर्थिक वातावरण सुधारका निमित्त तय गरिएका लक्ष्यहरु

- **औद्योगिक नेतृत्व पुनर्स्थापना:** विराटनगरको उत्पादनशील (Manufacturing) उद्योगको विरासतलाई पुनर्स्थापना गरी कोशी प्रदेशलाई औद्योगिक नेतृत्वमा अग्रणी बनाउनुपर्छ। सन् २०२४ मा राष्ट्रिय औद्योगिक उत्पादनमा कोशी प्रदेशले गरेको औद्योगिक योगदान २१.७ प्रतिशतलाइ विस्तार गरी ३० प्रतिशत पुर्याउने लक्ष्य अवलम्वन गर्ने । यसवाट लगानीको सुरक्षा र निजी लगानीकर्ताको लगानी विश्वास अभिवृद्धिमा सहयोग पुर्याँउछ ।

- **सूचना प्रविधि र चौथो पुस्ताको औद्योगीकरण:** कोशी प्रदेशको औद्योगिक विकास तथा रुपान्तरणका लागि सूचना प्रविधि र चौथो पुस्ताको औद्योगीकरण मा लगानी बढाउनुपर्छ। सन् २०२४ सम्म कोशी प्रदेशमा सूचना प्रविधिमा आधारित उद्योगको संख्या कुल उद्योगको ५ प्रतिशत मात्र रहेको र यसलाइ विस्तार नगरी औद्योगिक विकासको आधार तयार गर्न नसकिने हुदाँ सो क्षेत्रमा लगानी विस्तार हुनु अपरिहार्य हुन्छ । यान्त्रिक प्रविधिको संयोजनले उत्पादनमा लचकता र विविधता ल्याउन सकिन्छ, जसले बजार जोखिम घटाउँछ।

- **निर्यातको नेतृत्व:** कोशी प्रदेशको रणनीतिक अवस्थितिलाई उपयोग गरी निर्यातको नेतृत्व लिनुपर्छ। कोशी प्रदेशमा उत्पादन भएका विभिन्न वस्तुको उच्च निर्यात संभावना भएकोले भारत, बंगलादेश र युरोपेली बजारमा निर्यात विस्तार गर्न निर्यात-उन्मुख उद्योगहरुमा लगानी आकर्षित गर्नुपर्छ।

- **प्रदेशभित्र आपूर्ति र मूल्य श्रृङ्खला निर्माण:** कोशी प्रदेशमा आन्तरिक आपूर्ति र मूल्य श्रृङ्खला निर्माणमा जोड दिनुपर्छ। सन् २०२४ सम्म कोशी प्रदेशका ४० प्रतिशत ग्रामीण क्षेत्रका उत्पादन मूल्य श्रृङ्खलामा जोडिएका छैनन्। आर्थिक करिडोर र प्रशोधन उद्योगहरुले सबै क्षेत्रमा आय वितरण सुनिश्चित गर्छ, जसले आर्थिक वृद्धिलाई दिगो बनाउन पनि योगदान पुर्याँउछ ।



# ६ कोशी प्रदेशमा लगानी आकर्षणका लागि गरिनुपर्ने नीतिगत सुधारहरू

## ६.१ व्यवसाय दर्ता र नियमन प्रक्रियाको सरलीकरण

कोशी प्रदेशमा लगानी सम्मेलनमार्फत औद्योगिक नेतृत्व पुनर्स्थापना गर्न व्यवसाय दर्ता र नियमन प्रक्रियालाई छरितो बनाउने प्रतिवद्धता सरकारी क्षेत्रवाट आउन र सो वमोजिमको सुधार गर्नु अत्यावश्यक छ । जटिल र ढिलो प्रक्रियाले लगानीकर्ताहरुलाई निरूत्साहित गर्छ। सन् २०२४ को विश्व बैंकले प्रकाशित गरेको Provincial Investment Climate Assessment प्रतिवेदनअनुसार नेपालमा व्यवसाय सुरु गर्न औसत २३ दिन लाग्छ, जुन भारत (१८ दिन) र भुटान (१२ दिन) को तुलनामा धेरै हो। कोशी प्रदेशमा कायम रहेको यो अवस्थालाई सुधार्न विराटनगरमा डिजिटल प्लेटफर्मसहितको एकद्वार प्रणाली स्थापना गरी कम्पनी दर्ता, कर नम्बर, र उद्योग स्वीकृतिलाई ४८ घण्टाभित्र प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ । साथै, व्यवसाय नवीकरणको अवधि वार्षिकबाट त्रिवर्षीय बनाई डिजिटल पोर्टलमार्फत १५ दिनभित्र प्रक्रिया सम्पन्न गर्ने सुविधा थप गर्ने र ५ करोड रुपैयाँसम्मका स्टार्टअपलाई दर्ता शुल्कमा ५० प्रतिशत छुट तथा पहिलो ३ वर्ष आयकरमुक्त नीति लागू गरी स्टार्टअप सहायता डेस्क स्थापना गर्नुपर्छ। यी कदमले व्यवसाय सुरु गर्ने समय ५ दिनमा झर्छ, जसले सन् २०२६ सम्म कोशीमा वार्षिक १ हजार नयाँ उद्यम र १५ हजार रोजगारी सिर्जना गर्ने आधार तयार गर्दछ ।

## ६.२ विदेशी मुद्रा सटही र लगानी सम्बन्धित नियमहरूको सुधार

कोशी प्रदेशले निर्यात नेतृत्वको लक्ष्य हासिल गर्न विदेशी लगानीकर्ताहरुलाई सटही सुविधा र नाफा फिर्ता प्रक्रियामा सहजता प्रदान गरी ढिलाइको कारण लगानीको आकर्षणमा रहेको अवरोधलाइ अन्त्य गर्नुपर्दछ । विदेशी लगानीमा स्थापना हुने उद्यमले आफूले गरेको नाफा फिर्ता लैजान निवेदन दिएको १५ दिनभित्र स्वचालित रुपमा स्वीकृति हुने व्यवस्था गर्ने र नेपाल राष्ट्र बैंकको अनुमति प्रक्रियालाइ विद्युतीय प्रक्रियामा आवद्ध गर्नुपर्दछ । साथै, सूचना प्रविधि र राइड शेयरिङमा ७० प्रतिशत विदेशी लगानीको व्यवस्थालाई क्ष्लमगकतचथ ४.० (रोबोटिक्स, बक्ष) मा विस्तार गरी न्यूनतम लगानी सीमा १ करोड रुपैया कायम गर्ने र नेपाली कम्पनीले विदेशमा फ्रेन्चाइज बिक्री गर्न विराटनगरमा "फ्रेन्चाइज सहायता केन्द्र" स्थापना गरी निर्यातमा ५ वर्षसम्म २५ प्रतिशत कर छुट दिनुपर्छ। यी सुधारले सन् २०२६ सम्म कोशीमा विदेशी लगानी १५ प्रतिशत पुग्ने र वार्षिक ५ अर्ब रुपैयाँको फ्रेन्चाइज निर्यात हुने सम्भावना छ।

## ६.3 जग्गा प्राप्ति र वन क्षेत्र उपयोगको सहजीकरण लचिलोपन

कोशी प्रदेशमा जलविद्युत र औद्योगिक परियोजनाहरुका लागि जग्गा प्राप्ति र वन क्षेत्र उपयोगमा कडाइले लगानी सम्मेलनको प्रभावकारिता घटाउदै लगेको छ । त्यसैले यो क्षेत्रमा लचिलोपन आवश्यक छ। हाल वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा हाल सञ्चालित उद्यम र नयाँ उद्यमले १० प्रतिशत वन क्षेत्र उपयोगमा छुट, सट्टाभर्नाको सट्टा नगद जम्मा, र मध्यवर्ती क्षेत्रमा आयोजना सञ्चालनमा सहज प्रवन्ध गर्नु जरूरी हुन्छ ।कोशी प्रदेशको कुल क्षेत्रफलको ४५ प्रतिशत क्षेत्र वनले ढाकिएको र वन सम्वन्धी हालको व्यवस्थाका कारण प्रदेशमा ठूला परियोजना विकास र सञ्चालनमा बाधा सृजना भएको छ । यो चुनौती समाधान गर्न हदबन्दीभन्दा बढी जग्गा लिएका उद्योगले ७५ प्रतिशत धितो राखेर ऋण लिन पाउने र बिक्री प्रक्रिया ३० दिनभित्र पूरा गर्ने नीति बनाउनुपर्छ। ठूला परियोजनाहरु (५०० मेगावाटमाथि) का लागि २० प्रतिशत सम्म वन क्षेत्र उपयोगमा छुट दिई स । नगदको ५० प्रतिशत रकम मिनाहा गर्नुपर्दछ । ढुङ्गा, गिट्टी, र बालुवा उत्खननको पूर्ण अधिकार प्रदेशलाई हस्तान्तरण गरी सुनसरी र उदयपुरमा खानी क्षेत्र पहिचान गरेर २०२६ सम्म सञ्चालन थाल्नुपर्छ। यस्ता सुधारले ५ नयाँ जलविद्युत परियोजना र १० औद्योगिक इकाई थपिने र यसवाट प्रदेशको राजस्वमा वार्षिक १० अर्ब रुपैयाँ राजस्व थप हुने अनुमान गरिएको छ ।

## ६.४. औद्योगिक व्यवसाय ऐनको संशोधन र प्रादेशिक अधिकार

कोशी प्रदेशको औद्योगिक नेतृत्व पुनर्स्थापना गर्न औद्योगिक व्यवसाय ऐन संशोधन र प्रादेशिक अधिकार विस्तार गर्नु अपरिहार्य छ। हाल ५० करोडसम्मका उद्योग दर्ता प्रदेशमा र ६ अर्बमाथिको लगानी वोर्डमा  छ, जुन कोशीको सम्भावनालाई पूर्ण उपयोग गर्न अपर्याप्त छ। यो अवस्थालाई सुधार्न २ अर्बसम्मका उद्योगको दर्ता, नियमन, र स्वीकृति कोशी सरकारले गर्न सक्ने अधिकार प्रदान गर्नुपर्छ। उद्योग विभागको शाखा विराटनगरमा स्थापना गरी ठूला परियोजनाको स्वीकृति ४५ दिनभित्र दिने व्यवस्था गर्नुपर्छ, र FITTA मा समावेश रिभर्स इन्जिनियरिङलाई प्रोत्साहन गर्न विराटनगरमा प्राविधिक सहायता केन्द्र स्थापना गर्नुपर्छ। यस्ता सुधारले कोशीमा एकसय नयाँ मझौला उद्योग थपिन सक्छन्, जसले वार्षिक ५ अर्ब रुपैयाँ राजस्व थप्नेछ।

### ६.५. व्यापारिक मार्ग र लजिस्टिक्स विकास

कोशीको निर्यात नेतृत्व र आपूर्ति शृंखला बलियो बनाउन व्यापारिक मार्ग र लजिस्टिक्स पूर्वाधारको विकास अनिवार्य छ, किनभने हालका राजमार्गहरु बल्क कार्गोको व्यवस्थापन गर्ने सक्षमता रहेको छैन। काकडभि । देखि कोलकाता बन्दरगाहसम्मको दूरी ५ सय कि.मिको मात्र भएता पनि व्यापारिक सुविधा अभाव छ। निर्माणाधीन किमाथाङ्का-विराटनगर (२ सय कि.मि) उत्तर-दक्षिण व्यापारिक मार्ग समयमा नै सम्पन्न गरी जलविद्युत र जडीबुटी निर्यातमा सहजता ल्याउनुपर्छ। इलाम-झापा-मोरङ-उदयपुरलाइ जोडी नयाँ औद्योगिक कोरिडोर निर्माण गर्न थप लगानी गर्ने, पूर्व-पश्चिम आर्थिक करिडोर बनाउने र विराटनगरमा बल्क कार्गो ह्यान्डलिङ र सङ्कलन केन्द्र बनाइ रेल र सडक जोड्ने योजना कार्यान्वयन गर्नुपर्छ। यी सुधारले निर्यात समय ३० प्रतिशतले घट्ने र  यसवाट वार्षिक ५ अर्ब रुपैयाँको थप व्यापार हुने सम्भावना छ।

### ६.६ सूचना प्रविधि र चौथो पुस्ताको औद्योगिकीकरण

कोशी प्रदेशमा क्लमगकतचथ ४.० मा लगानी बढाएर औद्योगिक प्रतिस्पर्धा बलियो बनाउन सूचना प्रविधि (IT) र चौथो पुस्ताको औद्योगिकीकरणमा नीतिगत सुधार आवश्यक छ। सन् २०२४ मा नेपालवाट करिव ५५ अर्व रूपैयाँ वरावरको सूचना प्रविधि उत्पादन निर्यात भएकोमा कोशी प्रदेशको हिस्सा ५ प्रतिशत मात्र रहेको छ। यो अवस्थालाई सुधार्न धरानमा एकसय रोपनीमा क्ट पार्क बनाउन लगानी गरी स्टार्टअप र रोबोटिक्स उद्योगलाई प्रोत्साहन गर्नुपर्छ। क्ट र क्लमगकतचथ ४.० उद्योगलाई १० वर्षसम्म ५० प्रतिशत आयकर छुट, ५ वर्ष पूर्ण छुट, र उपकरण आयातमा भन्सार छुट दिनुपर्छ, र विराटनगर र धरानमा बक्, डेटा साइन्स, र ब्लक चेन तालिम केन्द्र बनाउनु पर्दछ । उपर्युक्त कदमले सन् २०२६ सम्म कोशीको क्ट निर्यातमा हिस्सा १५% पुग्छ, र १०,००० रोजगारी सिर्जना हुन्छ।

### ६.७. युवा जनशक्ति र शिक्षा-स्वास्थ्य सम्बन्धी सुविधा

कोशी प्रदेशवाट हुने युवा पलायन रोकेर रोजगारी र समृद्धिको वातावरण बनाउन युवा जनशक्ति, शिक्षा, र स्वास्थ्य सुविधामा सुधार जरूरी छ। वढ्दो युवा पलायनको चुनौती समाधान गर्न जलविद्युत, IT, र पर्यटनमा वार्षिक पचास हजार युवालाई तालिम दिइ प्रति युवा ६ महिनाको तालिम र रोजगार ग्यारेन्टी दिनुपर्छ। विराटनगरमा पाँचसय शैय्याको अस्पताल बनाउने र प्राविधिक विश्वविद्यालय स्थापना गर्नु पर्दछ । हालको मदन भण्डारी प्रौद्योगिक विश्व विद्यालयको विस्तार गर्न थप लगानी आवश्यक छ ।  प्रदेशमै रोजगार गर्ने युवालाई २ वर्षसम्म मासिक अनुदान तथा स्टार्टअपका लागि ५ लाखसम्म बिना ब्याज ऋण दिनुपर्छ। यी सुधारले युवा पलायन ५० प्रतिशत घट्छ, र सन् २०२६ सम्म थप २५ हजार युवा रोजगारमा संलग्न हुन्छन्।

### ६.८. प्रतिस्पर्धी र पारदर्शी वातावरण

लगानी सम्मेलनको विश्वसनीयता र दीर्घकालीन सफलताका लागि कोशीमा प्रतिस्पर्धी र पारदर्शी नीति बनाउनु आवश्यक छ, किनभने नीतिगत अस्पष्टता, पूर्वाधारको अभाव एवम् सुविधाको असन्तुलित वितरणले लगानी प्रभावित हुन्छ। यो समस्यालाई सम्बोधन गर्न जलविद्युत (१०), IT (१५), र पर्यटन (२५) गरी ५० परियोजनाको प्रोजेक्ट बैंक बनाई प्रत्येक परियोजनाको लागत र प्रतिफल विश्लेषण सार्वजनिक गर्नुपर्छ। औद्योगिक पूर्वाधार (जस्तै IT पार्क) मा निजी-सार्वजनिक साझेदारी (PPP) मोडल लागू गर्न नीति बनाई ५ वर्षमा १० एएए परियोजना सञ्चालन गर्नुपर्छ, र लगानी र व्यापार नियमन गर्न स्वतन्त्र आयोग गठन गरी भ्रष्टाचार र अनियमितता रोक्न पारदर्शी मापदण्ड बनाउनुपर्छ। यस्ता सुधारले लगानी सम्मेलनको सफलतालाइ निश्चित गर्दछ ।

# ७ लगानी प्रवर्धनमा गुजरातको आर्थिक सफलता र कोशी प्रदेशका लागि सिकाइः एक अध्ययन

भारतको पश्चिमी राज्य गुजरातले विगत दुई दशकमा आर्थिक विकास, औद्योगिकीकरण र लगानी आकर्षणमा उल्लेखनीय प्रगति हासिल गरेको छ। सन् २००० देखि २०२३ सम्ममा गुजरातको कुल गार्हस्थ्य उत्पादन वार्षिक औसत १० प्रतिशतले वृद्धि भएको र सन् २०२२-२३ मा यसले भारतको कुल प्रत्यक्ष वैदेशिक लगानीको करिब ३३ प्रतिशत हिस्सा ओगटेको छ। यो सफलताले गुजरातलाई भारतका अन्य राज्यहरुको तुलनामा औद्योगिक र लगानीको केन्द्र बनाएको छ । अर्कोतर्फ, नेपालको कोशी प्रदेश, जुन प्राकृतिक स्रोत र सम्भावनाले भरिपूर्ण भए पनि लगानी आकर्षण र आर्थिक प्रगतिमा पछाडि परेको छ। सन् २०२३ को तथ्याङ्कअनुसार कोशीले नेपालको कुल वैदेशिक लगानीको मात्र ५% आकर्षित गरेको छ, र यसको आर्थिक वृद्धिदर ४.२% मात्र रहेको प्रदेशलाइ गुजरातले अवलम्वन गरेको प्रयासले पाठ दिन सक्दछ । अध्ययनको यो खण्डमा गुजरातको सफलताका आधारहरु, नीतिगत सुधारहरु र कोशी प्रदेशले त्यसबाट सिक्न सक्ने पाठहरुलाई विश्लेषण गर्दै व्यावहारिक सुझावहरु प्रस्तुत गरेको छ । ।

गुजरातको सफलताको पहिलो आधार यसको भौगोलिक रणनीतिक स्थान हो। १ हजार ६सय किलोमिटर लामो समुद्री तट र मुन्द्रा, काण्डला, दाहेज जस्ता ठूला बन्दरगाहहरुले गुजरातलाई अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बनाएका छन्। मुन्द्रा बन्दरगाह, जुन भारतको सबैभन्दा ठूलो निजी बन्दरगाह हो, सन् २०२२ मा १५ करोड टनभन्दा बढी मालसामान ह्यान्डल गरेको छ। यो सुविधाले पेट्रोकेमिकल, कपडा, औषधि जस्ता निर्यातमुखी उद्योगहरुलाई फाइदा पुर्याएको छ। साथै, गुजरातले नीतिगत सुधार र लगानीमैत्री वातावरण सिर्जनामा पनि ठूलो ध्यान दिएको छ। सन् २०१५ मा सुरु भएको "गुजरात इजी बिजनेस पोर्टल" ले व्यवसाय स्थापनाको प्रक्रियालाई एक हप्ताभित्रै पूरा गर्न सम्भव बनाएको छ। गुजरात औद्योगिक नीति २०२० ले नयाँ उद्योगहरुलाई १० वर्षसम्म कर छुट, २५ प्रतिशत पूँजी सब्सिडी र सस्तो दरमा जमिन उपलब्ध गराएर लगानीकर्ताहरुलाई आकर्षित गरेको छ। यस्तै, राज्यमा ४० भन्दा बढी विशेष आर्थिक क्षेत्र (एसईजेड) हरु छन्, जसले कम्पनीहरुलाई सीमा शुल्क छुट, जीएसटी छुट र लचिलो श्रम कानुनको सुविधा प्रदान गर्छन्। सन् २००३ देखि सुरु भएको "भाइब्रेन्ट गुजरात ग्लोबल समिट" ले विश्वभरका लगानीकर्ताहरुसँग प्रत्यक्ष संवादको अवसर सिर्जना गरेको छ। सन् २०२३ को समिटमा २८ खर्ब भारतीय रुपैयाँ (लगभग ३४ अर्ब अमेरिकी डलर) बराबरको लगानी सम्झौता भएको गुजरात सरकारको तथ्याङ्कले देखाउँछ।

गुजरातको अर्को बलियो पक्ष हो पूर्वाधार विकास। राज्यमा ५१ हजार १ सय ४५ किलोमिटर सडक सञ्जाल छ, जुन भारतको राष्ट्रिय औसतभन्दा निकै माथि छ। दिल्ली-मुम्बई औद्योगिक करिडोर (डीएमआईसी) को ४० प्रतिशत हिस्सा गुजरातमा पर्छ, जसले १५ खर्ब रुपैयाँको लगानी आकर्षित गरेको छ। ऊर्जा क्षेत्रमा पनि गुजरात अगाडि छ। सन् २०२३ सम्ममा राज्यको कुल ऊर्जा उत्पादन क्षमता ४५ हजार १ सय १५ मेगावाट पुगेको छ, जसमध्ये १४ हजार मेगावाट नवीकरणीय स्रोतबाट आउँछ। चरङ्का सौर्य पार्क जस्ता परियोजनाहरुले निजी लगानीलाई प्रोत्साहित गरेका छन्। यस्तो भरपर्दो र सस्तो ऊर्जा आपूर्तिले उद्योगहरुलाई ठूलो सहयोग पुर्याएको छ। यसबाहेक, गुजरातको उद्यमशील संस्कृति र राजनीतिक स्थिरताले पनि लगानी वृद्धिमा महत्वपूर्ण भूमिका खेलेको छ। सूरतको हिरा उद्योगले विश्वको ९० प्रतिशत हिरा प्रशोधन गर्छ भने अहमदाबाद कपडा उद्योगको केन्द्रको रुपमा विश्वव्यापी रुपमा प्रख्यात छ । गुजरातमा सन् २००१ देखि २०२३ सम्मका राजनीतिक नेतृत्वले लिएको नीतिको निरन्तरताले लगानीकर्ताहरुमा विश्वास बढाएको छ।

कोशी प्रदेशले गुजरातको यी सफलताहरुबाट धेरै कुरा सिक्न सक्छ। पहिलो, नीतिगत सुधार र व्यवसाय सहजीकरणमा ध्यान दिनु जरुरी छ। गुजरातको एकद्वार प्रणालीबाट प्रेरणा लिई कोशीले "प्रदेश लगानी सहजीकरण ऐन" तर्जुमा गरी कार्यान्वयन गर्न सकिन्छ । प्रस्तावित ऐनले परियोजना स्वीकृति, जमिन अधिग्रहण र कर छुट जस्ता प्रक्रियालाई सरल वनाउने व्यवस्था गर्नुपर्दछ । हाल नेपालमा उद्योग स्थापनाका लागि ६ महिनासम्म लाग्ने समयलाई घटाइ वढीमा ४५ दिनमा झार्न सकिए लगानीकर्ताको आकर्षण बढ्नेछ। डिजिटल पोर्टलमार्फत व्यवसाय दर्ता, कर भुक्तानी र लाइसेन्स प्रक्रियालाई एकीकृत गर्नु पनि प्रभावकारी हुन्छ। दोस्रो, कोशी प्रदेशले पूर्वाधार विकासमा गुजरातको सार्वजनिक-निजी साझेदारी (PPP) मोडेल अपनाउन सक्छ। विराटनगर-बिहार र जोगबनी-कटारी सडक मार्ग विस्तार गर्न भारतसँग सहकार्य गर्न सकिन्छ। कोशी प्रदेशमा हाल १ हजार ५ सय किलोमिटर मात्र पक्की सडक छ, जुन अपर्याप्त छ। सुनसरी-मोरङ औद्योगिक करिडोरलाई बलियो बनाउन PPP मोडेलमा लगानी जुटाउनुपर्छ। ऊर्जा क्षेत्रमा पनि कोशीले गुजरातको नवीकरणीय ऊर्जा नीतिबाट सिक्न सक्छ। कोशीमा दश हजार मेगावाटभन्दा बढी जलविद्युत सम्भावना छ, तर सोको सानो अँश मात्र उत्पादन संभव भएको छ । प्रदेशभित्र सम्भाव्य साना जलविद्युत परियोजनाहरु (२०-५० मेगावाट) लाई निजी क्षेत्रलाई प ामा दिएर उत्पादन बढाउन सकिन्छ।

तेस्रो, कोशीले कृषि र उद्योगको एकीकरणमा जोड दिन सक्छ। गुजरातको "अमुल डेरी" मोडेल जस्तै कोशीले चिया, जुट, अलैंची र अदुवाको प्रशोधन उद्योगलाई प्रोत्साहन गर्न सक्छ। सहकारी समितिहरुमार्फत साना किसानहरुलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसँग जोड्न सकिए रोजगारी र लगानी दुवै बढ्नेछ। चौथो, विराटनगर र इटहरी नजिकै विशेष आर्थिक क्षेत्र (एसईजेड) स्थापना गर्नु उपयुक्त हुन्छ। गुजरातमा २५ विशेष आर्थिक क्षेत्रले १० प्रतिशत राष्ट्रिय लगानी ओगटेका छन्। कोशीले कपडा, औषधि र सूचना प्रविधि उद्योगका लागि कर छुट र सस्तो

जमिनको व्यवस्था गरेर यस्तै सफलता हासिल गर्न सक्छ। पाँचौं, कौशल विकास र शिक्षामा लगानी आवश्यक छ। गुजरातको "कौशल्या योजना" बाट प्रेरणा लिई कोशीले युवाहरुका लागि प्राविधिक प्रशिक्षण केन्द्रहरु स्थापना गर्न सक्छ। पूर्वाञ्चल विश्वविद्यालयले कृषि प्रविधि र इन्जिनियरिङमा डिप्लोमा कोर्स सुरु गरेर स्थानीय जनशक्तिलाई सक्षम बनाउनुपर्छ।

तर, कोशीले यी रणनीति लागू गर्दा केही चुनौतीहरु सामना गर्नुपर्ने संभावना उच्च रहेको छ । भू-आवद्ध अवस्थाले कोशीलाई बन्दरगाहसम्म पुर्याउन कठिन छ, यधपी नेपालका अन्य प्रदेशहरू भन्दा कोशी प्रदेश भारतका बन्दरगाहहरू संग नजीक छ । यसको समाधानका लागि भारतसँग सम्झौता गरेर कोलकाता वा हल्दिया बन्दरगाहको विस्तारित प्रयोग गर्न सकिन्छ। राजनीतिक अस्थिरताले नीतिगत निरन्तरतामा समस्या ल्याउँछ, जसलाई ५-१० वर्षे आर्थिक रणनीति बनाएर समाधान गर्नुपर्छ। पूँजी अभावको समस्या हल गर्न विश्व बैंक वा एसियाली विकास बैंक (एडीबी) जस्ता संस्थाबाट ऋण लिन सकिन्छ। साथै, "उत्पादनशील कोशी" जस्तो लगानी सम्मेलन आयोजना गरेर कोशीको सम्भावना (जलविद्युत, पर्यटन, कृषि) लाई विश्वसामु प्रस्तुत गर्नुपर्छ ।

गुजरातको आर्थिक सफलता भौगोलिक लाभ, नीतिगत सुधार, पूर्वाधार विकास र उद्यमशील संस्कृतिको संयोजन हो। कोशीले आफ्नो प्राकृतिक सम्पदा, सीमापार व्यापारको सम्भावना र जलविद्युत क्षमतालाई उपयोग गर्न गुजरातको रणनीति अनुशरण गर्न सक्छ। तर, यसका लागि नेपाल सरकारले प्रदेशलाई नीतिगत स्वायत्तता दिनुका साथै निजी क्षेत्रलाई प्रोत्साहन गर्ने वातावरण बनाउनुपर्छ। गुजरातको तथ्याङ्क र अनुभवले देखाउँछ कि लगानीमैत्री नीति र पूर्वाधारले कसरी क्षेत्रीय अर्थतन्त्रको कायापलट गर्न सक्छ। कोशीले यस्तै पहलकदमी लिएर आफूलाई नेपालको आर्थिक केन्द्रको रुपमा स्थापित गर्न सक्ने सम्भावना प्रबल छ।

# नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश

## वर्तमान कार्यसमिति-२०८०



राजेन्द्र राउत
अध्यक्ष



टिकाराज ढकाल
निवर्तमान अध्यक्ष



भीम बहादुर पौडेल
उपाध्यक्ष



कुमारमणि पोखरेल
उपाध्यक्ष



सुवाष आचार्य
कोषाध्यक्ष



वीरेन्द्रकुमार शाह
कार्यकारिणी सदस्य



धुवलाल श्रेष्ठ
कार्यकारिणी सदस्य



प्रितम खड्गी
कार्यकारिणी सदस्य



ऋषिराज तिम्सिना
कार्यकारिणी सदस्य



प्रकाश शिवाकोटी
कार्यकारिणी सदस्य



राजन श्रेष्ठ
कार्यकारिणी सदस्य



दिपक पाण्डे
कार्यकारिणी सदस्य



रविनकुमार दाहाल
कार्यकारिणी सदस्य



श्रवणकुमार अग्रवाल
कार्यकारिणी सदस्य



भविषकुमार श्रेष्ठ
कार्यकारिणी सदस्य



सरु केसी
सदस्य



देवकीनन्दन अग्रवाल
सदस्य



नरेन्द्रकुमार खड्का
कार्यकारिणी सदस्य (पदेन)



विनोद बस्नेत
आमन्त्रीत सदस्य



यमबहादुर श्रेष्ठ
आमन्त्रीत सदस्य



मनोज विक्रम शाह
आमन्त्रीत सदस्य



नवराज घिमिरे
आमन्त्रीत सदस्य



रामहृदय राय
आमन्त्रीत सदस्य



विजय श्रेष्ठ
आमन्त्रीत सदस्य



मेघराज सिग्देल
आमन्त्रीत सदस्य



राधारमण भण्डारी (श्याम)
कार्यकारी निर्देशक

**Federation of Nepalese Chambers of Commerce and Industry - Koshi Province**

FNCCI is a Government of Nepal accredited umbrella orgtanization of Private Sector in Nepal which is recognized nationally and internationally. Organized as a representative body of business organizations in the country, it represents the interest of private sector and is involved in promotion of socio-economic development of Nepal through private sector led economic growth.

